# संघीय संसद
# राष्ट्रिय सभा
# सोह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २१ असार २०८१
# शुक्रवार
# बैठक सङ्ख्या- २५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा बिहानको ११:१८ बजे प्रारम्भ भयो।

(११:२७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू,राष्ट्रिय सभाको आजको बैठकको कारवाही प्रारम्भ हुन्छ, राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब म, उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

विषयः कार्यभार तोक्नुभएको सम्बन्धमा।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले मौजुदा मन्त्रिपरिषद्का देहाय बमोजिमका मन्त्रीहरूले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उल्लिखित मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरी जिम्मेवारी तोक्नुभएको बेहोरा सादर अनुरोध गर्दछु।

श्री रघुवीर महासेठ - उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री
श्री पदम गिरी - कानुन, न्याय तथा संसदीय मामिला मन्त्री
श्री ज्वाला कुमारी साह - कृषि तथा पशुपन्छी विकास मन्त्री
श्री बलराम अधिकारी - भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री

श्री दामोदर भण्डारी - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री

श्री भगवती चौधरी - महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री

श्री राजेन्द्र कुमार राई - खानेपानी मन्त्री

श्री हरिप्रसाद उप्रेती - रक्षा मन्त्री

(डिल्लिराम शर्मा)

सचिव

२०८१ असार २०

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१ अन्तर्गत विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित माननीय मन्त्रीज्यूहरूले जवाफ दिने कार्यतालिकामा सामान्य हेरफेर गरेको छु। जस अन्तर्गत आज महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मनत्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; कृषि तथा पशुपंक्षी विकास मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; खानेपानी मन्त्रालय; अर्थ मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; गृह मन्त्रालय; रक्षा मन्त्रालय; राष्ट्रपतिको कार्यालय; उपराष्ट्रपतिको कार्यालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालयसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीहरूले जवाफ दिने क्रम प्रारम्भ हुन्छ।

सर्वप्रथम माननीय सदस्यहरू, म अब माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्याललाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(११:३० बजे) माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री डोल प्रसाद अर्याल:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले वि.सं. २०८१ असार १९ गते बुधवार राष्ट्रिय सभाको विनियोजन विधेयक माथिको छलफलमा सहभागी भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका विषयमा धारणा व्यक्त गर्नु भएका माननीयज्यूहरू माननीय श्री झक्कु प्रसाद सुवेदी, माननीय श्री भगवती न्यौपाने, माननीय श्री गोपी बहादुर सार्की आछामी, माननीय श्री सुमित्रा वि. सी, माननीय श्री मनरुपा शर्मा र माननीय श्री विष्णु बहादुर विश्वकर्मा

लगायत माननीयज्यूहरूलाई धन्यवाद दिन चाहन्छु। विनियोजन विधेयक, २०८१ का सम्बन्धमा सङ्घीय संसदको राष्ट्रिय सभा बैठकमा मन्त्रालयगत विनियोजन शीर्षक अन्तर्गत भएको छलफलको क्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको वार्षिक विकास कार्यक्रम तथा बजेटका सम्बन्धमा माननीय सदस्यहरूबाट पेस भएका प्रस्ताव र उठान भएका विषयवस्तुहरू म एकचोटी जानकारी गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, माननीय श्री झक्कु प्रसाद सुवेदीज्यूबाट युवाहरूका बाध्यतावश वैदेशिक रोजगारीका लागि खाडी मुलुक गएका छन्। आन्तरिक रोजगारलाई प्रवर्धन गर्दै वैदेशिक रोजगारीमा जाने प्रवृत्तिको न्यूनीकरण गर्नुपर्ने, वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन वैदेशिक रोजगारीमा जाने व्यक्तिलाई दिइने अभिमुखीकरण तालिमका लागि बजेट न्यून रहेको, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूका लागि सिप, तालिम, रोजगारी, उद्यमशीलता विकास कार्यक्रमहरू विनियोजन विधेयकमा रहेको र तिनलाई प्रभावकारी बनाउनु पर्ने। त्यसैगरी माननीय भगवती न्यौपानेबाट वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उत्पादनशील काममा लगाउने योजना कार्यान्वयन गर्नुपर्ने। त्यसैगरी माननीय श्री गोपी बहादुर सार्की आछामीबाट सातवटै प्रदेशमा सम्पन्न भएको श्रमाधान रोजगार मेलाबारे सबै पक्षबाट सकारात्मक पृष्ठपोषण प्राप्त भएको, वैदेशिक रोजगारीमा जानु पूर्व आवश्यक पर्ने सिप विकास तालिमको प्रबन्ध सम्बन्धी विकास विषय सकारात्मक रहेको। वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको ज्ञान, सिप र पुंजी उत्पादनशील क्षेत्रमा लगानी गरी उत्पादन वृद्धि र रोजगारी सिर्जनामार्फत राष्ट्रिय पुंजी अभिवृद्धि गर्ने कार्यक्रम राम्रो रहेको लगायत सुझाव दिनुभएको छ। त्यसै गरि माननीय श्री सुमित्रा वि.सी. बाट श्रमिकहरूले विदेशिनु पर्दा आवश्यक कागजात बनाउन झमेला बेहोर्नु परेको, स्वास्थ्य परीक्षण राजधानीका निश्चित संस्थाहरूबाट गर्नुपर्ने अवस्था विद्यमान रहेको, योग्यता र सिप अनुसार नेपाल मै रोजगारीको अवसर सिर्जना गर्नुपर्ने, वैदेशिक रोजगारीका प्रक्रियाहरूमा सरलीकरण गर्नुपर्ने। त्यसैगरी माननीय श्री मनरुपा शर्माद्वारा स्वदेश मै युवाहरू रोक्ने तर्फ सरकारको ध्यान जानुपर्ने, विदेशबाट फर्किएका व्यक्तिहरूका लागि सञ्चालित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने। त्यसैगरी माननीय श्री विष्णु बहादुर विश्वकर्माबाट वैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या अधिक रहेको र यसमा अवसर र चुनौती दुवै रहेका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि रिटर्नी उद्यमशीलता विकास सम्बन्धी कार्यक्रमहरू रहेको लगायत उहाँहरूले सुझाव र केही आफ्ना जिज्ञासाहरू, प्रश्नहरू राख्नु भएको देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, अब म समष्टी रूपमा माननीयज्यूहरूबाट राखिएको प्रश्न, दिनुभएको सुझाव माथि आफ्नो मन्त्रालयको तर्फबाट केही धारणाहरू राख्न चाहन्छु। सम्माननीय

अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८१ को विभिन्न शीर्षकहरूमाथि भएको छलफलका क्रममा भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका शीर्षकहरूमाथि माननीयज्यूहरूबाट यस सम्मानित सदनमा महत्त्वपूर्ण विषयहरू उठान भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। माननीयज्यूहरूको यस मन्त्रालयका सम्बन्धमा प्रश्नभन्दा सम्पादित कार्यका विषयमा सकारात्मक समर्थन पाएको म महसुस गरेको छु। आगामी दिनका कार्यक्रमहरूको प्रभावकारिताका लागि माननीयज्यूहरूले दिनुभएका सुझावहरूको मुख्यतः आन्तरिक रोजगारी, वैदेशिक रोजगारी, श्रम सम्बन्ध योगदानमा आधारित सामाजिक सुरक्षा, सिप विकास र सेवा प्रवाहका सन्दर्भमा मलाई राम्रो कार्य सम्पादनका लागि मार्गदर्शन गर्ने छन्। नेपाली युवाहरू रोजगारीका लागि बाध्यात्मक रूपले विदेशिनु पर्ने अवस्थालाई अन्त्य गर्न देश भित्रै मर्यादित काम तथा उत्पादनशील रोजगारी पाउने वातावरण सुनिश्चित गर्ने प्रमुख उद्देश्यका साथ तिनै तहका सरकार एवं निजी क्षेत्र र सरोकारवालाहरूको सक्रिय सहभागितामा मिति २०८१ जेठ १७ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट कोशी प्रदेशमा उदघाटन भई जेठ ३० गते बागमती प्रदेशमा समापन भई श्रमाधान रोजगार मेलाको पहिलो सत्र सातवटै प्रदेशमा सम्पन्न भएको छ। सिप विकास, उद्यमशीलता, आप्रवासन सेवा, रोजगार सेवा लगायत सबै प्रकारका श्रम तथा रोजगार सेवाहरू स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट एकद्वार र एकीकृत रूपमा प्रदान गर्न एकीकृत श्रम तथा रोजगार सेवा सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय तहबाट नै श्रम र रोजगार सम्बन्धी सेवाहरू एकीकृत रूपमा प्रवाह भइरहेको छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३३ को (ग) र ३९ को (ङ) बमोजिम नेपाली नागरिकहरूले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको सिप, पुँजी प्रविधि, ज्ञान र अनुभवको उपयोग गर्दै उद्यमशीलता प्रवर्धनमार्फत उत्पादनशील रोजगार कार्य र स्वरोजगार कार्यक्रम सिर्जना गर्नको लागि विभिन्न दातृ निकायहरूको सहयोगमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनः एकीकरण सम्बन्धी परियोजनाहरू कार्यान्वयन भइरहेको छ। स्वदेश मै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना, रोजगार प्रवर्धन कार्यक्रम जस्ता विविध कार्यक्रमहरू सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा सञ्चालनमा रहेका छन्। वैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूको ज्ञान, सिप र पुँजीलाई स्वदेशमा उपयोग गर्ने गरी रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने तयारी भइरहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आर्थिक वर्ष २०८०।०८१ को असार १९ गतेसम्म बाउन्न हजार पाँचसय आठजनाले औषत एकासी दिनको रोजगारी प्राप्त गरेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरी सिप विकास र उद्यमशीलतासँग आबद्ध गर्ने गरी प्रक्रिया अगाडि बढाइएको छ। श्रम बजारमा उपलब्ध रोजगारीका अवसर र रोजगारी

खोजिरहेका श्रमिकहरू बिच तादम्यता कायम गर्न रोजगार बैङ्कको रूपमा कार्य गर्न राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने प्रक्रिया अगाडि बढाइएको छ। वैदेशिक रोजगारीबाट फर्कि नेपालमा उद्यम गरेका उद्यमीहरूलाई राष्ट्रिय पुरस्कार वितरण गर्ने कार्य नियमित रूपमा सञ्चालन भइरहेको छ।

सम्माननीय अध्यक्ष महोदय, श्रम स्वीकृतिको लागि निर्णयको तह घटाई दुई सिफ्टमा कार्यालय सञ्चालन गरी एक घण्टा भित्रै श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरिएको छ। साथै, श्रम स्वीकृतिको दैनिक कोटा हटाइएको छ र चौबिसै घण्टा आवेदन दिने व्यवस्था मिलाइएको छ। जसबाट नागरिकले हैरानी, लागत र समय घटेको छ। वैदेशिक रोजगारीमा जानुपूर्व श्रम स्वीकृति लिनका लागि आवश्यक पूर्व प्रस्थान अभिमुखीकरण तालिम PDOT लाई क्रमशः निःशुल्क र यथासक्य न्यूनतम शुल्कमा गर्ने गरी अध्ययन र आवश्यक गृहकार्य भइरहेको छ। वैदेशिक रोजगार सम्बन्धी सूचना तथा परामर्श प्रदान गर्ने कार्यलाई आगामी आर्थिक वर्ष २०८१।०८२ देखि ७७ वटै जिल्ला र ७५३ वटै स्थानीय तहमा विस्तार गरिएको छ। साथै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, पहुँचयोग्य बनाउने उद्देश्यले व्यक्तिगत र पुनः श्रम स्वीकृत सम्बन्धी सहजीकरण सेवा ७५३ वटै स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्र मार्फत हुने व्यवस्था गरिएको छ। वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिइने क्षतिपूर्ति बापतको रकम सात लाखबाट बढाई दश लाख हुने गरी प्रस्ताव गरिएको छ। अङ्ग भङ्ग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता तथा छात्रबृत्ति सम्बन्धी सेवालाई समेत अनलाइन मार्फत प्रदान गर्ने व्यवस्था मिलाइएको छ। वैदेशिक रोजगार बोर्डको तथ्याङ्कअनुसार २०७८/०७९ देखि चालु आर्थिक वर्षको जेठ मसान्तसम्म वैदेशिक रोजगारीमा गएका नेपालीहरूको चार हजार असीको मृत्यु तथा बाह्र सय बैसट्ठी जना अङ्गभङ्ग भएका छन् भने निज वा तिनका परिवारलाई रु दुई अर्ब चौध करोड छत्तिस लाख सत्ताइस हजार आर्थिक सहायता उपलब्ध गराइएको छ। वैदेशिक रोजगारीको सन्दर्भमा हुने अनेकन् ठगी लगायतका गुनासाहरू र श्रमाधान कल सेन्टरमा प्राप्त भएका सबै प्रकारका गुनासाहरूको समयमै सम्बोधन गर्ने व्यवस्था गरिएको छ। साथै इजाजत प्राप्त संस्थाहरूबाट मन्त्रालय र मातहतका निकायहरूले कमिसन उठाएको सूचना प्रमाणसहित दिएमा दोषीलाई चौबिस घण्टाभित्र कारबाही हुने बेहोरा जानकारी गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, विदेशमा अलपत्र परेका नेपाली कामदारहरूलाई उद्धार गरी तत्काल आश्रय प्रदान गर्न चारवटा देशहरू ओमन, कुबेत, साउदी अरब र इजरायलमा वैदेशिक रोजगार बोर्डबाट रु. पन्ध्र लाखका दरले जम्मा रकम रु. साठी लाख उपलब्ध गराइएको छ।

यो नियोगहरूलाई उपलब्ध गराइएको जानकारी गराउन चाहन्छु। कतार, मलेसिया, दुबई, युएई, साउदी अरब, दक्षिण कोरिया, बहराइन, कुबेत, ओमनमा श्रम काउन्सिलर र श्रम सहचारी परिचालन गरिएको छ। साथै कुटनीतिक नियोगसँग प्रभावकारी समन्वय गरिएको छ। श्रमिकहरूको हक, हितलाई ध्यानमा राखी नयाँ थप श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि बढाइएको छ। सोही अनुरूप जर्मनी र रोमानियासँग नयाँ सम्झौता भएको छ। आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट वक्तव्यमा प्रमुख श्रम गन्तव्य मुलुकहरूसँग द्विपक्षीय सम्झौता गरिने विषय समेत उल्लेख भएको सो को गृहकार्य आरम्भ भएको छ।

सम्माननीय अध्यक्ष महोदय, आन्तरिक सिपमूलक तालिमतर्फ सबै प्रतिष्ठानबाट हालसम्म करिब दुई हजार पाँच सयजनालाई सिप विकास सम्बन्धी विभिन्न तालिमहरू प्रदान गरिएको छ। र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको माग बमोजिमका तालिमहरू सञ्चालन गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ। प्रदेश सरकार समेतको साझेदारी र गन्तव्य मुलुकहरूको सहयोगमा प्रदेशस्तरमा आवासीय सुविधासहितको आधुनिक प्रशिक्षण केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइएको छ। सामाजिक सुरक्षाको दायरा विस्तार गर्दै वैदेशिक रोजगारीमा रहेका नागरिक र विदेशमा स्वरोजगारमा रहेका नागरिक स्वदेशमै स्वरोजगारमा रहेका नागरिक औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक गरी हालसम्म चौध लाख ससठ्ठी हजार तिन सय छत्तिस  व्यक्ति योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत भएका छन्। २०८१ जेठ १७ गतेदेखि स्वरोजगार अनौपचारिक क्षेत्र तथा वैदेशिक रोजगारीमा जाने योगदानकर्ता र निजका परिवारले पनि सामाजिक सुरक्षा कोष अन्तर्गतको औषधि उपचार सुविधा प्राप्त गर्ने व्यवस्था लागु भएको र यस अघि कम्तिमा नौ महिना योगदान गरेका योगदानकर्तालाई मात्र उक्त सुविधा दिने व्यवस्था भएकोमा अबदेखि तिन महिना मात्र योगदान भएपनि माथि उल्लिखित सुविधा पाउने व्यवस्था गरिएको छ। साथै योगदानकर्ताले दुर्घटना उपचार खर्च बापत रु. १ लाख प्राप्त गर्ने व्यवस्था रहेकोमा उक्त रकम वृद्धि गरी रु. सात लाख प्राप्त गर्ने व्यवस्था गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, वैदेशिक रोजगारीलाई प्रभावकारी बनाउन श्रम इजाजत प्राप्त कम्पनी, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, श्रम तथा रोजगार कार्यालयहरूबाट प्रवाह हुने सेवालाई भरपर्दो र व्यवस्थित बनाउन सेवा प्रवाहसँग सम्बन्धीत कार्यमा प्रविधिलाई पूर्ण रूपमा उपयोग गर्ने नीति लिएको छ। वैदेशिक रोजगारीमा गएका कामदारहरूलाई कार्यस्थलमा आइपर्ने स्वास्थ्य सम्बन्धी समस्याहरूका सम्बन्धमा परामर्श उपलब्ध गराउनका

लागि टेलि-मेडिसिन सेवा सञ्चालन गरिएको छ। वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्दा र उजुरीको फछ्र्यौट गर्ने कार्य योजना तयार गरी सोही बमोजिम अनुगमन कार्यलाई तीव्रता दिएको छ। मन्त्रालयले दीर्घकालीन रूपमा आन्तरिक रोजगारी, स्वरोजगारी, उद्यमशीलता र उत्पादन प्रोत्साहन गर्ने तथा अल्पकालमा श्रम गन्तव्यको स्थानान्तरण मार्फत वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र उपलब्धिमूलक बनाउने गरी नीति तथा कार्यक्रम अघि बढाइएको छ। आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट मुलुक भित्र रोजगारी प्रवर्धन र असल श्रम सम्बन्ध विकास गर्दै थप उत्पादनशील रोजगारीका अवसरहरू सिर्जना गर्ने। श्रमिकको हक, हित एवं पेशागत सुरक्षा प्रदान गर्ने, मर्यादित कार्य वातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन गर्ने, वैदेशिक रोजगारीलाई थप सुरक्षित र मर्यादित र व्यवस्थित बनाउने तथा सिपयुक्त जनशक्तिको विकास गरी रोजगार र स्वरोजगारी प्रवर्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धी गर्ने काममा मन्त्रालयको ध्यान केन्द्रित भएको छ। छलफलको क्रममा यस मन्त्रालयका सम्बन्धमा प्रश्न सोध्नु हुने र विभिन्न सुझावहरू दिने माननीयज्यूहरूलाई पुनः एकपटक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, मैले श्रम मन्त्रालय सम्हालिसकेपछाडि नेपालमा हाल सञ्चालनमा रहेका सबै व्यवसायी साथीहरूसँग, निजी क्षेत्रसँग र विभिन्न समस्यामा परेका नागरिकहरूको विभिन्न छलफल र त्यसका हामीलाई प्राप्त सूचनाहरूको आधारमा आगामी वर्षदेखि लागु हुने गरी विदेश जाँदा खेरि बैङ्कले बिना धितो ऋण उपलब्ध गराउने र विदेश जाँदाखेरि व्यवसायीहरूलाई तिर्नु पर्ने सेवा शुल्क पनि न्यूनतम सेवा शुल्क हामीले चाहिँ निर्णय गराएर जुन अहिले बजारमा हरेक वर्ष करिब दुई खर्ब एक अर्ब भन्दा बढीको ठगी भएको सूचना प्राप्त भइराखेको छ। त्यसको अन्त्य गर्ने प्रयास गरिएको छ। त्यसकारणले मैले माननीयज्यूबाट आएको यो सुझाव र यो प्रश्नहरूलाई आफ्नो एउटा मार्गदर्शन र मैले आफूले गर्नुपर्ने मेरो क्षेत्रबाट, मेरो विवेकले, मैले मेरो क्षमताले भ्याएसम्म  रोजगारीलाई व्यवस्थित र सुरक्षित गर्नेदेखि आन्तरिक रोजगार स्वरोजगार उत्पादनको लागि त्यसमा पहल गर्ने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु।धन्यवाद। नमस्कार।

(११:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। विनियोजन विधेयक अन्तर्गत

सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु।

स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्य राधेश्याम पासवान।

(११:४७ बजे) <u>माननीय श्री राधेश्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, मन्त्रीज्यूले राखेका विषयहरूमा मैले राखेको प्रश्नको अलि जवाफ आएन। त्यसकारणले जिज्ञासा हो मेरो नेपालबाट जाने युवाहरूले म्यानपावरहरूले तपाइको दश हजार हाम्रो नेपाल सरकारले लिने निर्णय गरेको छ। तर म्यानपावरहरूले तिन लाखसम्म उठाउने, चार लाखसम्म उठाउने गरीएको छ। यसलाई व्यवस्थित कसरी गर्ने एउटा जिज्ञासा नत्यो हो। अर्को जिज्ञासा के हो भने विदेशमा हाम्रो युवाहरू काम गर्न गएको छ अरू देशको यवाहरूलाई तलबहरू बढी हुन्छ होला तर हाम्रो देशबाट जाने युवाहरूको तलब कम छ। यसलाई पनि कसरी व्यवस्थित गर्ने हो? भन्ने मेरो जिज्ञासा हो। धन्यवाद।

(११:४८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म, माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याललाई समय उपलब्ध गराउँछु।

(११:४८ बजे) <u>माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री डोल प्रसाद अर्याल</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूको प्रश्नमा जवाफ छुटेकोमा क्षमाप्रार्थी छु। यहाँले अहिले गर्नुभएको प्रश्न र विगतमा पनि त्यही गर्नु भएको थियो होला भन्ने आशा गर्दै यहाँको जिज्ञासाको जवाफ दिन कोसिस गर्नेछु। नेपालबाट विदेशिने तमाम नागरिकहरू मैले अघि पनि अलिकति अन्तिममा भनेको थिएँ। यसलाई हामीले सुक्ष्म तरिकाले अध्ययन गऱ्यौं । मेरो करीब एकसय चौबिस दिन यसपटकको मन्त्रालय बस्दै गर्दा मैले यसमा धेरै नै अध्ययन र एउटा निर्णय गर्ने तयारीमा फाइल पनि अगाडि बढेको अवस्था छ। मैले अघि एउटा डाटा भनेको थिएँ। दुई खर्ब एक अर्ब साठी करोड रुपैयाँ चाहिँ हरेक वर्ष गैरबैङ्किङ् च्यानलमा उठिरहेको मेनपावर व्यवसायीहरूले उठाइरहेको नेपाली नागरिकहरूसँग जो विदेश जाँदै हुनुहुन्छ

उहाँहरूसँग भन्ने एउटा डाटा तथ्याङ्कमा पनि हामीले काम गरिरहेका छौं। त्यसकारणले यो भनेको यहाँले बुझ्नु भएकै कुरा हो। नेपाल सरकारले १० हजार रुपैयाँ वा फ्री टिकट फ्री भिसा वा १० हजार रुपैयाँ सेवा शुल्क लिएर विदेश पठाउन पाउने जुन निर्णय गऱ्यौं । त्यो निर्णय गर्दा कति दुरगामी अध्ययन गरेर त्यो निर्णय गरियो त्यो विषयमा म बहस गर्न चाहदिँन। तर जुन निर्णयले गर्दा अझ व्यवसायमा व्यवसायीहरूलाई आफूले रकमहरू असुल्ने बिचमा बिचौलियाहरूले रकमहरू असुल्ने तर नागरिकहरू विदेश गइसक्दा जाँदै गर्दाखेरि दश हजार रुपैयाँको मात्रै उहाँहरूलाई रिसिप्ट दिने र दुःख पाएर अथवा विविध कारणले विदेश फर्कन पऱ्यो भने उहाँहरूले त्यो दश हजार भन्दा बढी उजुरी बाजुर गरेर प्राप्त गर्न नसक्ने कानुनी अवस्था त्यसकारणले यो एउटा चाहिँ जटिल र अत्यन्तै यो दर्दनाक अवस्था हामीले अध्ययन गरिसके पछाडि हामीले त्यसैका आधारमा मैले अघि पनि भने कोही पनि नेपाली नागरिक बाध्यतावश विदेश जानु पर्छ र उहाँसँग रकम छैन भने मिटर ब्याज, सहकारी अथवा चोकेब्याज अथवा कहीँ आफ्ना जायवजेथा बेचेर विदेश जान नपरोस् भनेर जानु नै पर्दा पनि थोरै रकम तिरेर जानु पर्ने वातावरण बनाउनु पर्छ भनेर यसलाई अत्यन्तै राम्रो अध्ययन गरेर हामीले सेवाशुल्कको विषयमा छलफल गरिरहेको र जसले गर्दा नेपाल सरकारलाई अर्बौं रुपैयाँ कर प्राप्त हुने र व्यावसायीहरूले पनि बैङ्क रूपमा आम्दानी गर्ने र नेपाली नागरिकहरू नठगिने भनेर यसमा तयारी गरिएको छ। त्यसकारणले यो हामीलाई जानकारी छ। मैले त एभरेजमा मैले करिब एकजना नेपाली नागरिकसँग तिन लाखभन्दा बढी पैसा उठाएको भनेर हामीले यो एभरेजमा यो निकाले रै यसमा हामीले काम गरिरहेको हुनाले मलाई आशा छ छिट्टै यो एउटा व्यवस्थित र मर्यादित हुनेछ भन्ने मलाई आशा छ। यहाँले बुझ्नु भको र हामी समाजले बुझिराखेको अवस्था नै यहाँले चाहिँ जानकारी गराउनु भएको हो भन्ने मलाई लाग्छ। र अर्को यहाँले विदेशमा नेपालीहरूले चाहिँ किन कम सेवा सुविधा अथवा स्यालरी पाउँछन्? किन अरु देशकोले त्यही विदेशमा चाहिँ अरु देशबाट पनि विदेशहरू गएका छन्। तर हामीले चाहिँ कम पाउने अरुले किन बढी पाउने भन्दै गर्दा मसँग यहाँ अनुमति नै भएन र मसँग सम्भावना छैन नत्र म ग्राफमा एउटा लेखेर देखाउन चाहन्थेँ। यो चाहिँ हजुरको के छ भने हामीले मैले अघि मेरो आफ्नो जवाफ दिने क्रममा पनि सिपमूलक कुरालाई हामीले **training** लाई चाहिँ प्राइरोटीमा राख्नु पर्छ। र हामी तालिमहरूलाई चाहिँ बढवा दिनुपर्छ भनेको अर्थ चाहिँ नेपाली नागरिकहरू र अरु देशको नागरिकहरू विदेश जाँदा खेरि हामी चाहिँ केही पनि नसिकिकन एक्दमै raw विदेश जाने हामी फलानो देश जाने भनेपछि त्यो देश जाने मात्रै बुझेर गयौं। तर अरु देशको नागरिकहरू चाहिँ केही न केही सिकेर जानुभयो। केही न केही जानेर जानु भयो। सुरुमा जाँदा खेरि सबै एउटै लाइनमा हुनुहुन्छ। तर तिन महिना पछि अरु देशको नागरिकहरू चाहिँ सुपरभाइजर हुँदै

म्यानेजर हुँदै अगाडि बढ्नुहुन्छ। तर नेपाली नागरिकहरू चाहिँ त्यही तलको लाइनमा बसिरहनु भयो किनभने उहाँसँग कुनै पनि अनुभव भएन। त्यसकारणले यो चाहिँ जटिल अध्ययनले देखाएको यो भएको कारणले हामीले मैले अघि पनि भने हाम्रो प्रशिक्षण, प्रतिष्ठान जुन बनेको छ। यसले चाहिँ अब देशै भरि सिप सिकाउनु पर्‍यो । तालिमहरू दिनु पर्‍यो । जसले गर्दा विदेश जानु अगाडि केही तालिम लिएर जान सकियो भने यहाँहरूले बुझ्नु भएको जस्तो अब नेपाली नागरिकले पनि अरु देशको नागरिकहरूले जस्तै राम्रो सेवा सुविधा र स्यालेरीहरू पाउनु हुनेछ भन्ने त्यसमा हामीले अध्ययन गरिरहेका छौं र आउने दिनमा त्यो गर्न सकिन्छ भन्ने मलाई लाग्छ। र नेपाली नागरिकहरूले अरु देशका नागरिकहरूले जस्तै सम्मानजनक तरिकाबाट त्यही लेभलको सेवा सुविधा पाउनुहुनेछ भन्ने मेरो आशा छ। हवस् त धन्यवाद। नमस्कार।

(११:५३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(११:५३ बजे) माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री सुमना श्रेष्ठः- सम्माननीय अध्यक्षज्यू, समयको लागि धेरै धन्यवाद। यो बजेट कसरी निर्माण भयो। यसमा यो १२० लगभग दिनको experience बाट कतिवटा नीतिगत रूपमा सुधार गर्नुपर्ने रहेछ र कतिवटा चाहिँनी policy gaps हरू छ भन्ने कुरा पनिम हजुरहरूको प्रश्न दिने दौरानमा राख्न पनि चाहन्छु। र अन्त्यम हजुरहरूको specific questions हरूमा पनि म जान्छु। यसपालि बजेट निर्माण गर्दै गर्दाखेरि हामीले मूलतः तिन चारवटा प्रश्न सोध्यौं। एउटा हामीले गरिराखेको कार्यक्रमहरूले हामीले सोंचेअनुरूप प्रतिफल दिइराखेको छ कि छैन? उदाहरणको लागि हामीले दिवा खाजा यो विद्यार्थीहरू चाहिँनी खास स्कुलमा टिकाउनको लागि गरेको हो। यो एकदमै देश/विदेशको research ले पनि भन्छ। यो एकदमै effective intervention हो भनेर। हैन त्यसले खास प्रतिफल दिइराछौं कि छैन भनेर अहिलेसम्म हामीले खास नगर्‍या रहेछौं। दोस्रो स्यानिटरी प्याड। स्यानिटरी प्याड चाहिँनी हाम्रो छात्राहरूलाई विद्यालयमा उनीहरूको absentism increase भयो भनेर हामीले वितरण गर्न सुरु गर्‍या रहेछौं। तर त्यसलाई चाहिँने basic foundation त्यो विद्यालयमा शौचालय छ कि छैन? त्यो विद्यालयमा पानीको व्यवस्था छ कि छैन? यो कुरा

चाहिँनी हामीले ध्यान नदिएका रहेछौं होइन। भनेपछि यो एउटा fundamental question थियो। मैले के आश गरेको छु भन्दाखेरि यो प्रश्न चाहिँ हामीले हरेक बजेट विनियोजन गर्दाखेरि सोच्छौं अबदेखि। हामीले जे सोचेको थियौं त्यसको प्रतिफल आइराखेको छ कि छैन? दोस्रो चाहिँनी हामीलाई जति बजेट उपलब्ध गराइएको थियो मन्त्रालय समाल्दै गर्दाखेरि अनि त्यसैबाट सिलिङ आइसकेको थियो। मैले हामीले के सोच्यौं भन्दाखेरि दिएको सिलिङमा सबैभन्दा बढी प्रतिफल कसरी ल्याउने र कुन कुन intervention design गर्ने भनेर। त्यसपछि अर्को हामीले हामी जुन भन्छौं हामी समाजवादउन्मुख भनेर धेरै त्यो कसरी अहिलेसम्म बजेट विनियोजन गऱ्यारहेछ भनेर राष्ट्रपति शैक्षिक सुधारको data पनि public गरिदिसकें। हामी एकदमै निर्वाचन क्षेत्र केन्द्रित भएका रहेछौं। भनेपछि यो बजेट अब विनियोजन गर्दा खेरि सङ्घीय मन्त्रालयले यो स्कुल त्यो स्कुल भनेर सङ्घले पालिकाको स्कुल छान्ने होइन कि पालिका आफैंले छानोस् भनेर जतिवटा कुरा सङ्घले नीति निर्माणमा जति ध्यान दिनुपर्ने हो त्यत्ति ध्यान दिन सकौं हामीहरू मन्त्रालय, सचिवज्यू, सहसचिवज्यूहरू, उपसचिवज्यूहरू त्यसलाई time free up गर्नको लागि जति काम पालिकास्तरबाट गर्नुपर्ने हो पालिकास्तरबाटै गरौं भनेर पनि एकदम दृष्टि बनाएर यसपालिको यो १००० वटा कक्षा कोठा बनाउने हाम्रो करिब २.५ साढे दुई अर्बको बजेट थियो। त्यो धेरै रकम हामीले पालिकामा २४० जति पालिकामा हामीले पहिल्यै पठाइसकेका छौं र त्यो पालिका पनि कसरी छान्यौं। यसपालिकाको बजेट बनाउँदा खेरिको मूल प्रश्न आफुले आफैलाई हरेक चोटि के सोंधे भन्दाखेरि सबैभन्दा धेरै गरिबी भएको, सबैभन्दा मानव सूचकाङ्कको हिसाबले सबैभन्दा पछाडि परेकोमा हामी केन्द्रित हुनुपर्छ भनेर। त्यहि सिलसिलामा त्यो साढे दुई अर्बको भौतिक कक्षाकोठा बनाउनेमा त्यो समाजसँग मिलेरै बनाउनु पऱ्यो । समुदायसँग मिलेरै बनाउनु पऱ्यो । समुदायलाई जोड्नु पऱ्यो । जोडेर बनाउनु पऱ्यो । त्यसमा श्रमदान हुन्छ कि त्यसमा त्यहींको local material use गरेर हुन्छ कि? त्यो गऱ्यौं भने त्यहाँको अर्थतन्त्र पनि चलायमान हुन्छ। न कि सबै import गरेर सबै सर्लक्क पैसा बाहिर पठाउने होइन भनेर २२ वटा टोटल २२ वटा जिल्लामा गा'छ। चारवटा जिल्ला बाहेक सबै जिल्लाहरू हाम्रो तराई क्षेत्रको छ। पहिलो चोटि मधेस प्रदेशमा एक अर्बभन्दा बढी बजेट पालिकामै दिएर भौतिक पूर्वाधारको लागि केन्द्रित गरिएको छ। So यसरी चाहिँनी हामीले बजेट बनाउँदा खेरि अर्को उदाहरण जहिले पनि हामीले नमुना स्कुल भन्छौं। राम्रोलाई झन् राम्रो होइन कि सबैभन्दा कमजोरलाई atleast average मा ल्याऔं भनेर हामीले कार्यक्रमहरू ल्याएका छौं। यो भयो overall बजेट कसरी बजेट बनाउँदाखेरिको दृष्टि के थियो भनेर यो मैले अलिकति व्याख्या गरें। अब म शिक्षा मन्त्रालयको बजेट कसरी चाहिँनी यो विनियोजन भएको छ। अलिकति बताउन चाहन्छु।

यो वित्तीय हस्तान्तरणमा मार्फत सशर्त अनुदानका रूपमा १.४ खर्ब जुन हाम्रो शिक्षा मन्त्रालयको यसपालिको ७०% हुन आउछ। जसमध्ये चाहिँनी ७०% शिक्षकको तलब मै जान्छ। अर्को विद्यार्थीको छात्रवृत्ति, पाठ्यपुस्तक इत्यादि मा जान्छ। यो चाहिँनी वित्तीय हस्तान्तरण भएर पालिकामा जान्छ। त्यसपछि प्रदेशमा मूलतः यो CTEVT को Technical र Vocational Education को त्यसको लागि ४.६ अर्ब जुन बजेटको करिब २% हो। त्यो चाहिँनी प्रदेशमा हस्तान्तरण हुन्छ। र सङ्घमा जति रकम छ ५७.७ अर्ब त्यो बजेटको २८% हो। त्यसले चाहिँनी सङ्घीय मन्त्रालयका सबै निकायहरूको, विश्वविद्यालयको UGC, उच्च शिक्षा र जिल्ला इकाईका कर्मचारीहरूको, चिकित्सा शिक्षा आयोगको त्यसपछि यो चिकित्सा शिक्षालाई दिने छात्रवृत्तिको यो चाहिँनी आङ्गिक क्याम्पसहरूलाई सबै चाहिँनी २८% बाट हामीले ब्यालेन्स गर्छौं है। यो चाहिँनी तीनै तहमा सङ्घीय मन्त्रालयको बजेट कसरी separate हुन्छ भनेर भने। त्यसछि अब बजेटलाई म हजुरहरूलाई के निवेदन गर्न चाहन्छु भने कसरी चाहिँनी यो अनिवार्य दायित्व, पुँजीगत र नयाँ कार्यक्रममा जान्छ भनेर म भन्न चाहन्छु। यो entire बजेटको ९३% अनिवार्य दायित्वमा जान्छ। ९३% हाम्रो अनिवार्य दायित्व छ। र त्यसपछि यसपाली ६.६% चाहिँनी हाम्रो पुँजीगत खर्छमा जान्छ जानेवाला छ। यो मैले अघि पनि निवेदन गरे यसलाई विस्तृत रूपमा भूकम्प गएको ठाउँमा पुनर्निर्माण गर्नु छ। त्यहाँ एउटा chunk जानेवाला छ। र त्यसपछि यो हजारवटा कक्षा कोठाको मैले निवेदन गरें। र अर्को चाहिँनी हामीले पालिका wise यो wash facility भएको Bathroom हरू निर्माण गर्नको लागि केही बजेट छुट्याएका छौं। त्यसरी चाहिँनी यो पुँजीगतमा यसरी जान्छ। र यो अघि मैले हजारवटा कक्षा कोठाको भन्दै गर्दाखेरि हामीले २०७२ सालको भूकम्प पछि जतिवटा जिल्ला चाहिँनी पुनर्निर्माणमा पऱ्याथ्यो। त्यो जिल्लाहरूलाई चाहिँ त्यतिबेला take care भइसक्यो भनेर यता तराई बेल्टमा फोकस गरेको हो। र त्यसपछि नयाँ कार्यक्रमहरूको लागि जम्मा ०.४% बजेट छ। हाम्रो fiscal flexibility भनेको अहिलेको बजेटमा यति मात्र हो। यसमा हामीले नयाँ कार्यक्रमहरू राखेका छौं। जुन आज विद्यार्थी आफूले पनि महसुस गरेर कहाँ चाहिँनी मलाई सहयोग चाहिँएको छ। दुर्गममा विद्यार्थीलाई कहाँ सहयोग चाहिँन्छ। हाम्रा विद्यार्थीहरूलाई अघि पनि हजुरहरूको प्रश्नहरू सोध्नुभा'थ्यो। हाम्रो माननीय मन्त्रीज्यूले भन्नुभो विद्यार्थीहरूलाई सिप चाहिँ कसरी दिने त? भनेर। धेरैवटा कुरा चाहिँनी मैले शिक्षा मन्त्रालय सम्हाल्दै गर्दा मैले के बुझें भन्दा नीतिगत रूपमा यदि हामीले सुधार पैसा नपर्ने नीतिगत रूपमा यदि हामीले सुधार गर्ने हो भने सुधारका धेरै धेरै पाटो रहेछन्। र यो हुँदै गर्दा हामीले के के कुरामा नयाँ कार्यक्रम चाहिँ ल्याछौं। एउटा शिक्षक portal अहिलेसम्म पनि हाम्रा तथ्याङ्कहरू एकदम छरपस्ट रहेछन्। तिनवटा निकायमा तिनवटा different फरक किसिमको यो शिक्षकहरूको आईडी, सेवा आयोगमा शिक्षकको उत्पत्ति

हुन्छ। मानव श्रोत केन्द्रमा शिक्षकलाई तालिम हरेक महिनाको त्यो रेकर्ड हुन्छ। त्यसपछि पेन्सन पट्टा बनाउँदाखेरि किताबखाना हुन्छ। यसरी चाहिँनी हरेक ठाउँमा शिक्षकको आईडी फरक अनि कुन शिक्षकलाई अहिलेसम्म के तालिम दिएको छ? भनेर सबै छरपस्ट छ भनेपछि यदि हामीले शिक्षा अनि हाम्रो अब शिक्षक सरुवाको त्यो पनि नरहेछ। कानुन पनि नरहेछ। त्यो पनि बनाइयो। भनेको अब यदि हामीले शिक्षामा मूलभूत रूपमा change गर्ने हो आजको भोलि हुँदैन तर तिन वर्षपछि चारवर्ष पछि हेर्ने हो भनेचाहिँ कुन शिक्षकलाई कस्तो खाले तालिम चाहिँन्छ। उहाँको अहिलेसम्मको performance के छ? उहाँ कुन कुन विद्यालयमा बस्नुभयो? त्यो विद्यालयमा बस्दा खेरि उहाँको outcome के भयो? त्यो चाहिँनी हेर्न सक्ने level को लागि र यो शिक्षक सरुवामा बढुवामा यो एकदम एकरुपता ल्याउनको लागि चाहिँ शिक्षक पोर्टलको हामीले विकासको लागि बजेट छुट्याएका छौं। त्यसपछि अघि पनि निवेदन गरें। हामीले राम्रोलाई झन राम्रो त गर्नै पर्छ। तर सबैभन्दा कमजोरलाई पनि atleast average मा ल्याउनु पर्छ भनेर विद्यालय रूपान्तरणको कार्यक्रम ल्याएका छौं। त्यसपछि एकदम महत्त्वपूर्ण यो यसपालि पनि हामीले सुरु गरिसकेका छौं। यो peer mentoring को concept। यहाँहरू सबैलाई पनि आफ्नै experience बाट पनि थाहा होला। मेरो experience बाट पनि राम जिराम भाइको experience बाट पनि यो कोर्सबाट चाहिँनी effectively सिकाउँदा खेरि effective हुन्छ भन्दाखेरि आफ्नो दाइदिदीबाट सिक्दा खेरि अथवा आफ्नै कक्षाकोठाको पढ्न अब्बल विद्यार्थीबाट अथवा आफूँभन्दा ठुलो सबैजनाले यो शिक्षक भन्ने title बोक्नै पर्दैन। सिक्ने हो महत्त्वपूर्ण भनेपछि यो peer mentoring को हाम्रो शिक्षक विषयगत शिक्षकको अभाव भएको यो त सर्वविदितै छ यो काम गर्नु पर्ने छ। कसरी काम गरिराछौं त्यो पनि मैले निवेदन गर्छु। यस्तो खालको चाहिँनी हामीले कार्यक्रम राखेका छौं। peer mentoring को लागि र यही पटकको SEE को नतिजामा अब उच्च शिक्षामा अब्बल गर्ने विद्यार्थीलाई हाम्रा विश्वविद्यालयका आङ्गिक क्याम्पस यो निजी, सामुदायिक, constituent सबैबाट चाहिँनी आफ्नो नजिकैको स्कुलमा विद्यालयमा चाहिँनी one and one पढाइदिने त्यो व्यवस्था हामीले भनेर सबै विश्वविद्यालयलाई निर्देशन पनि दिइसकेको छौं। यही concept हो peer mentoring को। यही concept हो साथीसँग सिकाइको। त्यसपछि अर्को भनेको career counselling को हाम्रो विद्यार्थीहरूलाई पहिलेदेखि नै आफूले के गर्ने? मेरो दक्षता के मा छ? मेरो रुची केस्मा छ? समाजमा नेपालमा होस् विदेशमा होस् के के चाहिँनी opportunities छन् त्यो त भन्दिनु पर्छ। त्यो सिकाउनु पर्छ। Resume लेख्न सिकाउनुपर्छ। अन्तर्वार्ता दिन सिकाउनुपर्छ। काम गर्न सिकाउनुपर्छ भनेर career counselling को अवधारणा ल्याएका छौं। यही अनुरूप हामीले यो पाइलट फेजमा cgs.moest.gov.np भनेर Website पनि Launch गरेका छौं। जसमा जतिपनि information छ। हाम्रो छात्रवृत्ति के केस्मा छ। लोक

सेवा पनि एउटा option हो। भए भरको छुट्टिमा के गर्न सकिन्छ। के भन्छ Free मा कहाँ कहाँ additional resources छ भनेर सबै प्रेरणादायी कथा सबै समेटेर हामीले Website Launch पनि गरिसकेक छौं। र यो Website अस्ति थाहा पाएँ। थेरै राजनीतिक दलहरूले पनि आफ्नो career counselling को कुरा सुरु गरेका छन्। यसका लागि म सबैजनालाई धन्यवाद पनि भन्न चाहन्छु। र एकदम महत्त्वपूर्ण जुन हाम्रो यो विषयगत शिक्षक enough छैन भन्ने कुरामा एक हजार जना विद्यार्थीहरूलाई train गरेर चाहीनी स्कुल स्कुलमा पठाउने पालिका पालिकामा पठाउने त्यो पनि हामीले व्यवस्था ल्याएका छौं। त्यसको लागि पनि बजेट निर्धारण गरेका छौं। हाम्रो fundamentally गर्नु पर्ने कामहरूमा यसपालि एकदमै जोड दिएका छौं। जसरी हाम्रो तथ्याङ्क collection विश्लेषण र तथ्याङ्कको आधारमा बनाउने गर्ने निर्णय policy interventions को लागि हाम्रो एकदम महत्त्वपूर्ण विभाग भनेको ERO हो यो शैक्षिक गुणस्तर परीक्षण केन्द्र हामीले गुणस्तर गुणस्तर गुणस्तर भन्छौं गुणस्तर भनेको के हो? त्यो त concrete मा हामी सबैजना एकै ठाउँमा आउनु पर्‍यो । यो SEE को नतिजा हो कि? यो पाँच class बेलाको यो NASA test हो कि? यो तिन class बेलाको NASA test हो कि के हो त? र त्यो विभाग जबसम्म यो अहिले परिकल्पना गरेजस्तो सवल अलिकति स्वायत्त हुँदैन। Some Governance perspective as well र हामीले गुणस्तर सुधारको लागि के गर्ने र यो वर्ष यो policy interventions गरेपछि त्यो गुणस्तरमा कति सुधार भयो भनेर हामीले measure त गर्नु पर्‍यो होइन। त्यसको लागि पनि यो ERO लाई सबलीकरण गर्ने र साथै अब हामी सबैले शिक्षा मन्त्रालय मात्र भन्छौं तर खास यसमा विज्ञान तथा प्रविधि पनि जोडिएको छ। यसमा धेरैवटा कार्यक्रम हामीले ल्याएका छौं। हामीले जबसम्म प्रविधि Technology उत्पादनसँग जोड्न सक्दैनौं हामीले अरु देशमा Technology यस्तो छ। हामी विदेशमा जाँदाखेरि फोटो खिचेर राख्छौं। हाम्रो देशमा किन छैन भनेर हामीलाई कौतुहलता हुन्छ नि? भनेपछि हाम्रो base line के हो त? हाम्रो Technology को Base Line के हो त भनेर स्थापना गर्नु पर्‍यो । यो त सुरु गर्नु पर्‍यो भनेर त्यस्तोको लागि पनि विज्ञान तथा प्रविधिमा Base Line लिनुको कार्यक्रम हामीले त already एउटा Launch पनि गरिसक्यौं। थापाथली क्याम्पसका विद्यार्थीहरूसँग internship मार्फत उहाँहरूले survey गर्ने। विभिन्न हाम्रो industry मा उद्योगमा तपाईंहरूले १० वर्ष अगाडिको प्रविधि प्रयोग गरिराखुभएको छ कि? हालसालको। म तपाईंहरूलाई उदाहरण दिन्छु। हामीले hemp use गर्ने भन्छौं। अरुले अल्लो युज गर्ने भन्छौं। यत्तिकै त use गर्न मिल्दैन। त्यसलाई Cotton सँग mix गर्नु पर्छ कि? त्यसलाई silk सँग mix गर्नु पर्छ कि? हामी सँग त्यत्ति साँच्चै technology नेपालमा छ कि छैन त? त्यो त थाहा हुनु पर्‍यो । जब हामीले यस्तो कुराको अनुसन्धान गर्छौं र हामी कहाँ छौं थाहा हुन्छ। अब के गर्ने भनेर मार्ग प्रशस्त हुन्छ। यस्तो काम हामीले विज्ञान तथा प्रविधि side

बाट राखेका छौं। र Industry Academia Interface हामीले श्रम बजारमा जोड्ने हो भने श्रम बजारमा रोजगार दिने मान्छेहरूलाई अब यो curriculum ले तिनीहरूलाई चाहिँने जनशक्ति उत्पादन भइराखेको छ कि छैन? त्यो उमेरको Feedback लिनुपर्छ भन्न र यो कार्यक्रम पनि Launch गरेका छौं। यसै गरेर नयाँ कार्यक्रमहरू शिक्षा र विज्ञान प्रविधिमा फरक फरक हिसाबले हामीले राखेका छौंम। तर मैले फेरि भन्छु नयाँ कार्यक्रमको लागि हाम्रो fiscial space जम्मा ०.४% छ भनेपछि हामीले एकदम ध्यान दिनुपर्ने र यो चाहिँनी सभामा भन्न पनि चाहन्छौं। यो विधेयकहरू आउदै गर्दा खेरि नयाँ नयाँ विश्वविद्यालय खोल्ने भन्दै गर्दा खेरि राज्यको additional दायित्व पर्छ भने अब जति पनि हामीले म पछिको शिक्षा मन्त्रालय जो भए पनि जति पनि fiscial space हुन्छ झन् त्यो साँघुरो हुँदै जान्छ र ठाउँ नै हुँदैन। त्यसकारण अब चाहिँनी अनिवार्य दायित्व सिर्जना गर्ने कुरामा चाहिँनी हामी सबै जना एकदमै चौकन्या हुनुपर्छ। गर्ने ठाउँमा गर्नु पर्‍यो । गर्दा खेरि प्रतिफल आइराखेको छ कि छैन। म उदाहरण पनि दिन्छु। नेपाल विश्वविद्यालयमा अब यसपालि capital expenditure कम राखेको छ। खास २०७९ सालको यो अर्थ मन्त्रालयको पत्र हेर्ने हो भने अर्थमन्त्रालयले यो विधेयक सदनमा पेस हुनुलाई नै के condition राखेको थियो भन्दाखेरि हामीले यो access road बनाइदिन्छौं। त्यो भन्दा बाहेक केही गर्न सक्दैनौं। आफ्नै यो विकास समितिले चाहिँनी यसलाई चाहिँने capital पुँजीगत खर्च जुटाएपछि मात्रै यो विधेयकलाई हामी accept गर्छौं भनेर लेखेको रहेछ। भनेपछि अब हामीले सोंच्नु पर्ने चाहिँनी अब additional capital expenditure को लागि दिँदै गर्दा खेरि विद्यालय शिक्षामा हामीले कसरी take care गर्छौं? संविधानले त विद्यालय शिक्षा निःशुल्क भनियाछ हैन। उच्च शिक्षामा त हामीले loan प्रावधान राख्न सक्छौं। उच्च शिक्षामा त एउटा बालक ठुलो भइसकेको हुन्छ। भोट हाल्न सक्ने नागरिक हुन सक्छ। आफैंले काम गर्न सक्छ। भनेपछि त्यसलाई उच्च शिक्षालाई चाहिँनी अझै stable बनाउँनु पर्यो । लोनमार्फत हुन्छ कि के मार्फत। तर आफ्नो मत राख्न नसक्ने साँच्चै निमुखा हुने बालबालिकाहरू उहाँहरूको लागि चाहिँनी हामीले बढी बजेट चाहिँनी छुट्याउनु पर्छ होला भनेर मैले निवेदन पनि गर्न चाहें। अनि यो भन्दै गर्दाखेरि म तिन चारवटा कुरा मैले बुझेको कुरा पनि भन्छु। हामीले अब पनि computer education मा computer science मा ध्यान नदिने हो भने चाहिँनी हामी एकदम पछाडि पर्छौं। त्यसकारण पनि यो १००० जना स्वयंसेवक नाम त जे दिए पनि भयो। १००० जना विद्यार्थीहरूलाई जुन परिचालन गरेर internship को मार्फत परिचालन गर्ने भनेको छौं। त्यो एकदम एकदम महत्त्वपूर्ण हुन्छ। हाम्रोमा तथ्याङ्क किताबखानाको तथ्याङ्क अनुसार जम्मा २० जना मात्रै स्थायी कम्प्युटर साइन्सको विषयगत शिक्षक छन्। जम्मा २० जना। अब २० जना शिक्षकले ७०% of community school मा कसरी भ्याउने? त्यसकारण हाम्रो धरातल त्यहाँ छ।

मैले निवेदन पनि गर्न चाहें। हामी विद्यालय शिक्षामा focus नगर्ने हो भने उच्च शिक्षाको लागि विद्यार्थी पाउँदै पाउँदैनौं।

त्यसकारण एकदम महत्त्वपूर्ण ECD देखि लिएर १२ कक्षासम्म चाहीनी हामीले विद्यार्थीहरूको take care गर्नै पर्छ। र भएको श्रोत साधनले कसरी उहाँहरूलाई कम्प्युटर साइन्समा जोड्ने कसरी यो नयाँ ज्ञानमा नयाँ सिपमा जोड्ने भनेर अब हामीले ध्यान नदिने हो भने चाहिँनी too late हुन्छ। मैले यत्तिनै निवेदन गर्न चाहें। र अर्को मैले यो उत्तरको दौरान पनि यो भन्दै गर्दा खेरि हजुरहरूले राखु भएको प्रश्नहरूको पनि धेरै उत्तर आउछ होला। मैले यो १२० दिनमा थाहा पाएको यो हाम्रो सामुदायिक विद्यालयहरूमा हामीले एउटा भाष्य निर्माण गरेका छौं। गरिबको विद्यार्थीहरू छोराछोरीहरू सामुदायिकमा जान्छन्। धनीका निजीमा भनेर। त्यो होइन। हाम्रोमा के छ? हामी जस्ता नेताका पहुँच पुगेका मान्छेहरूको छोराछोरीले निजीमा जान्छन्। र पहुँच नभएका  यो जनप्रतिनिधि भनेको यस्तो ठुलो पद नअटेका आफ्नो नाम अगाडि माननीय  भन्ने नभनेएका छोराछोरी चाहिँ सामुदायिकमा जान्छन् भाष्य correct गरौं।

हाम्रो यो नेपाल living standard survey ले के देखाएको छ। नेपालमा २०% जति चाहिँनी एकदम गरिब छन् भनेर तर सामुदायिक विद्यालयमा हाम्रा ७०% विद्यार्थीहरू पढ्छन् भनेपछि यो सबै गरिबका छोराछोरी मात्रै सामुदायिकमा पढ्छन् भन्ने यो जुन sentence शब्द हामी प्रयोग गरिरहेको गर्छौं। जुन गलानी महसुस गर्छौं। त्यो ग्लानी चाहिँ correct way मा महसुस गरौं। नेता जति यो उच्चस्तरिय शिक्षा आयोगको प्रतिवेदनमा पनि एउटा लेखिएको छ। राज्य कोषबाट तलब सुविधा लिने कसैको बच्च, सन्तति, शिक्षा प्रेमी भन्ने कसैको सन्तति बच्चाहरूलाई चाहिँनी निजी स्कुलमा भर्ना गर्नै नदेउ भनेर पनि लेखेको छ। अब हामीले शिक्षामा एकदम fundamental रूपमा change परिवर्तन ल्याउने हो भने incentive align गरौं। हामी त नीति बनाउने ठाउँमा छौं। त्यो नीति यहाँ पनि छलफल होस् भनेर म अध्यक्षज्यू समक्ष निवेदन पनि गर्न चाहन्छु। र त्यसपछि आउछ विश्वविद्यालय। विश्वविद्यालयहरूमा हामीले हाम्रा professors हरूलाई कति तलब दिन्छौं? त्यो तलबमा उहाँहरूले research कति गर्नुहुन्छ। उहाँहरूले पढाउन कति त्यो sprit के हुन्छ? त्यसमा हामीले ध्यान दिन जरुरी हामीले यो मलाई धेरैवटा निवेदन फाइलहरू आउछ जसमा चाहिँ यो पूर्व पूर्व के भन्छ खै नाम नलिउँ उहाँहरूले यो आङ्गिक बनाउनलाई approach गरेको तपाईंले पनि approach गर्नुपर्छ। मैले माग्ने जहिले माग्ने business plan खोइ त? कतिजना विद्यार्थीहरू यसबाट लाभान्वित हुन्छन्? हामीले कलेजहरूलाई पनि यो प्रतिष्ठाको कुरा बनाइदिने हो भने मैले चाहिँनी मेरो निर्वाचन क्षेत्रमा यो लगें भनेर घोषणा गर्ने हो भनेत हामीले अनिवार्य दायित्व थप्या थप्यै गर्छौं। Already ९३% छ। अनि additional

कहाँ टेकेर गर्ने त? हैन? र यो निःशुल्क भन्या हामीले यो शब्ददेखि चाहिँ मलाई साँच्चै डरै लाग्न थालिसक्यो। निःशुल्क यदि गर्ने हो भने त्यसको financial feasibility त सुनिश्चित गरेपछि पो यो निःशुल्क भनेर भन्न सक्नु पर्‍यो । हामीले त्यो ऐन पनि ल्याएका छौं हैन। र यो निःशुल्क भन्दै गर्दा खेरि र extreme job security हुँदै गर्दा खेरि यहाँ माननीयज्यूहरूले सोध्नु पनि भएको छ। यो SEE को नतिजा NG को। एउटा म तथ्याङ्क पेस पनि गर्न चाहन्छु। जति पनि विद्यार्थीहरूको NG आए। त्यसमा सामुदायिक विद्यार्थीहरूको प्रतिशत चाहिँनी ८८% हो। यो सत्य हो तर सामुदायिक विद्यालयमा पढ्ने सबैजनाको चाहिँनी ५% के भन्छ NG आउने प्रतिशत ८८% हो भन्ने चाहिँनी गलत हो हैं। सामुदायिक विद्यालयमा NG आउने प्रतिशत ६४% हो। र प्राइभेट स्कुलमा निजी विद्यालयहरूमा NG आउने प्रतिशत २१% जति हो। यो हो तथ्याङ्क। हामीले के गर्‍यौं जति पनि **NG** आएका छौं उनीहरूको निजी र सामुदायिकमा छुट्यायौं र त्यहि percentage हो भनेर भन्दै हिड्याछौं। त्यो चाहिँ होइन। यो मैले यहाँहरूलाई निवेदन गरें। र अब मैले consultancy हरूको यो वैदेशिक सम्बन्धनको यो निर्देशिका र त्यसको कार्यान्वयनको पाटो हेर्दै गर्दा खेरि मलाई चाहिँनी के लाग्यो भन्दाखेरि हामी चाहिँ एउटा एकदमै vicious cycle मा फस्या छौं। हामीले सामुदायिकमा निःशुल्क भन्छौं गरिबको भनेर मैले अघि पनि भने गरिबको सन्तान चाहिँनी सामुदायिकमा पढ्छ यो भाष्य होइन। पहुँच नपुगेका मान्छेहरूको सन्तान सामुदायिकमा पढ्छ भन्ने भाष्य चाहिँ सही होला तर हाम्रो भाष्य त्यहि छ। त्यो भाष्य छ। र अब हाम्रो ऐन पनि छ २०७५ सालको निःशुल्क तथा अनिवार्य शिक्षा भनेर त्यो ऐन लागु गर्दै गर्दा खेरि हामीले न दरबन्दी enough दिन सकेका छौं र सामुदायिक विद्यालयमा यो कसैले दान दिन सक्छ। त्यो ऐन हेर्ने हो भने व्यवस्थापन समितिमा १० लाख दान गरेको मान्छे अथवा १० वर्ष सम्म विद्यालयलाई आर्थिक रूपमा सहयोग गरेको मान्छे मात्रै खास दातृको कोटाबाट व्यवस्थापन समितिमा बस्न पाउँछ। त्यो पनि हामीले हेर्‍या छैनौं। तर कुनै यदि प्र.अ. ले मेरो विद्यार्थीहरूको लागि कम्प्युटर साइन्स पढाउँछु मैले अघि पनि निवेदन गरें जम्मा २० जना छन्। म कम्प्युटर साइन्स पढाउँछु भनेर केही गर्न खोज्यो भने चाहिँ ए यो त ऐन विपरीत हुन्छ भनेर हामीले धेरै जना निजी स्कुलहरूले मुद्दा पनि लगाएका छन् राम्रा प्र. हरूलाई। अवस्था धरातल यो हो। तर अब सामुदायिक विद्यालय र हाम्रो उच्च शिक्षा हामीले निःशुल्क र एकदमै सबैजनालाई हुनुपर्छ पहुँच भनेपछि हामीले loan को concept मै गएनौं। पहुँच भन्ने वित्तिकै कम शुल्कमा गयौं र आङ्गिक क्याम्पसहरू पनि धेरै खोल्यौं। अब त त्यो merger को route मा जानुपर्छ विद्यार्थीहरू नभएको कारणले हाम्रो declining fertility rate को ले तर हामीले के गर्‍यौं भन्दा consultancy हरूलाई चाहिँनी छ वर्षदेखि अनुगमन नै नगर्द्या रहेछौं। अनुगमन नै नगर्द्या रहेछौं। होइन? Education Consultancy हरूलाई जसले यो

Manpower को पनि अलि अलि काम गर्छ त्यहाँ पनि केही अनुगमन छैन। अनि यो वैदेशिक सम्बन्धनको पनि २०५९  सालको निर्देशिका cabinet बाट पास भएको निर्देशिका दुई चोटि संशोधन भयो। २०७२ र २०७४ मा। २०७२ सालमा नै के लेखिया छ त्यो निर्देशिकामा भन्दा जति पनि विदेशि सम्बन्धन लिएका छन्। तिनीहरूको quality चाहिँ राम्रो हुनुपर्छ हैं भनेर भन्या रहेछौं। पाँच वर्ष समयावधि दिएर कि तिमीहरू यो times ranking मा हजारभन्दा भित्रकोमा आउ कि होइन भने तिमीहरू गज्जबको छ भनेर embassy बाट पत्र लिएर आउ भन्ने भन्यारहेछ। त्यो पनि हामीले अनुगमन नगऱ्यारहेछौं। केही पनि अनुगमन नगऱ्यारहेछौं। र झन विदेशी सम्बन्धनकोमा त कुन level को वेथिति रहेछ भन्दाखेरि त्यो सहसचिव level को मा जाँदा पनि जादैंन। एउटा शाखा अधिकृतले मज्जाले approve गर्दै बस्ने रहेछ। यो level को वेथिति रहेछ। र अहिलेसम्म हामीले त्यसमा clearly अनुगमन, त्यसको साँच्चिकै गुणस्तर छ कि छैन। केही पनि नहेरी बस्याफेरी । अब यो vicious cycle भएन त? पहुँच भएका मान्छेहरूको बच्चाहरू निजीमा पढ्छन्। आफैंले Scholarship यता उति apply गरेर विदेश जान्छन्। पहुँच नभएका विद्यार्थीहरू अथवा अभिभावकका बच्चाहरू यो सामुदायिक स्कुलमा पढ्छन् र उहाँहरूलाई additional career counseling केहि पनि अहिलेसम्म provide नगरेर अब चाहिँनी यही consultancy र यो वैदेशिक सम्बन्धन भनेर भन्छौं तर त्यो चाहिँनी फिटिक्कै फिटिक्कै अनुगमन नगऱ्या रहेछ।

त्यसैले यो vicious cycle यदि तोड्ने हो भने यो जुन consultancy को हामीले नवीकरण र अनुगमनको पाटो यो मन्त्रालयले सुरु गरिसकेको छ र वैदेशिक सम्बन्धनको पनि हामीले काम सुरु गरेका छौं। यसलाई चाहिँ continuity दिनुपर्छ। यो continuity दिएन भने हामीले जति नै यो यहाँ सदनमा उठेर सामुदायिक विद्यालयहरूको अवस्था यो भयो भन्छौं त्यो correction हुँदैन। यो मैले भन्नै पर्छ। यो नीतिगत रूपमा पैसा नपर्ने तर system fix गर्ने तरिका हो। अब म प्रश्नहरूको सिलसिलामा जान्छु। ए अनि अर्को एउटा हाम्रो teacher absenteeism नराम्रो रहेछ। हाम्रा दूरदराजको विद्यालयहरूमा। एउटा teacher absenteeism शिक्षक कक्षा कोठामा किन नहुने भन्दा खेरि यहाँ मैले माननीयज्यूको  एउटा प्रश्न पनि सोधैं। शिक्षकको काम भनेको दशदेखि चारसम्मको काम हुँदै होइन। यो जागिर होइन। शिक्षक भनेको एउटा vocation हो। त्यसैले हामीले संविधानमा पनि शिक्षा यो व्यापार होइन। त्यसकारण यो चाहिँनी समाजवादको सिद्धान्तमा सबै बच्चाहरूलाई हामीले चाहिँनी पढाउनै पर्छ भनेर लेखेको हो। त्यसकारण यो शिक्षामा चाहिँ म जागिर खान जान्छु। पहिला दुर्गममा पोस्टिङ लिन्छु। अनि राजनीतिक आधारमा सर्लक्क सुगममा आउछु। यसको पनि हामीले तथ्याङ्क विश्लेषण गरेका छौं। यो नराम्रो

छ।दुर्गमबाट सुगम कति transfer हुन्छ भनेर हेर्ने हो भने त्यसको पनि तथ्याङ्क नराम्रो त्यसकारणले हामीले seniority को आधारमा transfer हुनुपर्छ भनेर ल्याएका छौं। त्यसमा additional changes त गर्नै पर्छ। कुनै पनि कानुन त १००% पहिलो चोटि perfect हुँदैन। त्यसलाई परिमार्जन गर्दै लाने हो। तर यो पनि पैसा नपर्ने तर हाम्रो विद्यालयहरू सुधार्ने एउटा strong पाटो हो। यो मैले यहाँहरूलाई निवेदन गर्न चाहें। र यही सिलसिलामा शिक्षकहरूले यो भएकै कानुन हामीले चाहिँ लागु गर्नुपर्छ। कार्यकारिणी पद राजनीतिक दलमा लिन पाइदैन। यो ऐनै छ। यो यही सभाबाट पास भएको ऐन छ। त्यो त कार्यान्वयन गर्न पर्छ। शिक्षकहरूलाई हामीले कक्षा कोठामा राख्ने पर्छ र शिक्षक भनेको दशदेखि चारसम्मको जागिर हो भन्ने concept बाट मुक्त हुनुपर्छ। एउटा शिक्षकको राम्रो चार बजेपछिको तिमीले राम्रो गरिराख्याछौं। तिमी किन कक्षा हिंजो class मा नआएको भनेर सोधिदिने एउटा शब्दले धेरै प्रभाव पार्छ। त्यसकारण शिक्षक यो पेशा is a vocation. It’s not a job. It’s called for civic duty. अहिलेको अवस्थामा त It’s call for civic duty. यो लागु गराउन म यहाँहरूको I request हजुरहरूको सहयोग पनि हरेक राजनीतिक पार्टीको सहयोग पनि म माग्छु तर मैले यो सहयोग मेरो लागि मागेको होइन। मैले यो सहयोग हाम्रै देशका भविष्यलाई मागेको हो। अहिले तपाईंहरूले यो SEE को नतिजा को जम्मा दुई लाख बाइस हजार मात्रै Graded भए। दुई लाख चौबिस हजार Non Graded भए। यो दश कक्षाको। अब बाह्र गएपछि के हुन्छ सोच्नु। बाह्र गएपछिको Pipeline के हुन्छ सोच्नु। अनि हामीले लोक सेवाको लागि मान्छे कहाँबाट खोज्ने। हामीले Engineers कहाँबाट खोज्ने? हामीले Plumber कहाँबाट खोज्ने? यो चाहिँनी एकदम भयावह स्थिति छ। यो मैले हजुरहरूलाई निवेदन गरें। देशलाई धरातल के हो? म यो निवेदन गरें। अब म प्रश्न माननीयज्यूहरूको प्रश्नमा जान्छु। खर्च कटौतीको प्रस्ताव राख्नु भएका माननीय पदमज्यू। यो विभिन्न शीर्षक जुन यहाँले औंल्याउनु भएको छ। यो चाहिँनी शिक्षा मन्त्री र शिक्षा विज्ञान प्रविधि राज्य मन्त्री जुन यो के भन्छ दीक्षान्त समारोहमा जानु पर्छ अथवा के भन्छ स्कुलहरूको अनुगमनमा जानुपर्छ। त्यति बेलाको travel cost को लागि छुट्याइएको रकम हो। यो दुर्गममा पनि जानुपर्छ, सुगममा पनि जानुपर्छ। त्यसको लागि विनियोजन गरिएको रकम हो। र यो चाहिँनी त्यहि शीर्षकमा मात्रै खर्च गर्नुपर्छ र गरिन्छ पनि। म हजुरलाई यही भन्दै आफ्नो खर्च कटौतीको प्रस्ताव फिर्ता लिइदिन पनि अनुरोध गरें। माननीय झक्कु प्रसाद सुवेदीज्यूको प्रश्न जुन छ। यसमा चाहिँनी हामीले CTEVT लाई reform गर्दै छौं। यसको नियमावली हामीले परिमार्जन गरेर कानुन र अर्थ मन्त्रालय पठाइसक्या छौं। अहिलेसम्म हाम्रो vocational र technical education शिक्षालयबाट दिइराथ्यो र अन्तिम चरणमा OJT (On the Job Training) भनेर चाहिँनी उद्योगमा पठाउथ्यौं। त्यो OJT मा पठाउँदा खेरि competency सिकिराख्या छ कि छैन

भनेर हामीले त्यो checklist चाहिँनी नबनाएका रहेछौं। अब हामीले कुन modality मा गइराछौं भन्दाखेरि apprenticeship model मा उद्योगसँगै जोडिएर उद्योगबाट practical सिक्ने र जति theory सिक्नु पर्नेछ त्यो चाहिँनी घुम्ती शिक्षालय होस् जे होस् अथवा स्थापित शिक्षालय होस् त्यहाँबाट सिकोस् ता कि काम गर्दा गर्दै, सिक्दा सिक्दै विद्यार्थीले कमाउन् पनि र उसले राम्रो सिप सिकेर यो विद्यार्थीले यो सिक्यो यो सिक्यो, यो सिक्यो, भनेर checklist गरिसकेपछि त उसले अन्त्यमा certificate पनि पाउँछ। CTEVT को लागि यो पनि पैसा नलाग्ने एउटा policy interventions हो। र यही सिलसिलामा हिंजो शिक्षा विज्ञान प्रविधि मन्त्रालय र ऊर्जा मन्त्रालयको एउटा MOU पनि भएको छ। जसमा हामीले भन्छौं देशमा रोजगार छैन भनेर तर हामीले जति पनि यो भौतिक विकासका काम गर्छौं। भौतिक निर्माण गर्छौं यसमा धेरै जसो धेरै जस्तो यो काम गर्ने श्रमिकहरू चाहिँनी हाम्रो बोर्डर पारीका मित्रराष्ट्रबाट आउछन्। हाम्रो मै जति पनि भौतिक पूर्वाधारको काम हुन्छ। यसमा यदि हामीले नेपालीलाई प्राथमिकता दिने हो भने र यसमा apprenticeship को modality बाट त्यो विद्यार्थीले काम पनि सिकोस्। र घुम्ती शिक्षालयको मार्फत theory पनि सिकेर उसलाई अन्त्यमा लौ तिमीलाई चाहिँनी अब यो काम चाहिँ गर्न आयो तिम्रो level 1 हो level 2 हो भनेर दिने पनि। त्यो गरिसकेपछि त्यो विद्यार्थी त्यो गाउँको लागि तपाईं सोच्नुहुन्छ त्यो गाउँमा तपाईंले indoor plumbing त कतिवटा गाउँमा राख्नुपर्ने हुन्छ नि होइन? Plumber छ त? यो अब ऊर्जा मन्त्रालयको परियोजनाहरूमा चाहिँनी यो modality मा apprenticeship modality मा चाहिँनी प्राथमिकता दिएर CTEVT को विद्यार्थीहरूलाई प्राथमिकता दिएर उहाँहरूले काम पनि गर्नुहुन्छ, सिप सिक्नु पनि हुन्छ र त्यो चाहिँने सिप जति सिकेर theory पनि पास गर्नु भयो भने certificate पनि पाउनुहुन्छ। यो गऱ्यौं भने यदि त्यो विद्यार्थीले म गाउँमै बसेर म गाउँको Plumber बन्छु। म Electrician बन्छु भन्यो भने त्यो पनि काम पायो। होइन म विदेश जान्छु भन्यो भने Proper skill पनि कामै गरेको सिप पनि उसले सिकेर जाने भयो। यो चाहिँ हामीले हिंजो भर्खरै सम्झौता पत्रमा सचिवज्यूहरूको उपस्थितिमा सही पनि गरेका छौं। यो पनि पैसा नलाग्ने एउटा policy intervention हो। जसकारण हाम्रो technical र vocational education ले धेरै फड्को मार्छ। अर्को श्रम मन्त्रालय र उद्योग मन्त्रालयसँग सहकार्यमा यदि तपाईंले हेर्ने हो भने बाह्रवटा विभिन्न मन्त्रालयमा अलिकति Program duplication भइरा हो कि? भनेर पनि हामीलाई लाएको थियो। र यो प्रस्ताव हामीले cabinet मा पनि लग्दै छौं। हाम्रो एकरुपता ल्याऔं। Curriculum मा एकरुपता ल्याऔं। Monitoring system मा एकरुपता ल्याऔं भनेर। त्यसपछि अर्को प्रश्न माननीय भगवती न्यौपानेज्यूले जुन सोध्नुभयो यो मैले धेरै त कुरा भनिसकें हैन। यो गरिबको बच्चा यहाँ जान्छ भनेर त्यो ग्लानी महसुस गराउने काम चाहिँ नगराऔं। नेताको छोराछोरी पनि निजीमा पढ्छ? न नेताको छोराछोरी सामुदायिकमा

पढ्छ यो भन्नै पर्छ। हाम्रो data को अवस्था चाहिँनी मैले अघि पनि निवेदन गरेँ एकदम कमजोर छ। बजेट १०.९५ यतिले पुग्छ शिक्षामा? पुग्दैन। यो increase गर्न सक्छौं भने increase गर्ने हो तर जब अनिवार्य दायित्व ९३% छ। हामीले यसमा ध्यान दिनुपर्छ। र दोस्रो यो EMIS सुरु गरेको चाहिँ २०७३ सालबाट रहेछ भनेपछि हाम्रो जुन dropout rate छ। त्यसको clear analysis चाहिँनी हामीले गर्नुपर्ने छ र यो clear analysis को लागि हामीले COVERT method बाट गर्न खोज्दैछौं है। यो भयो अनि अर्को माननीय मोहमदज्यूले यो मदरसा, गुम्बा गुरुकूल इत्यादिमा लगानी बढाउनुपर्छ माननीयज्यू यसमा एकमत छ। यसलाई कसरी गर्ने? Take care गर्ने यसमा बसेर छलफल गरौं। यो agree यसमा बढी काम गर्नुपर्छ। त्यसपछि माननीय गोपीज्यूले जुन सोध्नु भयो यो Medical Colleges को बारेमा यसमा मैले एउटा भन्नैपर्छ मैले अघि पनि निवेदन गरेँ हामीले अनिवार्य दायित्व बढाको बढाइ गरिराख्याछौं। यसपालि मात्रै हामीले चिकित्सा शिक्षामा पाँच अर्ब भन्दा बढी Scholarship दिइराख्या छौं। अब यो देशलाई चिकित्सक बाहेक अरु केही नचाहिँने हो त? त्यो त होइन होला भनेपछि त्यही भएकोले यसपालि बजेटमा के अवधारणा ल्याएका छौं भने पहुँचमा पुऱ्याइदिउँ। पहुँच भनेको निःशुल्क मात्रै हुँदैन। पहुँच भनेको त्यो विद्यार्थीको मिहनेत लगनशिलताले पछि कमाएर तिर्न पनि सक्छौं। जसरी हामीले कर तिर्छौं। त्यो Loan modality मा जानु पर्छ। ता कि त्यो पाँच अर्ब रुपैयाँ समतामूलक रूपमा distribution होस् भनेर। र यो उदयपुरको मेडिकल कलेजमा धेरै जनाले यो यही हुनुपर्छ त्यही हुनुपर्छ भनेर विभिन्न groups हरू पनि आउनु भयो। तर यसमा म के भन्न चाहन्छु भन्दाखेरि जसरी मैले जतिपनि पदपूर्ति गऱ्याछौं यो सेवा आयोग इत्यादि यो विज्ञले भन्ने कुरा हो। यो मैले भन्ने कुरा होइन। कहाँ गऱ्यौं भने सबैभन्दा बढी समुदायलाई फाइदा पुग्छ उसको catchment area के हो? उसले कति return दिन्छ। यो विज्ञले भन्ने कुरा हो। त्यसकारण यसमा मैले यही हुनुपर्छ त्यही हुनुपर्छ भनिन माननीयज्यू। त्यसपछि माननीय सुमित्राज्यूले SEE को परीक्षाको बारेमा प्रश्न उठाउनु भएको थियो। यसमा एकदम महत्त्वपूर्ण यो SEE को दशकक्षाको जुन NG रिजल्ट आयो यो अहिलेको मात्रै होइन। यो Long Term को Outcome हो। दश class मा अहिले जाँच दिने विद्यार्थी कुनै बेला ECD दश वर्ष अगाडि त एक कक्षामा थियो। भनेपछि हामीले जगबाटै बलियो बनाएर लानुपर्छ। यदि हामीले अहिले पनि यदि यो विद्यार्थीहरूमा enough attention focus नदिने हो भने यो अर्को वर्ष पनि यस्तै हुन्छ। त्यसको अर्को वर्ष पनि यस्तै हुन्छ। त्यसै कारणले अब उच्च शिक्षाले चाहिँनी सामुदायिक यो विद्यालय शिक्षामा input दिनु पऱ्यो भनेर किनभने उच्च शिक्षा पनि subsidized rate मै छ। त्यसमा scholarship पनि जान्छ। भौतिक पूर्वाधारमा करकै जान्छ भनेपछि त्यहाँ पढ्ने विद्यार्थीहरूले अब peer mentoring को हिसाबमा विद्यालय शिक्षाका विद्यार्थीहरूलाई चाहिँनी पढाइदिनु पऱ्यो । Maths पढाइदिनु

पऱ्यो , अङ्ग्रेजी पढाइदिनु पऱ्यो , Science पढाइदिनु पऱ्यो । किनभने अहिले अर्थतन्त्रको स्वरूपले मलाई दरबन्दी सिर्जना गर्नको लागि दरबन्दी दिएको छैन। यो भन्दा भन्दै हामीले दुईटा काम चाहिँनी अब financial study गरिराछौं। हाम्रो प्राथमिक तहमा चाहिँ दरबन्दी नराम्रो छैन। खास एकदम राम्रो छ। तर नौ, दश र एघार, बाह्रमा एकदम थोरै छ। एघार बाह्रमा पनि एकदम कम किन हो भन्दाखेरि जब हामीले एघार बाह्रलाई यो उच्च शिक्षा होइन विद्यालय शिक्षा भनेर ल्यायौं। त्यतिबेला यो उच्च शिक्षाको दरबन्दी चाहिँ ल्याएनौं। त्यो चाहिँ सबै University मै छोड्दियौं। त्यसकारण यसमा दरबन्दी नपुग भएको हो। त्यो दरबन्दी ४००० दिरबन्दी सिर्जना पनि गरिएको हो। यो भन्दै गर्दाखेरि १९०० दरबन्दीको मिलान गर्नुपर्ने बाँकी छ। यसमा हामीले काम थालनी गरेका छौं र Primary Education को यदि हामीले थोरै दरबन्दी कटाएर यो विषयगत शिक्षामा विषयगत दरबन्दी सिर्जना गर्ने हो भने आर्थिक भार राज्यलाई नथुपारिकन कसरी गर्न सक्छौं भनेर त्यो हिसाब हामीले गर्दै छौं। यो मैले यहाँहरूलाई निवेदन गरें। त्यसैले प्र.अ. हजुरहरूले SEE को नतिजा हेर्नुहुन्छ भने जुन विद्यालयमा प्र. एकदम तगडा हुन्छ त्यो विद्यालयको रिजल्ट राम्रो हुन्छ। त्यसकारण प्र.अ. हरूको लागि अहिलेसम्म हाम्रो सेवा आयोग छैन। त्यसैले शिक्षा यो सेवा नियमावलीको पनि हामीले upgrade गरेर त्यहाँ चाहिँनी काम गरिराखेका छौं। प्र. को लागि दरबन्दी सिर्जना गर्न सक्छौं कि सक्दैनौं। यो गर्ने हो भने कसरी गर्ने हो? भनेर त्यहाँ गरिराख्या छौं। अर्को चाहिँनी हामीले के पनि गऱ्यारैछौ भन्दाखेरि आधारभूत तहलाई हेप्या रहेछौं। आधारभूत तहमा पढाउन चाहिँ बाह्र कक्षा के दश class पास भएपनि हुन्छ। बाह्र class पास भएपनि हुन्छ भन्छौं। खास आधारभूत तहमा More qualified मान्छे चाहिँन्छ। त्यसकारण अबको यो शिक्षा सेवा नियमावली upgrade गरेर चाहिँनी at least Bachelor भएको मान्छेहरूलाई चाहिँनी हामीले recruit गरौं र त्यो पनि नियमावलीमा हामीले परिमार्जन गर्दै छौं। यो भयो त्यसपछि अर्को प्रश्न माननीय मनरुपा शर्माज्यूले राखु भएको छ। यो SEE कै नतिजा छ। र हाम्रा विद्यार्थीहरू बाहिरेएको कुरा छ। मैले अघि धेरैवटा intervention र policy intervention ले यसको address गरिसके जस्तो लाग्छ। र अर्को चाहिँनी मैले यहाँहरूलाई पनि के निवेदन गर्न चाहन्छु भन्दाखेरि हामीसँग दण्ड, सजायको सोच नै नभएको होइन। जुन विद्यालयमा certain percentage पन्ध्र प्रतिशत यो रिजल्ट आउदैन त्यसमा प्र.अ. लाई र विषयगत teacher लाई दण्डको यो ग्रेड रोक्का गर्ने, यो श्रेणी बढ्न नदिने यो प्रावधान छ। तर हामी डराउनु भएन के। हामीले त्यो execute नै गरेको छैनौं। त्यो का. स. मू. मा तिन अङ्कमा छ होइन। तर त्यो हामीले अब Schoolwise data हामीले ल्याएका छौं। त्यो Schoolwise data हामीले public पनि गरिदिन्छौ। र अब हामी सबैजनाले चाहिँनी यो दण्ड सजायको पनि सोच्या अनुरूप Outcome आएन भने केही त प्रावधान हुनु पऱ्यो । ऐनमा

नियमावलीमा छ, कार्यान्वयनमा छैन। त्यसैले यो कार्यान्वयन गर्न पनि मैले यहाँहरूको यो म त गर्छु। यसमा तपाईंहरूको साथ, सहयोगको पनि अपेक्षा गरें। त्यसपछि माननीय विष्णु बहादुरज्यूले यो अघि यो सामुदायिक विद्यालयमा ८८% अनुत्तीर्ण यो मैले अघि correction पनि गरे जस्तो लाग्छ होइन। यो सामुदायिक विद्यालय होइन कि जति पनि NG आएका छन्। त्यसमा सामुदायिक विद्यालयको Percentage ८८.१२ हो तर entire सामुदायिक विद्यालयको Grade NG आउने प्रतिशत ६४% हो भनेर मैले यो भने। अनि हामीले यो Smart विद्यालय भन्छौं होइन। यो Smart विद्यालय भनेको के हो? यसमा एकरुपता चाहिँ ल्याउन। ल Smart विद्यालयको परिभाषा गरौं। Smart विद्यालयमा के हुन्छ? Internet हुन्छ होला हैन? त्यसपछि त्यहाँ Bathroom हुन्छ होला। त्यो के हो Smart विद्यालय भनेको के हो? त्यहाँ Computer Science को Teacher हुन्छ कि? यसलाई जबसम्म हामीले परिभाषित गर्दैनौं सुन्दा खेरि त गज्जब सुनिन्छ यो Smart विद्यालय यो भनेर तर जबसम्म हामीले परिभाषित गर्दैनौ त्यही एकै ठाउँमा आउन र त्यसलाई Intervention गर्न गाह्रो हुन्छ होला तर यो सिलसिलामा चाहिँनी मैले सञ्चार मन्त्रीज्यूसँग कुरा गऱ्याछु। NTA को बजेट पनि छ। र त्यो बजेटले चाहिँनी जुन विद्यालयहरूमा विषयगत शिक्षक छैन त्यहाँ Two Way Education यो Zoom मार्फत Microsoft Teams मार्फत त्यो पढाउनको लागि चाहिँ व्यवस्थाको लागि कार्य निर्देशिका बनाइराछौं। दुवै मन्त्रालयको कर्मचारीहरू सँगै बसेर यो मैले भन्ने चाहें। अन्त्यमा दुईवटा छ। माननीय राधेश्याम पासवानज्यूको यो Technical र vocational education को बारेमा पनि छ। र अरु चाहिँनी पढ्न चाहने विद्यार्थीहरूको लागि enough seats भएन भनेर। यसमा २०६९ सालदेखि CTEVT को affiliation ठप्पै गरेर राखेका रहेछौं। त्यो अब हामी extreme मा गइदिन्छौं। पहिला एकदम बेथिति थियो भनेर हाम्रा डाक्टर गोविन्द के.सी. अनसन जानुभयो। त्यसपछि यसमा केही चलायो भने त सबैले एउटा लेभल लगाइदिन्छ भनेर केही नगऱ्या रहेछौं। त्यसरी त भएन नि एउटा मापदण्ड बनाएर खास प्लान पनि गरिराथ्यौं। यो CTEVT को मापदण्ड पुगेको र quality maintain गर्न सक्ने निजी शिक्षालयहरूलाई चाहिँ affiliation दिनुपर्छ। उनीहरूले खोल्न पाउन पर्छ। एउटा त्यो गर्ने। त्यो गरेपछि at least नर्सिङ्गहरूको आफ्नै सय बेडको अस्पताल भएको मान्छेहरूले पढाउन सक्छन्। यो हामीले खोल्नुपर्छ र यसको लागि अब workout त गरिसकेको हो। यो मैले निवेदन गरें। अर्को चाहिँनी यो MBBS पढ्नको लागि हामीले completely नयाँ ठाउँमा MBBS पढाउनको लागि समय हेर्ने हो र एउटा एउटा project को DPR हेरेको पच्चीस अर्ब लाग्छ भन्यो। हामीले जति पनि नेतागणहरूले promise गर्छौं नि यहाँ मेडिकल कलेज खोल्छु त्यो सबै खोल्ने हो भने म तपाईंहरूलाई अहिलेको अनुमानित लागत कति लाग्छ भन्छु। एक खर्बभन्दा बढी लागत लाग्छ। सबै ठाउँमा भने भनेको ठाउँमा

यहाँहरूले धेरै चोटी सुनेको ठाउँमा यहाँ खोल्ने त्यहाँ खोल्ने एक खर्बभन्दा बढी पैसा लाग्छ। यदि एक खर्बभन्दा बढी पैसा हामीसँग छ भने त किन नखोल्ने खोल्नुपर्छ? छैन नि? भनेपछि भएको रकमबाट सबैभन्दा राम्ररी कसरी take care गर्ने भन्दाखेरि प्रादेशिक अस्पतालमा यो तिस करोडभन्दा थोरै लगानी हामीले यदि लगाउने हो भने त्यहाँ already functioning अस्पताल छ। त्यहाँ patient छ। अनि जुन यो NEC चिकित्सा शिक्षा आयोगको यो ऐन छ। त्यसलै तिन वर्ष अस्पताल चलेको हुनुपर्छ। ६०% occupancy हुनुपर्छ। Already छ। हाम्रो बच्चाहरूले त्यहीं पढ्न पाउँछ नि। त्यसैले प्रादेशिक अस्पताललाई स्तरोन्नति गरेर मेडिकल शिक्षा सञ्चालन गर्नेमा चाहिँनी हामीले जोड दिनुपर्छ। तर होइन यसलाई चाहिँनी ठ्याक्क यो मैले यो निर्वाचन क्षेत्र केन्द्रित हुने हो भने यो सुरु गर्न पनि गाह्रो छ। लागत एक खर्बभन्दा बढी लाग्छ हैन। त्यसको अब चालु खर्च त तपाईंले आफैले सोच्नु होला कति लाग्छ। त्यसकारण हाम्रा विद्यार्थीहरू मेडिकल Education बाट धेरै समयसम्म कुर्नुपर्ने हुन्छ। तर प्रादेशिक अस्पताललाई हामीले मेडिकल प्रतिष्ठान बनाएपनि हुन्छ। मेडिकल कलेज भएपनि हाम्रो विद्यार्थीहरूले पढ्न पाउँछन्। यो चाहिँनी मैले निवेदन गरें तर यो भन्दै गर्दाखेरि हाम्रो चिकित्सा शिक्षा आयोगमा त्यो ऐनमा के पनि छ भन्दाखेरि Government मा Government medical School मा ७५% Scholarships दिनुपर्छ भन्ने प्रावधान छ। अहिले नै यो वर्ष पाँच अर्बभन्दा बढी यो मेडिकल Education को लागि हामीले लगाइराछौं। यो सबै प्रादेशिक अस्पतालमा यो गरेर additional seats थप्ने हो भने हिसाब गरे अनुसार हरेक वर्ष २५ अर्ब लाग्छ। मेडिकल education को लागि मात्र। त्यसकारणले यो प्रावधान ऐन पनि परिमार्जन गर्नुपर्छ र प्रावधान चाहिँ अब Loan System मा जानुपर्छ। विद्यार्थीले पढोस् Loan लिएर पढोस्। काम नपाएसम्म Grace Period पनि होस्। दुर्गममा काम गर्ने मान्छेहरूको लागि additional पैसा पनि होस्। तर उहाँहरूले त्यो जति पनि कर दाता हाम्रै पैसा हो। हामीले राज्यलाई हाम्रै पैसा हो नि होइन? त हामी सबै जनाले कर तिरेको त्यसको त्यो चाहिँनी पछि repayment पनि गरोस् भनेर मैले निवेदन गर्न चाहें। अनि अन्त्यमा माननीय माया प्रसाद शर्माज्यूले सोध्नुभएको छ। रोजगारी वृद्धि, गुणस्तर वृद्धि र शिक्षकलाई तर्साउन हुँदैन भन्ने। शिक्षकलाई तर्साएको होइन हजुर। शिक्षकलाई केबल तपाईंहरू केबल राजनीतिक पार्टीको सदस्य हुनु हुँदैन भनेर त राजनीतिक दलसँगको ऐनले भन्छ। र राजनीति गर्दै हिंड्नु चाहिँ भएन। कक्षा कोठामा हुनु पर्‍यो भनेको हो। यसमा आफ्नो professional ethics maintain गर भन्नको लागि त यो तर्साएको हुँदैन। तर यो प्रावधान पनि चाहिँन्छ। जुन तपाईंहरूले पटकपटक SEE को नतिजाको कुरा गर्नुभयो। सामुदायिक विद्यालयमा काम गर्ने हाम्रा शिक्षकहरू प्राइभेटमा on average बढी पनि कमाउँछन। स्थायित्व पनि छ। Result किन नआएको त? भनेर त अब सोध्नु पर्‍यो होला नि? किनभने प्राइभेटमा राम्रो result

आएन भने hire and fire हुन्छ। त्यहाँ राजनीति हुँदैन। त्यहाँ तालाबन्दी हुँदैन भनेपछि यो चाहिँनी हामीले अब पनि विलम्ब मैले तपाईंहरूले धेरैवटा तथ्याङ्क प्रस्तुत पनि गरिसकें। हाम्रो शिक्षाको अवस्था कहाँ छ भनेर। यो मैले निवेदन गरें। तर्साएको होइन हजुर शिक्षकहरूले आफ्नो professional integrity maintain गर्नुपर्छ र राजनीति गर्न हुँदैन। ऐन नै छ। यहाँहरूले नै बनाएको ऐन हो। त्यो ऐन चाहिँनी कार्यान्वयन चाहिँनी गर्नेहो। हवस् धन्यवाद नमस्कार।

(१२:३८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, मैले अलिकति केही राख्नैपर्ने जस्तो भयो। माननीय सदस्यहरूसँग पनि र माननीय मन्त्रीज्यूहरूसँग पनि। हाम्रो आज छलफल गर्नुपर्ने मन्त्रालय तेह्रवटा। त्यो अलावा प्रधानमन्त्री कार्यालय, उपराष्ट्रपति,राष्ट्रपति योजना आयोगसहित त्यो सकेपछि फेरि खर्च कटौतीका विषयमा पनि छलफल गर्न छ। दौडन पर्ने बाध्यता हाम्रो छ। त्यसकारण विषय केन्द्रित भएर सबै माननीय सदस्यले स्पष्टीकरण सोध्दा पनि र अब जवाफ दिदाँ पनि त्यता तिर अलिकति सबैलाई ध्यान आकृष्ट गर्न चाहन्छु। म अहिले। किनभने नत्र आज नभ्याइने जस्तो भइसक्यो हामीलाई। मैले यति राखें।

माननीय सदस्यहरू, माननीय शिक्षा, विज्ञान तथा तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु।

स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०८१ माथिको विनियोजन शीर्षकमा माननीय शिक्षा, विज्ञान तथा तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण माग गर्न कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ।

मानननीय सदस्यहरू, अब म, माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रवि लामिछानेको तर्फबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याललाई गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१२:४१ बजे) <u>माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री डोल प्रसाद अर्याल</u>:- सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८१ अन्तर्गत गृह मन्त्रालय सम्बन्धी छलफलमा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन उपस्थित भएको छु। विभिन्न विषयमा विभिन्न माननीयज्यूहरूबाट आएको प्रश्नहरू र त्यसको जवाफहरू लिपिबद्ध रूपमा जानकारी गराउन चाहन्छु। विषय विपद् आगलागी, बाढी, पहिरो, चट्याङ् लगायत सम्बन्धमा माननीय आनन्द प्रसाद ढुङ्गाना, माननीय मनरुपा शर्मा, माननीय विष्णु बहादुर विश्वकर्मा, माननीय राधेश्याम पासवान, माननीय माया प्रसाद शर्माज्यू लगायतले अविरल वर्षाबाट भएको धनजनको क्षतिको विवरण, ज्यानको सुरक्षा, घरबार बिहीन, उद्धार पीडित, राहत लगायत उठान गर्नुभएको विषयको सम्बन्धमा हालसम्म पचपन्नवटा बाढीको घटनाबाट चार जनाको मृत्यु, एक जना बेपत्ता र दुईजना घाइते भएका छन्। पहिलोबाट चौबिसजनाको मृत्यु र उन्नाइस जना घाइते भएका छन्। सतहत्तरवटा भारी वर्षाका सतहत्तर ठाउँको भारी वर्षाका घटनाबाट चार जना घाइते भएका छन्। कूल अठ्ठाइस जनाको मृत्यु, एक जना बेपत्ता र पच्चीस जना घाइते भई छयालिस घर पूर्ण क्षति र छत्तिस घर आंशिक क्षति भएका छन्। चट्याङ्बाट बत्तीस जिल्ला प्रभावित भई त्रियान्नब्बे चट्याङ्का घटना घटेका छन् जसबाट उन्नाइस जनाको मृत्यु, पैंतिस जना घाइते भएका छन्। सबै विपद्का घटनाबाट एक सय एकहत्तर वटा पशु चौपायाको क्षति भएको छ। विपद् व्यवस्थापनको लागि मनसुन पूर्व तयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८१ तयार भई कार्यान्वयनमा ल्याइएको छ। मनसुनजन्य विपद्बाट हुनसक्ने सम्भावित जोखिमको कु आंकलन गरी जोखिमयुक्त क्षेत्रलाई उचित संरक्षण हुने गरी विभिन्न क्षेत्रगत रूपमा निकायगत जिम्मेवारी तोकिएको छ। जिल्लाको जिल्ला प्रमुख अधिकारीको अध्यक्षतामा रहने जिल्ला विपद् व्यवस्थापन समितिद्वारा आवश्यक पूर्व तयारी गरिएको बेहोरा सम्मानित सभासमक्ष अनुरोध गर्दछु। सबै सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा रहेको कमाण्ड पोष्ट गठन भई निरन्तर कार्यान्वयनमा रहेको छ। जिल्ला विपद् व्यवस्थापन कोषबाट विपद पीडित, उद्धार र राहत सम्बन्धी मापदण्ड सातौं संशोधन, २०७७ बमोजिम मृतकका परिवारलाई पाँच लाख रुपैयाँ प्रदेश

सरकारबाट प्राप्त तिन लाख रुपैयाँ मृतकका परिवारलाई पाँच लाख रुपैयाँ प्रदेश सरकारबाट प्राप्त तिन लाख रुपैयाँ, चामल तीस के.जी., दाल, खाने तेल, चिया, चिनी, साबुन लगायतका खाद्य सामग्री उपलब्ध गराइएको छ। त्यस्तै मृतकका परिवारलाई तत्कालका लागि पन्ध्र हजार रुपैयाँ, त्रिपाल, कम्मल, म्याट्रेस र भाँडाकुडा उपलब्ध गराउने व्यवस्था गरिएको छ। सङ्घीय तहमा गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र, केन्द्रीय कमाण्ड फोर्स लगायतका संरचनाहरू बहुविपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि प्रदेश तथा स्थानीय सरकार विकास साझेदारहरूसँग लगायतसँग नियमित सम्पर्क र समन्वयमा रहि विपद् जोखिमयुक्त क्षेत्रको जोखिम नक्साङ्कन, आवश्यकता अनुसार भौगर्निक अध्ययन, पूर्व सूचना प्रणालीहरूको जडान र सूचना प्रभाव, मनसुन बुलेटिन विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ। मानवीय सहायता स्थलहरूमा राहत तथा उद्धारका सामग्रीहरूको यथेस्ट भण्डारण गरिएको छ। आपतकालीन अवस्थामा हवाई उद्धारका लागि समेत मिति २०८१।०२।१७ गते सरकारी र निजी हवाई सेवा प्रदायकहरूसँग हवाई सेवा दिने सम्बन्धी विस्तृत योजनासहित तत्काल परिचालन हुने गरी तयारी अवस्थामा राखिएको छ। यसबाट हेलिकप्टर मार्फत तिन जनाको उद्धार समेत गरिसकिएको छ। यसै गरी सल्यानको विद्यालयमा विद्यार्थी कुटिएको सम्बन्धमा।

माननीय राधेश्याम पासवानले सल्यान जिल्ला त्रिवेणी गाउँपालिका वडा नं. ६ लोहान स्थित पब्लिक बोर्डिङ स्कुल कक्षा ६ मा अध्ययनरत छात्र अरुण वि.क. लाई शिक्षक चक्र बहादुर डाँगीले कुटपित गरी घाइते बनाएको सम्बन्धमा जिल्ला सल्यान त्रिवेणी गाउँपालिका वडा नं. ६ मुहाममा रहेको सल्यान पब्लिक बोर्डिङ् स्कुलका कक्षा ६ मा अध्ययनरत गर्ने वर्ष १२ को अरुण वि.क. लाई मिति २०८१।०३।१६ गते Last Period Class चलिरहेकोमा सोही विद्यालयका शिक्षक चन्द्र कुमार डाँगीले पढाउने क्रममा कक्षा कोठाको पछाडि पुग्दा अगाडिको विद्यार्थीहरू आपसमा हल्ला गरेकोमा हल्ला नगर भनेर विद्यार्थी कै स्टिलको स्केलले पछाडि ढाडमा हान्न खोज्दा अरुण वि.क. पछाडि फर्कने क्रममा टाउकोमा घोंची घाउ भएको तत्काल मेडिकलमा लग्दा सामान्य भनेकोमा ईलाका प्रहरी कार्यालयमा निवेदनसहित आएपछि तत्काल घाउ जाँचको लागि जिल्ला अस्पताल पठाइएको सामान्य उपचार पछि फिर्ता भएको भोलि पल्ट १७ गते विद्यालय तथा विद्यार्थी तर्फका व्यक्तिहरू समेत छलफल गर्दा उपचार गर्न नेपालगञ्ज लग्ने र पछि आएर मिलापत्र गर्ने भनि मौखिक सहमति भई गरेकोमा उपचारको लागि जाँदा खास उपचार आवश्यक नभएको भनी फिर्ता आएको भन्ने बुझिएको घाउ सामान्य रहेको बेहोरा सम्मानित सभासमक्ष अनुरोध गर्दछु।

त्यसैगरी माननीय जित जंग बस्नेतज्यूले राखे भएको गाँजा खेती सम्बन्धी अध्ययन भए/नभएको सम्बन्धमा। गृह मन्त्रालयको सहसचिवको संयोजकत्वमा गाँजा खेतीको सम्भावना, गाँजा खेती एवं यसको उपयोग सम्बन्धमा गरिनु पर्ने कानुनी र कार्यविधिगत व्यवस्थाका बारेमा अध्ययन गरी प्रतिवेदन पेस गर्न समिति गठन भई प्रतिवेदन प्राप्त भएको। सोही बमोजिम आवश्यक कानुन व्यवस्थापन गर्न लागु औषध सम्बन्धी नियमावलीको मस्यौदा समिति गठन भएको। त्यसैगरी माननीय माया प्रसाद शर्माज्यूले प्रहरी समायोजन सम्बन्धी उठान गर्नुभएको विषयमा प्रहरी समायोजनका लागि कानुन तयार भइसकेको, प्रदेश सरकारसँगको समन्वयमा प्रक्रिया अगाडि बढाइएको छ। त्यसैगरी माया प्रसाद शर्माज्यूले जाजरकोट भूकम्प पश्चात्को पुनर्निमाण सम्बन्धी उठान गर्नुभएको विषयको सम्बन्धमा जारकोट र बझाङ केन्द्रविन्दु भएर गएको भूकम्पबाट पहिचान भएका असी हजार एकसय पचास लाभग्राहीका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा चार अर्ब पचहत्तर लाख रुपैयाँ निकास भएको। स्थानीय विपद् व्यवस्थापन समितिबाट प्रक्रिया पूरा गरेका छैहत्तर हजार आठ सय पचहत्तर लाभग्राहीका लागि पहिलो किस्ता बापत एक अर्ब बयान्नब्बे करोड अठार लाख पचहत्तर हजार रुपैयाँ लाभग्राहीको खातामा निकासा भइसकेको बेहोरा सम्मानित सभासमक्ष जानकारी गराउन चाहन्छु। धन्यवाद। नमस्कार।

(१२:४९ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रवि लामिछानेको तर्फबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु।

स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्य आनन्द प्रसाद ढुंगाना।

(१२:५० बजे) माननीय आनन्द प्रसाद ढुंगाना (नेपाली काँग्रेस):- सम्माननीय अध्यक्ष महोदय, अब गृह मन्त्रीज्यूको तर्फबाट श्रम तथा रोजगार सामाजिक मन्त्रीज्यूले जुन जवाफ दिनुभयो। अब यो देशको चाहिँनी गएर हामीले जानकारी पाउनुपर्ने मौसम शुरू भएको पच्चीस

दिन भयो। अब यसका बारेमा हामीले पहिले पनि प्रश्न उठाएका थियौं। हामीले बोल्दाखेरि पनि भनेका थियौं। गृह मन्त्रीज्यू कहाँ जानुभयो? गृह मन्त्री अहिलेसम्म चाहिँनी गएर हामीले जानकारी यस सदनमा जानकारी चाहिँनी गएर सरकारबाट पाउनु पर्ने। अब रेडियो नेपाल र कान्तिपुर रेडियोले जुन भनिराछ पच्चीस दिन भयो छब्बिस दिन भयो, आज मौसम आएको। पैंतालिस जनाको मृत्यु भइसक्यो।र त्यसपछि चाहिँनी गएर आठ करोडको चाहिँनी गएर धनजनको क्षति भएको छ भनेर भन्याछ। तर सरकारले जवाफ दिएको छैन। तर आज आएर जुन मन्त्रीज्यूले जवाफ दिनुभयो। यसलाई अझ प्रस्ट म गरिदिनुहुन अनुरोध गर्दछु।

(१२:५१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म, माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रस्ट पार्न माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री रवि लामिछानेको तर्फबाट माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्याललाई समय उपलब्ध गराउँछु।

(१२:५२ बजे) <u>माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री श्री डोल प्रसाद अर्याल</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यले सोध्नुभएको प्रश्न र जिज्ञासामा पक्कै पनि गृह मन्त्रीज्यूको उपस्थितिमा उहाँ आफैले आएर प्रस्ट अवस्थाको जानकारी दिनुपर्ने सुझाव उहाँले दिनुभएको छ र त्यो सुझाव पुऱ्याउने जिम्मेवारी मैले लिन्छु र म उहाँलाई गृह मन्त्रालयलाई यो जानकारी मेरो तर्फबाट पनि गराउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। र माननीय आनन्द प्रसाद ढुंगाना लगायत माननीयज्यूहरूले सोध्नुभएको प्रश्नको अघि मैले उत्तर दिँदै गर्दा फेरि एक पटक म यहाँ स्पष्ट पार्न चाहन्छु। हालसम्म तपाईंको यो पचपन्नवटा बाढी पहिरो भनेर पचपन्न ठाउँको बाढी पहिरोबाट चार जना भनेर यहाँ छुट्याइएको छ। तर छुट्याउँदै गर्दा कुल यहाँ चाहिँ अहिले प्राप्त भएको गृह मन्त्रालयबाटै प्राप्त भएको जानकारीमा अब यो विभिन्न दुर्घटनाका यो प्रकृतिहरू कुन कुन दुर्घटनाबाट यो छुट्याउन कोसिस गरिएको होला भन्ने मलाई लाग्छ। यसमा चाहिँ कुल अठ्ठाइस जनाको मृत्यु भनेर आएको छ। माननीय सदस्यबाट आएको फरक विवरण छ। त्यो विवरण र यो विवरणमा कहाँ के तादात्म्यता मिलेको छैन। यो विषयमा मैले नोट गरेको छु र यो गृह मन्त्रालयमा जानकारी गराउने नै छु। र अहिले मलाई प्राप्त भएको चाहिँ हालसम्म पचपन्नवटा बाढीबाट भनेर छुट्याइएको चारजनाको मात्रै मृत्यु, एकजना बेपत्ता, दुईजना घाइते भएका छन्। पहिरोबाट चौबिस जनाको मृत्यु भनेर यसरी छुट्याइएको छ। उन्नाइस जना घाइते। सतहत्तरवटा भारी वर्षाबाट चार जनाको मृत्यु भनेर यसरी छुट्याइएको छ। त्यसैगरी

कुल अठ्ठाइस जनाको मृत्यु, एक जना बेपत्ता, पच्चीस जना घाइते भइ छयालिस घर पूर्णक्षति भनेर यसरी छुट्याइएको हुनाले चट्याङ्बाट बत्तीस जिल्ला प्रभावित। त्रियानब्बे ठाउँमा चट्याङ्। र सबै घटनाबाट एक सय एकहत्तर पशुचौपायाको अब क्षति यसलाई मृत्यु पनि होला। यो आइएको हुनाले मैले चाहिँ लिखित आएको जवाफभन्दा दिन नसक्ने म त्यसलाई स्वीकार्न सक्छु। स्वीकार्न चाहन्छु। त्यसकारणले यहाँले सोध्नु भएको प्रश्नहरू मैले नोट गरेको छु र यो गृह मन्त्रालयमा र गृह मन्त्रीज्यूलाई बुझाउनेछु। धन्यवाद। नमस्कार।

(१२:५४ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, गृह मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, माननीय अर्थ मन्त्री वर्षमान पुनलाई अर्थ मन्त्रालय तथा सम्माननीय प्रधानमन्त्री एवं उद्योग, वाणिज्य तथा आपूर्ति; कृषि पशुपन्छी विकास; भौतिक पूर्वाधार तथा यातायात र खानेपानी मन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"को तर्फबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; कृषि तथा पशुपन्छी विकास मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; र खानेपानी मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१२:५५ बजे) <u>माननीय अर्थ मन्त्री वर्षमान पुनः</u>- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभामा विनियोजन विधेयकको छलफलको क्रममा उठेका विषयवस्तुका सन्दर्भमा सम्माननीय प्रधानमन्त्री तथा उद्योग, वाणिज्य, आपूर्ति मन्त्रीको तर्फबाट म यो जवाफ प्रस्तुत गर्दै छु। नेपालको संविधानले निर्दृष्ट  नेपालको संविधानको निर्दिष्ट निर्देशक सिद्धान्त, राज्यका नीति तथा दायित्व, दिगो विकासको लक्ष्यहरू, आवधिक योजनाले तय गरेका रणनीति, मन्त्रालयको क्षेत्रगत नीति तथा प्राथमिकता, आगामी आर्थिक वर्षको बजेटको सिद्धान्त तथा प्राथमिकता, नेपाल सरकारको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प, विद्यमान आवश्यकता र मागको समुचित मूल्याङ्कन तथा वस्तुनिष्ठाको आँकलन गरी मन्त्रालयले आगामी आर्थिक वर्षको बजेट प्रस्ताव गरेको छ। बजेटको सिमा र माग समेतलाई सन्तुलन कायम गर्ने गरी कार्यक्रम तथा बजेट प्रस्ताव गरिएको छ। मन्त्रालयले बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा खर्चको मितव्ययिता, आर्थिक पारदर्शिता, वित्तीय अनुशासन तथा कार्यान्वयन क्षमतासमेतलाई जोड दिएको बेहोरा अनुरोध गर्दछु। उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रको विकासका लागि नीतिगत स्थायित्व तथा प्रक्रियागत सरलीकरण गरी लगानी मैत्री वातावरण निर्माण गर्ने कार्यमा मन्त्रालय निरन्तर

प्रतिबद्ध रही तदनुरूप कार्य गरी आएको छ। यसको लागि विभिन्न आठवटा कानुन समावेश गरिएको केही नेपाल ऐन संशोधन अध्यादेश, २०८१ जारी गरी प्रतिस्थापन विधेयकसमेत सङ्घीय संसदबाट पास गरिसकिएको छ। नेपाल व्यापार एकीकरण रणनीति, २०८० व्यापार Logistics नीति, २०७९ र व्यापार Logistics नीतिको कार्यान्वयन, कार्ययोजना तथा व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन मार्फत व्यापार प्रवर्धनमा टेवा पुग्ने गरी मन्त्रालयबाट कार्यक्रम कार्यान्वयन भइरहेको छ। स्टार्टअप नीति, २०८० स्वीकृत भई चालु आ.व. मा स्टार्टअपलाई कर्जा प्रवाह गरी गर्न विभिन्न एक सय त्रियासीवटा प्रस्ताव समेत छनौट गरी काम अघि बढीसकेको छ। नेपाली उत्पादन र उपभोग अभिवृद्धि गर्न प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत भई कार्यक्रम कार्यान्वयनको सुरुवात भइ सकेको छ। हेटौंडा सिमेन्ट उद्योग लिमिटेड र उदयपुर सिमेन्ट उद्योग लिमिटेड जस्ता दुईवटा रूग्ण उद्योग तथा गोरखकाली रबर उद्योग, जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल ओरियन्ट म्याग्नेसाइट प्रा.लि., नेपाल मेटल कम्पनी लिमिटेड, बुटवल धागो कारखाना, विराटनगर जुट मिल, हेटौंडा कपडा उद्योग समेत सातवटा बन्द भएका सार्वजनिक संस्थान समेत गरी नौवटा सार्वजनिक संस्थानको सञ्चालनका विकल्पहरू पहिचान गरी छलफल भइरहेको छ। अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि नेपालगञ्ज एकीकृत जाँचचौकी सञ्चालनमा ल्याइएको छ। व्यापार Logistics पूर्वाधारको रणनीतिक तथा एकीकृत विकास गर्न Logistics गुरु योजना तर्जुमा गरी सोही अनुरूप पूर्वाधार विकास गर्ने गरी तयार गरिएको छ। विराटनगर र विरगञ्जमा एकीकृत जाँचचौकी सञ्चालनमा रहेका छन्। रसुवाको टिमुरेमा निर्माणाधीन सुख्खा बन्दरगाहको निर्माणकार्य ५५% सम्पन्न भइसकेको छ। मुस्ताङको कोरोलामा निर्माण हुने सुख्खा बन्दरगाहको विस्तृत परियोजना प्रतिवेदन कार्य भइरहेको छ। र दिधारा चाँदनी एकीकृत चेकजाँच चौकी निर्माणको लागि सम्पर्क निकाय तोकी निर्माणका लागि भारतीय पक्षसँग समन्वय गरिएको छ। किमाथांका नाका औपचारिक रूपमा पुनः सञ्चालनमा ल्याइएको छ। औपचारिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत औद्योगिक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत  औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा विशेष आर्थिक क्षेत्र निर्माण विकास तथा सञ्चालन गर्ने गरी प्राथमिकताका साथ कार्य अगाडी बढाइएको छ। स्थानीय स्तरमा उपलब्ध कच्चा पद्धार्थ, सिप तथा प्रविधिको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको प्रवर्धन गर्न औद्योगिकग्रामको निर्माण र विकास गर्ने गरी कार्य अगाडि बढाइएको छ। सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक “ए” विस्तार अन्तर्गत १७८ विघा क्षेत्रफल र पाँचखाल विशेष आर्थिक क्षेत्रलाई सार्वजनिक निजी साझेदारी मोडेलमा विकास सञ्चालन गर्न लागिएको छ। दैजी औद्योगिक क्षेत्रको लागि वन क्षेत्र प्रयोग गर्ने समेतको कार्यको लागि नौबस्टा औद्योगिक क्षेत्रको

निर्माण कार्यको लागि निकायगत समन्वय भएको छ। निजी क्षेत्रको समेतको सहभागितामा कार्यस्थलमा आधारित प्रशिक्षण कार्यक्रम सञ्चालनको लागि आठवटा उद्योगसँग सम्झौता भई कार्यान्वयन गरिएको छ। यसबाट औद्योगिक क्षेत्रमा आवश्यक दक्ष जनशक्ति क्रमशः तयार हुँदै जाने अपेक्षा गरिएको छ। धौवादी फलाम खानीको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न भएको छ। खानी क्षेत्रको प्रवर्धन र उपयोगको लागि प्राथमिकतासाथ कार्य अगाडि बढाइएको छ। लघु, घरेलु तथा साना उद्योगको प्रवर्धनको लागि सिप विकास तथा प्रविधि हस्तान्तरणको कार्यक्रमहरू प्रस्तावित गरिएको छ। यसै गरी Business Incubation Centre स्थापना, सिपमूलक कार्यक्रम स्टार्टअप कोर्स कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्षका लागि कार्यक्रममा बजेट प्रस्ताव भएको छ। विभिन्न तोकिएका दुर्गम जिल्लामा खाद्यान्न तथा नुन ढुवानीका लागि उपलब्ध गराइने अनुदानलाई निरन्तरता दिइएको छ। उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता अदालत गठन गर्न बजेट विनियोजन गरिएको छ। बजारको स्वच्छता र प्रतिस्पर्धालाई सीमित गर्न उपभोक्ता हित विरुद्धका क्रियाकलापलाई नियन्त्रण र निरुत्साहित गर्न आगामी आर्थिक वर्षमा रणनीतिक रूपमा संयुक्त बजार अनुगमनलाई तीव्रता दिने, संवेदनशील र जोखिमयुक्त बजारको यकिन तथा विश्लेषण गरी नियमित एवं आकस्मिक रूपमा बजार अनुगमन गर्ने तयारी गरिएको छ। माननीय सदस्यहरूको जिज्ञासा मूल रूपमा मैले यसरी सम्बोधन गर्ने प्रयास गरेको छु।

सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८१ अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्बन्धी विनियोजित शीर्षकहरूमाथिको छलफलमा भाग लिई माननीयज्यूहरूले व्यक्त गर्नुभएको चिन्ता, चासो, धारणा तथा सुझावहरूका लागि धन्यवाद व्यक्त गर्दै सो सन्दर्भमा मन्त्रालयको धारणा स्पष्ट यहाँ चाहिँ गर्न चाहन्छु सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट। माननीय सदस्यज्यूहरूको रासायनीक मल, कृषिमा लगानी, कृषि क्षेत्रको संरक्षण तथा आत्मनिर्भरता, दुधको मूल्य भुक्तानी, बजारीकरण, कृषि तथा पशुजन बिमा र भुक्तानी, कृषि कर्जा, कृषि अनुदानको सदुपयोग, साना किसानमुखी कार्यक्रमहरू, प्राङ्गारिक तथा जैविक खेती प्रवर्धन, पशुपन्छीको रोग तथा महामारी नियन्त्रण लगायत विषयहरूको सन्दर्भमा महत्त्वपूर्ण प्रश्न, सुझाव र जिज्ञासाहरू व्यक्त गर्नुभएको छ।

सम्माननीय अध्यक्ष महोदय, रासायनिक मलखाद सम्बन्धमा चालु आ.व. २०८९०।०८१ मा विनियोजित बजेटबाट जम्मा आठ लाख मेट्रिक टन मलको लागि टेण्डर आह्वान भएको छ। हालसम्म आयात भएको र गत आ.व. मा मौजुदा रहेको परिमाण परी जम्मा चार लाख त्रिसठ्ठी हजार मेट्रिक टन रासायनिक मल देशभित्र उपलब्ध छ। जसमध्ये हालसम्म तिन लाख सतसठ्ठी हजार मेट्रिक टन मल बिक्री वितरण भएको छ भने थप बिक्री वितरण

प्रक्रिया स्थानीय तहमार्फत कृषि सहकारी तथा एग्रोभेटहरूबाट भइरहेको छ। थप एक लाख एकतीस हजार मेट्रिक टन आयात हुने क्रममा रहेको र असार मसान्तसम्ममा आयात भइसक्ने अवस्था रहेको छ। धान रोपाइको लागि मौजुदामा रहेको मल र आयात हुने मलबाट आवश्यकता पूरा हुनेछ। आगामी आ.व. २०८१।०८२ मा रासायनिक मल आपूर्तिका लागि रु सत्ताइस अर्ब पन्चान्नब्बे करोड विनियोजन गरिएको छ। हाल अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्य क्रमशः घट्दो क्रममा रहेकोले विनियोजित बजेटबाट नै छ लाख मेट्रिक मल अनुदानमा उपलब्ध गराउन सकिने भएकाले मल आपूर्तिमा समस्या हुने देखिँदैन। हाल मलको खरिद, आपूर्ति र भण्डारण व्यवस्थाका कारण मलमा अभाव हुने मलको अभाव हुने अवस्था छैन तर स्थानीय स्तरमा हुने वितरण प्रणालीमा केही समस्या अवश्य देखिएको छ जसलाई थप सुधार गरी किसानलाई समयमा मल उपलब्ध गराउने कुरामा मन्त्रालय लागेको छ। मल वितरण प्रणालीमा देखिएको समस्या समाधानको लागि विद्यमान निर्देशिकामा आवश्यक संशोधन गरी संशोधित मस्यौदा सबै प्रदेश मन्त्रालयहरूमा छलफल भइ अन्तिम चरणमा रहेको छ। प्राङ्गारिक तथा जीवाणु मल प्रवर्धन तथा नियमन गर्ने राज्यको नीति अनुसार आवश्यक बजेट तथा कार्यक्रमहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रस्ताव गरिएको छ भने समन्वय र सहजीकरण कार्य समेत भइरहेको छ। सम्माननीय अध्यक्ष महोदय, दुध सङ्कलन र भुक्तानी सम्बन्धमा हाल कृषकहरूलाई परेको समस्या र मन्त्रालयको पहल बारेमा म केही राख्न चाहन्छु। बजारमा दैनिक सरदर दश लाख लिटर दुध सङ्कलन हुने मध्ये सरकारी स्वामित्वमा रहेको दुग्ध विकास संस्थानले दैनिक एक लाख पचास हजार लिटरसम्म र बाँकी दुध निजी दुग्ध उद्योगहरूले सङ्कलन गरिरहेका छन्। कृषकहरूबाट सङ्कलित दुधको उद्योगहरूले भुक्तानी गर्न नसक्नुको कारण उद्योगमा धुलो दुध र बटरको मौज्दात धेरै हुनु हो। हाल गर्मी मौसमको सुरुवातसँगै एकातिर दुध सङ्कलन परिमाण घटेको र धुलो दुधको उत्पादन कम हुँदै गइरहेको अवस्था अर्को तर्फ दुग्ध बढाएको खपत केही बढ्दै गएकोले दुधको रकम भुक्तानीको अवस्था सुधारोन्मुख रहेको छ। मन्त्रालयमा सबै उद्यमीहरूले दुधको रकम भुक्तानी केही महिना भित्रै गरी सक्ने गरी प्रतिबद्धता समेत गरिसकेकोले समस्याको समाधान चाँडै नै हुने कुरामा मन्त्रालय विश्वस्त छ। सङ्कलित दुधको भुक्तानी कृषकलाई तुरुन्त प्रदान गर्न मन्त्रालयले सरोकारवालासँग समन्वय गरी अनुरोध गरिसकेको र यसमा ढिलाइलगायत अन्यथा हुन गएमा प्रचलित कानुनअनुसार कारबाही बढाइने कुराको जानकारी गराइसकिएको छ। सरकारी स्वामित्वमा रहेको दुग्ध विकास संस्थानबाट किसानलाई दिनुपर्ने भुक्तानीको लागि संस्थानले रु. तेत्तिस करोड ऋण लिई किसानको भुक्तानी गरिसकेको छ। हाल उक्त ऋणबाट समस्या समाधान नभएको जानकारी संस्थानबाट प्राप्त भएकोले संस्थानलाई थप स्रोत जुटाउन पहल भइसकेको छ। माननीयज्यूहरूबाट चासो व्यक्त

भएअनुसार सरकारी संस्थानको पुनसँरचना तथा सुदृढीकरणको लागि हाल अध्ययन कार्य भइरहेको र विज्ञहरूको प्रतिवेदनको आधारमा सुधार गर्ने योजना रहेको छ। दुध तथा दुग्धजन्य पद्धार्थको निर्यात र आन्तरिक खपतमा वृद्धि भई समस्याको समाधान हो भन्ने सोचका साथ मन्त्रालयले निर्यात सहजीकरणका कार्यक्रमहरू सञ्चालन निर्यातमा सहुलियत लिने गरी कार्यक्रम गरिरहेको र यसका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय भइरहेको छ।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखी बजेट व्यवस्थापन गरेता पनि पर्याप्त नभएको विषय महसुस भएकै छ। यसका लागि मन्त्रालयले सरकारी लगानीका अतिरिक्त निजी क्षेत्रका लगानी वृद्धि गर्न र अन्तर्राष्ट्रिय जलवायु वित्त व्यवस्थामार्फत जलवायु अनुकूलन तथा न्यूनीकरणसम्बन्धी आयोजना तर्जुमा एवं कार्यान्वयनलाई प्राथमिकता दिई काम गरिरहेको छ। प्रदेश र स्थानीय तहहरूलाई कृषिमा लगानी वृद्धि गर्न समन्वय, सहजीकरण र अनुरोध गरिएको छ। प्रमुख खाद्यान्न तथा तरकारी बालीहरूमा आत्मनिर्भर हुने गरी कृषि क्षेत्रका कार्यक्रमहरूका लागि बजेट विनियोजन गरिएको छ। कृषि क्षेत्रको समग्र विकासको लागि मन्त्रालय अन्तर्गत परियोजना सञ्चालनमा रहेका छन्। आगामी आ.व. को लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका लागि रु. दुई अर्ब अन्ठानब्बे करोड खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाको लागि रु. एक अर्ब तेह्र करोड, कृषि क्षेत्र विकास कार्यक्रमको लागि रु. उनान्सत्तरी करोड ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रमको लागि रु. तिन अर्ब अढतिस करोड, रानी जमरिया कुलरिया सिँचाइ आयोजना, आधुनिकीकरण कृषि कार्यक्रम तर्फ तेह्र करोड त्रिहत्तर लाख, पहाडी क्षेत्र काष्ठ तथा फलफूल विकास आयोजनालाई रु. चौसट्ठी करोड बयालिस लाख, कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रवर्धन कार्यक्रमको लागि रु. अठ्ठाइस करोड सन्ताउन्न लाख बजेट विनियोजन गरिएको छ। मन्त्रालयले कृषि क्षेत्रको संरक्षण र कृषिमा आत्मनिर्भरता हुने गरी कार्य गरिरहेको बेहोरा निवेदन गर्न चाहन्छु। जलवायुजन्य विपद्, रोग व्याधि एवं अन्य कारणबाट भएको केरा लगायत अन्य कृषि तथा पशु जन्य हानी तथा नोक्सानीको राहत, क्षतिपूर्तिको सम्बन्धमा कृषकहरूलाई कृषि तथा पशु बिमा कार्यक्रम मार्फत सहयोग पुऱ्याइएको छ। कृषि तथा पशुजन्य बिमा प्रिमियममा अनुदानको लागि चालु आ. व. मा विनियोजित साठी करोड भुक्तानी भइसकेको र थप सन्तान्नब्बे करोड भुक्तानी भइरहेको छ भने आगामी वर्षको लागि दुई अर्ब छ करोड विनियोजन भएको छ। कृषि अनुदान व्यवस्थापन सम्बन्धमा सङ्घीय मन्त्रालयबाट हाल कृषकहरूलाई अनुदानका कार्यक्रमहरू विशेष गरेर रासायनिक मल, उखु उत्पादन कृषक बिमा प्रिमियम, भ्याक्सिन, बिउ जस्ता विषयमा केन्द्रित रहेको छ। कृषिका अन्य क्षेत्रमा प्रदेश तथा स्थानीय

तहले कृषकहरूलाई सहुलियत प्रदान गरिआएका छन्। उत्पादनमार्फत गर्न सकिने औपचारिक क्षेत्रमा आउने कृषि तथा पशुपन्छीजन्य उत्पादनको हकमा प्रतिफलमा आधारित अनुदानको व्यवस्था गरिएको छ। मन्त्रालयले कृषि विधेयक तर्जुमा गरिसकेको र यो अन्य मन्त्रालयसँग छलफलको क्रममा रहेको छ। यस विधेयकले कृषि क्षेत्रका विषयवस्तुहरूलाई सम्बोधन गर्नुका साथै अनुदानलाई व्यवस्थित गर्ने प्रावधान समेत राखेको छ। मन्त्रालयले पशुपन्छी रोग तथा महामारी नियन्त्रण सम्बन्धमा पनि विशेष कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसका साथै सबै प्रदेश र स्थानीय तहहरूमा सशर्त वित्तीय हस्तान्तरणमार्फत बजेट विनियोजन भएको छ। पशुपन्छीको रोग तथा महामारी नियन्त्रणको लागि पशुस्वास्थ्य, रोग अन्वेषण तथा क्वारेन्टाइन कार्यक्रम अन्तर्गत रोग अन्वेषण महामारी रोग नियन्त्रण, Surveillance, क्वारेन्टाइन व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने गरी व्यवस्था मिलाइएको छ। सो कार्यक्रमको लागि पचपन्न करोड रकम विनियोजन भएको छ। खोरेत रोग नियन्त्रणकोलागि वृहत् अभियान कार्यक्रम पशुजन्य पद्धार्थको निर्यात प्रवर्धनको लागि मुलुकका निश्चित क्षेत्रलाई रोग मुक्त क्षेत्र घोषणा गर्ने कार्यक्रम रहेको छ। जलवायु परिवर्तन असरबाट नेपालको कृषि क्षेत्र अत्यन्तै प्रभावित भएको छ। यसको लागि जलवायु अनुकूलन तथा उत्थानशील कृषि प्रणालीको विकास र अनुसन्धान कार्यक्रमहरू सञ्चालनका लागि बजेट व्यवस्था गरिएको छ। साथै समग्र कृषि अनुसन्धान कार्यक्रमलाई रु. तिन अर्ब त्रिपन्न करोड विनियोजन गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, म सम्माननीय प्रधानमन्त्रीको तर्फबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय माथि माननीयज्यूहरूले गर्नुभएको, उठाउनु भएको प्रश्नहरूमा केही स्पष्ट गर्न चाहन्छु। उपलब्ध स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्ने बजेटको उद्देश्यलाई आत्मसात् गर्दै बजेट विनियोजन गर्दा प्रादेशिक सन्तुलन, जनसाङ्ख्यिक सन्तुलन, रणनीतिक महत्त्व राख्ने क्षेत्र तथा प्रमुख आर्थिक केन्द्रहरूलाई प्राथमिकता तथा आर्थिक, सामाजिक विकासका क्षेत्रहरूलाई आधार मानिएको छ। मन्त्रालयले बजेट प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगबाट जारी भएको आगामी तिन वर्ष २०८१।०८२, २०८३।०८४ को बजेट तर्जुमाको लागि बजेट सिमा मध्यमकालीन खर्च संरचना खाका तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र ढाँचा, २०८० आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८०, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, नियमावली, विभिन्न संवैधानिक आयोगबाट प्राप्त सुझावहरू लगायतका प्रावधान तथा व्यवस्थाहरूलाई आधार मानेको निवेदन गर्न चाहन्छु। आवधिक योजना र वार्षिक बजेट बिच तादात्म्यता कायम गराउने महत्त्वपूर्ण औजारको रूपमा विगतका प्रत्येक आर्थिक वर्ष राष्ट्रिय योजना आयोगबाट प्राप्त तयार

भई प्रकाशन भइरहेको मध्यमकालीन खर्च संरचनाको आ.व. २०७९।०८० मा भएको स्रोत प्रक्षेपण अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय आ.व. २०८१।०८२ का लागि करिब दुई खर्ब चौध अर्ब रुपैयाँ बराबरको खर्च हुने प्रक्षेपण गरिएकोमा सोही अनुसार बजेट विनियोजन हुने मन्त्रालय आँकलन रहेको र सोही अनुरूप नै आयोजनाहरूमा बजेट व्यवस्थापन तथा तयारी भइरहेकोमा आ.व. २०८१।०८२ का लागि मन्त्रालयलाई एक खर्ब पचास अर्ब त्रिपन्न करोड एक्काइस लाख विनियोजन सिलिङ प्राप्त भएको जुन मध्यमकालीन खर्च सञ्चालन तथा खर्च प्रक्षेपण तुलनामा न्यून बजेट विनियोजन भएको छ। आर्थिक वर्ष २०८१।०८२ को लागि सडकतर्फ विनियोजित कुल बजेट मध्ये वैदेशिक ऋण तथा दातृ संस्थाहरूबाट नियमित रूपमा सञ्चालित आयोजनाहरू बाहेक नआउने र रकम रु. एकसट्ठी अर्ब चवन्न करोडलाई प्रदेशअनुसार छुट्याइएको अंश हेर्दा कोशी प्रदेशमा रु. दश अर्ब चौरासी करोड, मधेस प्रदेशमा सात अर्ब बयासी करोड, बागमती प्रदेशमा करिब चौध अर्ब छब्बिस करोड, गण्डकी प्रदेशमा रु. सात अर्ब नौ करोड, लुम्बिनी प्रदेशमा नौ अर्ब पचास करोड, कर्णाली प्रदेशमा ६ अर्ब एकासी करोड र सुदूर पश्चिम प्रदेशमा पाँच अर्ब बाइस करोड रहेको बेहोरा म यस सम्मानित सभामा निवेदन गर्दछु।

(१३:१० बजे) <u>पीठासीनः माननीय उपाध्यक्ष श्री विमला घिमिरे।</u>

<u>माननीय अर्थ मन्त्री वर्षमान पुनः-</u> यसरी विनियोजित बजेटमध्ये भौतिक मन्त्रालयको बजेट नेपाल सरकारतर्फ कुल चौसठ्ठी अर्ब, बयालिस करोड सैतिस लाख र वैदेशिक स्रोत तर्फ रु. पचासी अर्ब, सत्तरी करोड, चौरासी लाख रहेको बेहोरा म यहाँ निवेदन गर्न चाहन्छु। यसमध्ये काठमाडौं-तराई मधेस फास्टट्र्याकलाई विनियोजन भएको अंश बाइस अर्ब चवन्न करोड त्रियान्नब्बे लाख रहेको छ तर विनियोजित बजेटमा वैदेशिक स्रोतको अंश बढीरहेको छ। यो कुल विनियोजनको तुलनामा करिब ५७% रहेको निवेदन गर्न चाहन्छु। माननीय सदस्यज्यूहरूले बढी चासो राख्नुभएको सडकतर्फ विनियोजनमा पुँजीगत बजेट रु. एक खर्ब पन्ध्र अर्ब बाइस करोड रहेको छ। जसमध्ये वैदेशिक ऋण र अनुदान गरेर चवन्न अर्ब बयानब्बे करोड छ भने नेपाल सरकारतर्फ वैदेशिक काउन्टरपार्टसहित गरेर जम्मा साठी अर्ब तीस करोड बजेट रहेको छ। आगामी आ.व. २०८१।०८२ को आर्थिक वार्षिक कार्यक्रममा समावेश गर्न करिब आठ हजार योजनाहरूको माग भई आएको थियो। जसलाई एक करोड मात्रै विनियोजन गर्दा समेत करिब असी अर्ब बराबर बजेट विनियोजन प्राप्त निवेदन प्राप्त  सडक तथा पुलका आयोजना

विनियोजन गर्नुपर्ने स्थिति रहेको थियो। यसरी प्राप्त निवेदनलाई प्राथमिकीकरण गरी माग, आवश्यकता तथा औचित्यको आधारमा बजेट विनियोजन गरिएको निवेदन गर्न चाहन्छु। न्यून बजेट विनियोजनले गर्दा नै आयोजनाहरूको प्राथमिकीकरण चुनौतिपूर्ण भएको अवस्थामा समेत प्राप्त सीमित आर्थिक स्रोतलाई प्राथमिकीकरण गरी विभिन्न बजेट उपशीर्षक अन्तर्गतका योजनाहरूका लागि आवश्यक बजेटको पहिचान गर्दा आयोजनाहरूको कुल ठेक्का दायित्व रकम वैदेशिक सहायताहरू सञ्चालन कार्यक्रम तथा आयोजनाको हकमा विदेशि सहायता सम्झौता भइसकेको वा अर्थ मन्त्रालयबाट सहमति प्राप्त कार्यक्रम आयोजनाको लागि अनिवार्य गर्नुपर्ने बजेट प्रस्तावको रकम विगत आ.व. मा अर्थमन्त्रालयबाट प्राप्त स्रोत सहमति अनुसारका ठेक्काहरूलाई र आगामी आ.व. मा अनिवार्य रूपमा कार्यान्वयन गर्ने आवश्यक पर्ने रकम जस्ता विभिन्न आधारहरूको अधिनमा रही प्रस्ताव गरिएको छ। साथै विगतमा स्रोत सहमति प्राप्त तथा बहुवर्षीय ठेक्का व्यवस्थापन भई कार्यान्वयनमा भइरहेका आयोजनाहरूको लागि क्रमागत रूपमा बजेट विनियोजन गर्नको लागि प्राथमिकता दिइएको छ। हालको अवस्थामा पूराना कार्यक्रममा कै कुल ठेक्का दायित्व करिब दुई खर्ब रहेको अवस्थामा नयाँ कार्यक्रम आयोजनाहरूको लागि बजेट अपुग भएको अवस्था छ। यद्यपि केही राष्ट्रिय गौरवका आयोजनाहरू लगायत अन्य महत्त्वपूर्ण आयोजनाहरू जस्तै मध्य पहाडी हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, कर्णाली कोरिडोर, भेरी कोरिडोर, तमोर कोरिडोर, अरुण कोरिडोर, कालीगण्डकी कोशी कोरिडोर, अरनिको राजमार्ग आदि प्राथमिकतासाथ प्राप्त सडकहरूमा प्राथमिकता बजेट प्रस्ताव गरिएको निवेदन गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय उत्तर दक्षिण राजमार्ग अन्तर्गत कर्णाली, कालीगण्डकी, कोशी कोरिडोर जस्ता राष्ट्रिय गौरवका आयोजनाहरूलाई उच्च प्राथमिकतासहित विगतमा भन्दा बढी रकम प्रस्ताव गरिएकोमा यस सम्मानित सभामा छलफलका क्रममा माननीयज्यूको धारणा एकदमै सकारात्मक पाएको छु। विगतको तुलनामा कर्णाली प्रदेश लगायतका क्षेत्रहरूमा यसपटक प्राथमिकता साथ बजेट विनियोजन भएको बेहोरासमेत अवगत गराउन चाहन्छु। कर्णाली प्रदेशसँग मदन भण्डारी राजमार्ग अन्तर्गत आयोजना अन्तर्गत यस वर्ष कर्णाली प्रदेश अन्तर्गत मात्र करिब तिन अर्ब बराबरको निर्माण कार्यको ठेक्काहरू व्यवस्थापनको चरणमा रहेको छ। साथै आगामी आ.व. मा कर्णाली कोरिडोरलाई उच्च प्राथमिकतामा राखी ठेक्का व्यवस्थापन गर्ने सरकारको पूर्व तयारी रहेको छ। मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला सडक रतरा नाग्मा गमगढी, नाग्चेन लाग्ना सडक लगायतका लागि छुट्टै बजेटको उपशीर्षक कायम गरी बजेट व्यवस्थापन भइरहेको छ। लुम्बिनी रारा

राजमार्गलाई उच्च प्राथमिकताकासाथ बजेट विनियोजन गरिएको छ। यी कार्यहरूले सरकार कर्णालीको विकाससँग संवेदनशील भएको पुष्टि गर्दछ। केही खास जिल्लाहरूमा धेरै बजेट विनियोजन भएको विषयमा म के निवेदन गर्न चाहन्छु भने २०७७।२०७८।२०७९ का वार्षिक कार्यक्रमहरूमा परेका आयोजनाहरू गत केही आ.व. हरूदेखि छुट भएका र उक्त आयोजनाहरूको निर्माण कार्यहरू समेत अलपत्र अवस्थामा रहेका थिए। सो को निरन्तरता यस आ.व. मा पुनः समावेश गरिएको छ भने कतिपय अवस्था निर्माण कार्य सकिएको तर भुक्तानी नभएको आयोजनाहरूमा अनिवार्य दायित्व भुक्तानी प्रयोजनार्थ रकम विनियोजन गरिएको बेहोरा म यस सम्मानित सदनसमक्ष राख्न चाहन्छु। यसरी बजेटको विनियोजन हेर्दा क्षेत्रीय सन्तुलनका विषयमा सरकार संवेदनशील रहेको कुरा प्रस्ट हुन निवेदन गर्न चाहन्छु। यद्यपि आवधिक योजना राष्ट्रिय नीति तथा अन्य क्षेत्रगत रणनीतिक योजनाहरूले अङ्गीकार गरेअनुसार सामरिक महत्त्वका सडक सञ्जाल तथा मुख्य मुख्य राजमार्गहरूलाई उच्च क्षमतामा विस्तार गर्ने कार्यक्रम रहेकाले सिद्धान्ततःत्यस आयोजनाहरूमा स्वभावतः बढी विनियोजन गर्नु पर्ने अवस्था छ। आयोजनाहरूको डीपीआर कार्यक्रममा आयोजनाहरूको कार्यान्वयनमा जाँदा डीपीआर लगायत पूर्व तयारी कार्यहरू सम्पन्न गरेर मात्र बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने गरिएको म निवेदन गर्न चाहन्छु। यो भौतिक पूर्वाधार मन्त्रालयसँग सम्बन्धित छ। अब खानेपानी मन्त्रालयको छ।

सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म खानेपानी मन्त्रालयको आ.व. २०८१।०८२ को वार्षिक कार्यक्रम तथा विनियोजित बजेट सम्बन्धमा सक्रियता साथ छलफलमा भाग लिनुहुने तथा सिर्जनात्मक सुझाव दिने माननीय सांसदज्यूहरूलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु। मन्त्रालयको आगामी आ. व. को विनियोजन सम्बन्धमा थप प्रकाश पार्दै माननीयज्यूहरूबाट आएको चासो र जिज्ञासाहरूको समाधान गर्न कोसिस गरिएको छ। मन्त्रालयको आगामी आ.व. को विनियोजन सम्बन्धमा केही प्रकाश पार्न अनुमति चाहन्छु। खानेपानी मन्त्रालय आ.व. २०८१।०८२ का लागि प्राप्त सिलिङ कुल छब्बिस अर्ब पैसठ्ठी करोड अठ्हत्तर लाख मध्ये विनियोजन तर्फ रु. सोह्र अर्ब एकतीस करोड, नब्बे लाख, वित्तीय व्यवस्था तर्फ रु. सात अर्ब, अढतिस लाख तथा सङ्घीय सशर्त अन्तर्गत प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रम आयोजनाको लागि तिन अर्ब तेत्तिस करोड पचास लाख विनियोजन भएको छ। मन्त्रालय मातहतको खानेपानी तथा ढल व्यवस्थापन बिमा कार्यक्रम आयोजना सम्बन्धमा केही विषय राख्न चाहन्छु। सङ्घीय मन्त्रालय ठुला तथा वृहत् आयोजनाको निर्माणसँगै सञ्चालनरत आयोजनाहरूको मर्मत तथा पुनर्स्थापनालाई पनि ध्यानमा राख्दै कार्यक्रमलाई अगाडि बढाइराखेको छ।

सङ्घीयस्तरमा सुख्खा क्षेत्रका लागि जलवायु अनुकूलन वृहत् खानेपानी आयोजना सञ्चालनमा छ। साना अर्ध सहरी क्षेत्रमा मध्यम प्रकृतिका आयोजनाहरू केन्द्रिय खानेपानी आयोजना, खानेपानी तथा सरसफाई सहलगानी कार्यक्रम मार्फत आयोजनाहरू कार्यान्वयनमा छन्। सम्पन्न आयोजनाको गुणस्तर अभिवृद्धि तथा प्रभावकारी सञ्चालनको लागि आवश्यक पर्ने मर्मत तथा पुनर्स्थापना गर्न क्रमशः खानेपानी गुणस्तर सुधार तथा खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम रहेको छ। यस्तै विभाग अन्तर्गत हाल एसियाली विकास बैङ्क र विश्व बैङ्कको ऋण सहयोगमा क्रमशः सहरी खानेपानी तथा सरसफाई क्षेत्रगत आयोजना र कर्णाली सुदूरपश्चिम कार्यक्षेत्र भएको खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार कार्यक्रम सहयोग आयोजना सञ्चालनमा रहेको छ। धरान, धनगढी, भरतपुर, बुटवल, हेटौंडा लगायतका बाइस ठुला आयोजनाहरू एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पाइपलाइनमा रहेको बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, वार्षिक विनियोजन तथा तराई मधेसको वर्तमान खानेपानी समस्या आगामी आ.व. को २०८१।०८२ को बजेटले सम्बोधन गर्ने विषयमा माननीय तुलसा कुमारी दाहालले धारणा राख्नुभएको छ। खानेपानी मन्त्रालय अन्तर्गत ठुला प्रकृतिका बहुवर्षीय ठेक्काबाट सञ्चालन हुने आयोजनाहरू साथै सेवा विस्तार, पुनर्स्थापना र गुणस्तर अभिवृद्धि कार्यक्रमहरू आयोजनामा रहेका छन्। ठुला वृहत् आयोजनाहरूमा आवश्यकता अनुसार धेरै बजेट विनियोजन हुने गरेको छ भने साना आयोजनाहरूमा मर्मत लगायत गुणस्तर अभिवृद्धिमा थोरै बजेट विनियोजन हुने गरेको छ। आयोजनाको प्रकृति तथा आवश्यकता अनुसार विनियोजन भएकोले मन्त्रालयको विनियोजन धेरै थोरै देखिएको स्पष्ट गर्न चाहन्छु। यस्तै अधिकाङ्श माननीयज्यूहरूले तराई मधेसको खानेपानी समस्या समाधानलाई मन्त्रालयबाट भएका पहल तथा आगामी बजेटले समेटिएको विषय सम्बन्धी जिज्ञासा राख्नुभएकोले यस सम्बन्धमा केही कुरा राख्ने अनुमति चाहन्छु। तराई मधेसमा हाल देखिएको खानेपानी समस्या तत्काल समाधानका लागि अधुरा र विभिन्न कारणले सञ्चालनमा आउन नसकेका दुई सय असीवटा खानेपानी आयोजनाहरूको यकिन भइ सहयोगका लागि दातृ निकायसँग अनुरोध गरिएको छ। यस सम्बन्धमा दातृ निकायसँग छलफल भइरहेको छ। मधेस प्रदेशमा भूमिगत पानीको गुणस्तरको म्यापिङ्गको लागि दातृ निकाय एसियाली विकास बैङ्कले सहयोग गर्ने जानकारी गराएको छ। यसबाट तराई मधेसको भूमिगत पानी तथा गुणस्तरको अवस्था यकिन हुनेछ। खानेपानी मन्त्रालय अन्तर्गत रहेको खानेपानी तथा ढल व्यवस्थापन विभागले पनि तराई मधेसका केही स्थानहरूमा भूमिगत पानीको म्यापिङ् सम्बन्धमा अध्ययन गरिरहेको छ। अध्ययन सम्पन्न भएपश्चात् पानीको सतह घट्नुको

यथार्थ अवस्था थाहा हुनेछ। मधेस प्रदेशका सबै जिल्लाहरूमा देखिएको खानेपानी समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्ने उद्देश्यले सुनकोशी मरिन, सुनकोशी कमला तथा पश्चिमका जिल्लाका लागि नारायणी चितवन, भेरी बबई कोहलपुरमा खानेपानी आपूर्ति गर्ने गरी थोक वितरण प्रणालीको अध्ययन आगामी आ. व. बाट सुरु गरिने छ। थोक वितरण भन्नाले कुनै स्रोतबाट ठुलो मात्रामा पानी ल्याइ विशेष स्थानमा पानी वितरण गर्ने प्रणालीलाई जनाउँछ। आगामी आ.व.मा तराई मधेसका बढी जनघनत्व लगायत स्थानहरूमा डिप बोरिङ मार्फत खानेपानीको व्यवस्थापन गर्ने कार्यक्रमहरू समावेश छन्। तराई मधेसमा हाल देखिएको पानीको समस्याको दीर्घकालीन समाधान चुरे संरक्षण र ठुला थोक वितरण प्रणालीको निर्माण भएकोले मन्त्रालयले यस सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूसँग समन्वय गरिरहेको छ। माननीय राजेन्द्र लक्ष्मी गैरेबाट पनि महत्त्वपूर्ण सुझावहरू प्राप्त भएका छन्। हामी सबैको उद्देश्य सबै नागरिकलाई खानेपानीमा पहुँच पुऱ्याउने नै हो। संविधानले तीनै तहलाई खानेपानीको अधिकार दिएको छ। खानेपानी आपूर्ति Gravity प्रणालीबाट गर्दा सस्तो र भरपर्दो हुने हुँदा हाम्रो जोड यसैमा हुने गरेको छ। तथापि जलवायु परिवर्तन असर र मानवीय क्रियाकलापका कारण खानेपानीको स्रोतहरू सुक्ने तथा सुक्ने क्रम बढेकोले पम्पिङ्ग प्रणालीबाट पनि पानी आपूर्ति भइरहेको छ। पम्पिङ्ग प्रणाली सञ्चालनको हिसाबमा खर्चिलो प्रणाली हो। सुख्खाग्रस्त स्थानहरूमा मल्टी पम्पिङ्गबाट पानी आपूर्ति भई सञ्चालन भइरहेका खानेपानी आयोजनाहरूको हकमा खानेपानी मन्त्रालयले आगामी आ.व. मा विद्युत महसुलमा अनुदान दिने लगायत सम्बन्धमा केही रकम विनियोजन गरेको छ। आवश्यक कार्यविधि स्वीकृत गरी यसतर्फ आगामी आ.व.बाट मन्त्रालयले कार्य गर्नेछ। यसबाट पम्पिङ्ग आयोजनाहरू सञ्चालनमा सहजता हुने मन्त्रालयले अपेक्षा गरेको छ। काठमाडौं उपत्यका भित्रको खानेपानीको अवस्था तथा खानेपानी मेलम्ची खानेपानी आयोजना सम्बन्धमा केही माननीयज्यूहरूबाट धारणा आएको हुँदा यस सम्बन्धी केही कुरा राख्ने अनुमति चाहन्छु। मेलम्ची खानेपानी आयोजना बाह्रै महिना सञ्चालन गर्न मन्त्रालय गम्भीर रहेको छ। यसै समयमा नेपाल सरकारबाट Intake स्थानान्तरण गर्ने सैद्धान्तिक सहमति प्राप्त भइसकेको छ भने दातृ निकाय एसियाली विकास बैङ्कबाट पनि औपचारिक आयोजना सञ्चालनको लागि सकारात्मक रूपमा छलफल अगाडि बढेको छ। दीर्घकालीन समाधान नभएसम्मका लागि मेलम्ची संरचनाहरू मुख्यतः सुरुङ्ग र पानी प्रसोधन केन्द्रहरूको सुरक्षणको लागि वर्षायाममा पानी बन्द गर्ने गरिएको छ। मनसुन समाप्त भएपश्चात् तत्काल पानी सञ्चालनलाई आवश्यक निर्माण, मर्मतकार्य, संभार कार्य गर्ने गरी तयारी भएको छ। मेलम्चीको पूरकको रूपमा मकवानपुर जिल्लाको सिस्नेरी खोलाको अध्ययन पनि भइरहेको छ। साथै काठमाडौं जिल्ला भित्रका स्थानीय स्रोतहरूको पहिचान र प्रयोग गर्ने सम्बन्धमा पनि अध्ययन भइरहेको छ। काठमाडौंको

शिवपुरीबाट थप खानेपानी आपूर्ति गर्ने सम्बन्धमा कार्य भइरहेको छ। आगामी आ.व. को लागि काठमाडौं उपत्यका खानेपानी सुधारका लागि एक अर्ब त्रिसठ्ठी करोड उनन्चाइस लाख विनियोजन भएको छ। यस अन्तर्गत विशेषगरी चक्रपथ भित्र र केही चक्रपथ बाहिरका स्थानहरूमा मेलम्चीको खानेपानी वितरण प्रणाली निर्माण र सम्पन्न पाइप सञ्जाल पानी परीक्षण कार्य गरिने छ। केही माननीयज्यूहरूबाट स्रोत संरक्षणसम्बन्धी राखुभएको धारणा अनुसार नै खानेपानी मन्त्रालय जलाशययुक्त खानेपानी आयोजनाको निर्माण गरी खानेपानी आपूर्ति गर्ने गरी कार्य अगाडि बढाइएको बेहोरा जानकारी गराउन चाहन्छु। भक्तपुरको महादेवा खोला, गुल्मीको कन्के देउरालीमा सम्पूर्ण कार्य पूरा भइसकेको छ। पुनर्भरण रिचार्जका कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अबलम्वन गर्न तिनवटै तहमा नीतिगत एवं कार्यक्रमिक समन्वय आवश्यक छ। मुलुकको सबै वस्ति र जनतालाई खानेपानी सेवा पुऱ्याउन खानेपानी मन्त्रालय प्रतिबद्ध छ। अबको हाम्रो लक्ष्य भनेको सबैमा सुरक्षित खानेपानी पुऱ्याउनु हो। मन्त्रालय अन्तर्गत सञ्चालित कार्यक्रम आयोजनाहरू एक घर एक धारा अवधारणामा सुरक्षित पानी वितरण गर्ने तर्फ केन्द्रित छन्। उपलब्ध सीमित स्रोत साधनबाट मन्त्रालयले खानेपानीसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको छ। खानेपानी तथा सरसफाई सबैको आवश्यकताको विषय हो। खानेपानी तथा सरसफाईको विकाससँगै पानीजन्य रोगबाट हुने बालमृत्यु दर घट्ने, मानिसको सरदर आयु बढ्ने उत्पादकत्व वृद्धि भई गाहस्थ्र्य आयमा बढोत्तरी हुने जस्ता सकारात्मक नतिजा देखिने हुँदा सबैको पहलमा यसको पहुँच हुनुपर्दछ।

सम्माननीय अध्यक्ष महोदय, माननीयहरूले खानेपानी मन्त्रालयका आ.व. २०८१।०८२ को बजेट बारे उठाउनु भएको जिज्ञासाहरूको सम्बोधन गर्न कोसिस गरेको छु। सम्माननीय अध्यक्ष महोदय, अब म २०८१।०८२ को विनियोजन विधेयक अर्थमन्त्रालयसँग सम्बन्धित विषयमा थोरै केही विषय स्पष्ट गर्ने अनुमति चाहन्छु।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं योजनाको सोच, गणतन्त्रको डेढा दशकको उपलब्धिको समीक्षा र विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा माननीय सदस्यहरूबाट व्यक्त भएको रचनात्मक सुझाव, नेपाल सरकार नीति तथा कार्यक्रम एवं नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेको प्रतिबद्धतालाई प्रमुख आधारको रूपमा ग्रहण गरी बजेट तर्जुमा गरेको हो। मुलुकमा चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनको आकार, सार्वजनिक वित्तको अवस्था, विगतका बजेटका आकारको तुलनामा बजेटको आकार महत्त्वाकाङ्क्षी नरही सन्तुलित रहेको छ। बजेटको कार्यदिशा अर्थतन्त्रलाई थप चलायमान बनाउने निजी क्षेत्रसमेतको मनोवल बढाउने रहेकोले बजेट वितरणमुखी नभई उत्पादनमुखी रहेको विश्वास दिलाउन चाहन्छु।

आगामी आर्थिक वर्षका लागि कुल खर्च रु. अठार खर्ब, साठी अर्ब, तिस करोड विनियोजन गरिएको छ। यो खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ६.२% ले मात्र बढी हो। चालु आर्थिक वर्ष २०८०।०८१ मा चालु खर्च ६५.२%, पुँजीगत १७.२५% र वित्तीय व्यवस्थापनमा १७.५५% रहेकोमा आगामी आर्थिक वर्ष चालु खर्च ६१.३१%, पुँजीगत तर्फ १८.९४%, वित्तीय व्यवस्था तर्फ १९.७४% प्रस्ताव गरिएको छ। चालु आर्थिक वर्ष २०८०।०८१ को तुलनामा चालु खर्च तर्फ न्यून बजेट विनियोजन गरिएको छ भने पुँजीगत खर्च तर्फ बजेट वृद्धि गरिएको छ। यसै गरी प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँट र अनुदान गरी रु. पाँच खर्ब सत्सठ्ठी अर्ब अर्थात कुल विनियोजन ३०.५% वित्तीय हस्तान्तरण गरिने सुनिश्चितता जनाइएकोले प्रदेश र स्थानीय तहमा जाने रकममा पनि चालु आर्थिक वर्षभन्दा बढी नै विनियोजन गरिएको छ। सो रकमबाट सञ्चालन हुने क्रियाकलाप तथा सङ्घीय सरकारको कार्यक्रमबाट सञ्चालन गरिने क्रियाकलापबाट प्रादेशिक सन्तुलन निर्माणमा योगदान पुग्ने अपेक्षा लिइएको छ। आगामी वर्ष पुँजीगत खर्च गर्ने क्षमता वृद्धि गर्न तथा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन आयोजना अवधिभर आयोजना प्रमुखको सरुवा नगर्ने, राष्ट्रिय प्राथमिकता आयोजना दुई सिफ्टमा काम गर्ने, विकास आयोजना कार्यान्वयनसम्बन्धी कानुन तर्जुमा गर्ने। बजेट कार्यान्वयन कार्ययोजना असार मसान्तभित्र तयार गर्ने र आवश्यक कार्यविधि मापदण्ड निर्देशिका, २०८१ श्रावण मसान्तभित्र तयार गर्नुपर्ने व्यवस्थाले पुँजीगत खर्चमा सुधार हुने तथा बजेट कार्यान्वयन उपलब्धिमूलक हुने विश्वास लिएको छ। चालु आर्थिक वर्षको विनियोजनभन्दा आगामी आर्थिक वर्ष शिक्षा क्षेत्रमा करिब छ अर्ब बढी बजेट विनियोजन गरिएको हुँदा शिक्षा क्षेत्रलाई उच्च प्राथमिकता एवं महत्त्व दिई बजेट विनियोजन गरिएको छ। आगामी वर्ष कृषि क्षेत्रमा लगानी दशक घोषणा गरी कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा प्रविधिको प्रयोग गरी उत्पादन, भण्डारण, प्रशोधन एवं वितरणका समग्र चरणमा सुधार गर्दै उत्पादन तथा उत्पादकत्व बढाउने लक्ष्य राखेको छ। कृषि क्षेत्रमा सरकारले उच्च महत्त्व र प्राथमिकता दिएको हुँदा म सम्मानित सदनसमक्ष जानकारी गराउँछु।

सरकारले आवधिक रूपमा बजेट तर्जुमा गर्दा प्रचलित ऐन, कानुन, बजेट तर्जुमा दिग्दर्शन एवं स्वीकृत प्रणाली अनुरूप छलफल तथा स्वीकृति गर्ने प्रक्रियामा सबै जनप्रतिनिधिको अहम् भूमिका अधिकार समान छ भन्ने विश्वास दिलाउन चाहन्छु। सरकार सबै भूगोल भौगोलिक क्षेत्र, वर्ग, सामुदायिक समानुपातिक र सन्तुलित विकासप्रति प्रतिबद्ध रहेको छ। यद्यपि सरकारले बजेट विनियोजन गर्दा आयोजना बैङ्कमा आबद्ध भएका बहुवर्षीय स्रोत सहमति दिएका आगामी आर्थिक वर्षमा सम्पन्न हुने सिर्जित दायित्व भुक्तानी गर्नु पर्ने क्रमागत रूपमा रहेका तथा अनिवार्य दायित्व

अन्तर्गत खर्च हुने आयोजना तथा कार्यक्रममा प्राथमिकतापूर्वक अनिवार्य रूपमा बजेट प्रस्ताव गर्नुपर्ने नै हुन्छ। यसरी प्रस्ताव गर्दा सबै निर्वाचन क्षेत्रमा समान विनियोजन नभएको हुनसक्छ तर नेपाल सरकारले कुनै दल वा नेता वा मन्त्रीको क्षेत्र निर्वाचन क्षेत्र वा मन्त्रीका नजिकका व्यक्तिका लागि मात्रै बजेट छुट्याएको भन्ने सत्य होइन र सरकारको प्राथमिकता सन्तुलित एवं समानुपातिक विकास नै रहेको छ। सरकारले गर्ने लगानी, प्रत्यक्ष वैदेशिक लगानीमा हुने थप वृद्धि र निजी क्षेत्रबाट परिचालन हुने लगानी समेतका कारण थप रोजगारीका अवसर सिर्जना भई विदेश पलायन हुने युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गरी युवालाई आकर्षण गर्ने नीति बजेटले लिएको छ।

सम्माननीय अध्यक्ष महोदय, निश्चय पनि बदलिँदो राजनीतिक परिस्थितिका कारणले मेरो आफ्नो मन्त्रालयसहित पाँचवटा मन्त्रालयहरूको थप विषयहरूमा स्पष्टीकरण दिनु पर्दा माननीय सदस्यहरूको जिज्ञासाहरू सम्बन्धित मन्त्रालयका सचिवज्यूहरूले कार्यक्रमसँग सम्बन्धित जिम्मेवार पदाधिकारीले तयार गरेको हुनाले उठेको जिज्ञासाहरू मूल रूपमा संबोधन भए भन्ने नै मलाई विश्वास छ। र यसमा अवश्य पनि बजेट २०८१।०८२ को लागि प्रस्तावित बजेटले आगामी वर्षलाई एउटा चाहिँ आर्थिक क्षेत्रमा एउटा चलायमान र एउटा गतिशील अवस्था पैदा गर्नेछ। खासगरी हामीले हाम्रो देशको विशेषतालाई आत्मसात गर्दै कृषिमा, पर्यटनमा, जलस्रोतमा, IT मा र उत्पादनमूलक उद्योगको क्षेत्रमा मुख्य रूपान्तरणकारी क्षेत्र परिभाषित गर्दै अरू क्षेत्रलाई पनि सन्तुलित ढङ्गले अगाडि बढाउने कोसिस गरेको छ। यो कुनै व्यक्ति विशेष, कुनै सरकार विशेष, कुनै मन्त्री विशेषको भन्दा पनि समग्र राष्ट्रकै प्राथमिकताका क्षेत्र हुन्। रूपान्तरणकारी क्षेत्र हुन्। यसमा कुनै दल, सरकार या नेतृत्व परिवर्तन या निरन्तरतासँग भन्दा पनि समग्र देशको नीतिको निरन्तरता, नीतिको स्थायित्व यसमा हुनेछ भन्ने नै म माननीय सदस्यहरूलाई विश्वास दिलाउन चाहन्छु। यसले हाम्रो देशको समग्र रूपान्तरणको लागि र थोरै सुस्त भएको अर्थतन्त्रलाई सुधार गर्नको लागि टेवा पुग्नेछ। आगामी वर्षको बजेटले र ६% आर्थिक वृद्धि हुन्छ भन्ने प्रक्षेपण या अनुमान सार्थक हुनेछ। र जति पनि सुधार हुँदै गएको छ। गत वर्ष १.९% को आर्थिक वृद्धि थियो। चालु वर्षमा ३.९% हाराहारी अथवा ७/८ भनेको ९ नै हो। ३.९% को जोन वृद्धि प्रक्षेपण गरिएको छ। यो चाहिँ सार्थक हुने नै देखिन्छ। र यसको जगमा आगामी आर्थिक वर्ष ६% को आर्थिक वृद्धि सम्भव छ भन्ने नै यो प्रस्ताव केही बजेटको प्रस्तावना हो र त्यो चाहिँ सम्भव देखिन्छ। र माननीय सदस्यहरूसँग मैले चाहिँ राख्ने कुरा चाहिँ थुप्रै कोणबाट बजेटलाई आलोचना, सुझाव या चाहिँ रचनात्मक रूपले हेर्न सकिन्छ। तर हामीसँग भएको साधन स्रोतले यो असाध्यै विनियोजन कुशलता अपनाइएको छ र धेरै जानकार

मान्छेहरू, अर्थशास्त्रका विज्ञ, योजनाका विज्ञहरूले के यो बजेटलाई सन्तुलित हो? अहिलेको सन्दर्भमा यो भन्दा सन्तुलित, यो भन्दा वस्तुगत बजेट प्रस्तुत गर्न सकिन्न भन्ने नै सुझावहरू पनि feedback हरू पनि आएको छ। यसबाट पनि के अहिलेको हाम्रो समग्र स्रोत मै आएको सङ्कुचनमा यो भन्दा धेरै राम्रो गर्न सकिन्छ भन्ने मलाई लाग्दैन। त माननीय सदस्यहरूको सुझावहरू, जिज्ञासाहरू जतिपनि छन् त्यसलाई सम्मान गर्दै म यो कुराहरू राख्न चाहन्छु। धन्यवाद।

(१३:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:-माननीय सदस्यहरू, माननीय अर्थ मन्त्री वर्षमान पुनले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु।

स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:३१ बजे) <u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, अर्थमन्त्रीज्यू राजस्व दश/एघार खर्ब मात्र होइन। बिस/बाइस खर्ब उठाउन सकिन्छ तर राजस्व नीति निर्माण हुने सङ्कुचन, नीति निर्माण हुने सङ्कुचन, निर्धारणमा हुने हेराफेरि, राजस्व उठाउँदा हुने चुहावट, बाँकी बक्यौता उठाउँदा हुने माफी मिनाहा आदि किसिमका चुहावटमा शुद्ध विचारबाट सबै तहमा काम गर्ने वातावरण बनाउन तलब भत्ता पनि दोब्बर गर्ने र चुहावटमा पनि कडाइ गर्न कानुनी व्यवस्था र त्यसको प्रयोग गर्ने हो भने सम्भव छ जस्तो मलाई लाग्छ। म यो कुरा पहिला पनि भनेको थिएँ। धन्यवाद।

(१३:३२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, अब म, माननीय सदस्यहरूले सोध्नु भएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न  माननीय अर्थ मन्त्री वर्षमान पुनलाई समय उपलब्ध गराउँछु।

(१५:३२ बजे) <u>माननीय अर्थ मन्त्री वर्षमान पुनः-</u> सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यले जिज्ञासा राखुभयो। स्पष्टीकरण सोध्नुभयो त्यसको लागि धन्यवाद छ। हाम्रो अहिलेको जति अर्थतन्त्रको जुन आकार छ। त्यसबाट निश्चय पनि योभन्दा अझ राम्रो गर्न सकिन्छ भन्ने कुरा हामीलाई पनि विश्वास छ। त्यसतर्फ प्रस्तावित बजेटमा थुप्रै राजस्व प्रशासनमा सुधारका कुराहरू प्रस्ताव गरिएका छन्। र केही कुराहरू यसमा चाहिँ हेराफेरि हुन्छन् कि दुनियाँ हुन्छन् कि भन्ने  कुरा त्यस्तो हुँदैन। बाहिर त किनभने अर्थ भनेको पैसा, धन। धन देखेपछि महादेवको पनि तिन नेत्र भन्दा चाहिँ तेस्रो नेत्र खुल्ने भनेपछि कस्तो चिज होला। अवश्य पनि यसमा सबैले खबरदारी गर्ने शङ्का गर्ने, यसमा चाहिँ प्रश्न गर्ने कुराहरूलाई अन्यथा मान्न सकिँदैन। तर राजस्व प्रशासन भनेको प्रोफेसनल संयन्त्र हो। जसमा चाहिँ हामीले बाहिरबाट हेर्दा अर्थमन्त्री बसेर अन्तिम दिन त्यो अङ्क चढाउछन् होला जस्तो लाग्छ। त्यसो होइन किनभने अर्थ विधेयकै प्रस्तुत गर्छौं हामी जसमा चाहिँ धेरै छलफलबाट प्रोसेस गरेरै आउछ। यहाँ माननीय सदस्यहरूले पनि देखिराख्नुभा'छ हामी अरु विधेयक जस्तै हामीले यसपटक मैले हाउसमा पनि सम्मानित हाउसमा पनि प्रतिनिधि सभा, राष्ट्रिय सभा दुवै ठाउँमा पनि बोलेको थिएँ। पब्लिकमा पनि, सबै जसो मिडियाहरूमा पनि कि यसपटक चाहिँ हामीले विगतमा जहिले पनि अर्थमन्त्रीहरू विवादित हुने किनभने यो करका दरहरू सामान्य हेरफेर गर्नै पर्ने हुन्छ। दुनियाँ भरको अभ्यास हो, जिम्मेवारी पनि हो। त्यसको अर्थ विवादमा परिन्छ भनेर नगर्न पनि भएन तर गर्ने पारदर्शी ढङ्गले गर्ने र त्यसो गर्न तिन महले तयार गर्ने र यस वर्ष हामी के गऱ्या छौं भने राजस्वसँग भन्सार राजस्व सम्बन्धी, आन्तरिक राजस्व सम्बन्धी जिम्मेवार पदाधिकारीहरू राजस्व सचिव, अर्थ सचिव, म स्वयंले पनि त्यो विधेयकहरू माथि हस्ताक्षर गरेका छौं छलफल गरेर कि जरुरी पर्दा किनभने लोकतन्त्र हो, पारदर्शी चिज हो। त्यो निर्धारण गर्दा अन्तिम दिन अधिकारप्राप्त अधिकारीहरूले गर्ने कुरा हो। तर त्यो कहीं जवाफदेही नहुने चिज होइन। कहीँ देखाउन पऱ्यो  भने जवाफदेही हुनु पऱ्यो  भने प्रमाणसहित के कारणले गरेर त्यो तथ्यसहित गर्नु पर्छ भनेर गरेका छौं एकातिर।

अर्कोतिर हाउसमा चलेका जतिपनि नीतिगत बहस छन्। त्यसलाई हामी sorting गरेर एउटा टेबुलेसन गरेका छौं। अहिले पनि हामीसँग documentatedछ यो वर्षको। त्यसैगरी चाहिँ उद्योग वाणिज्य सङ्घ होला, CNI होला, च्याम्बर होला अरु विभिन्न सङ्गठनहरू योसँग सम्बन्धितले दिएका सबैलाई टेबुलेसन गरेर राखेका छौं। documentation गरेर। त्यसैले व्यक्तिले पनि दिएको, उद्योगी, व्यवसायी, स्वतन्त्र विज्ञ, राजनीतिक दलसँग निकटका यससम्बन्धी चासो राख्नेहरूले दिएका र individually दिएकालाई पनि हामी documentation गरेर राखेका छौं कि

यो चाहिँ सम्पत्तिको रूपमा सबैको अध्ययन यसको वेसमा हामी निर्धारण गरेको यो वर्ष। पब्लिकको केही ओपिनियन छ भन्ने आइसकेपछि सम्बन्धित सेक्टरको के छ? भन्ने आइसकेपछि त्यसलाई documentation गरेर त्यसको बेसमा अहिले सकिने के हो त? सक्ने के? हामी आफू खुसी जतापनि हिँड्न सक्दैनौं। हिँड्नु मिल्दैन राज्य। राज्य भनेको एउटा चाहिँ Guardian हो। रेफ्री हो। कोही प्राइभेट सेक्टरको करका दरहरू हेरफेर गर्दा आफूखुसी हुँदैन। कारण चाहिँन्छ। तथ्य चाहिँन्छ। यो सम्बन्धी कहीँ न कहीँ प्रश्न उठेको या त्यसमा केही सुझावको माग हुनुपर्छ। या सुधार गर्नुपर्छ भन्ने नेतृत्वले देख्नुका सैद्धान्तिक कारण, व्यावहारिक कारण हुनु पर्दछ र त्यो पुष्टि हुन्छ। औचित्य पुष्टि हुनुपर्छ भनेर हामी documented गरेर सबै तिन महले गरेर हामीले sign गरेर राखेका छौं किनभने यो त पुँजी हो। हामी आर्थिक वर्ष २०८१।०८२ को राजस्वका हेरफेरहरू कसरी गऱ्यौं होला? के का आधारमा गऱ्यौं भन्दा? हामी एउटा documentation गरेर हिस्ट्री बनाएर हामीले तथ्यसहित गरेका छौं माननीयज्यूहरू। त्यसो गर्दा स्वाभाविकमा सार्वजनिक व्यक्तिगत भएपछि निकाय भएपछि जवाफ वा प्रश्न उठ्छ जवाफ दिनुपर्छ। तर त्यसमा चाहिँ तथ्य के हुन्? भन्ने कुरा फेरि यो जनतालाई भन्ने मौका आम नागरिकलाई भन्ने मौका पनि हो। त्यसैले माननीयज्यूले जसरी उठाउनु भयो यसमा हेराफेरि हुन्छ कि? भनेर चाहिँ विभिन्न प्रतिस्पर्धी हुन्छ। एउटा कर दर यसो बढाउने घटाउने हो भने कहीँ न कहीँ अलिअलि असर गर्छ। सकारात्म या नकारात्मक पनि गर्छ। त्यसो गर्दा यसमा चाहिँ विभिन्न कर्पोरेट Hours मा Business Group मा Individual मा पर्ने प्रभावमा अलिअलि पर्छ नै। पर्दै पर्दैन भन्ने हुँदैन तर बहुसङ्ख्यकलाई लाभ हुन्छ कि हुँदैन? समग्र राष्ट्रलाई लाभ हुन्छ कि हुँदैन? समाजलाई लाभ हुन्छ कि हुँदैन? भन्ने कुरा बढी कता लाभ हो भन्ने नै हुन्छ होला जस्तो लाग्छ। त्यसो गर्दा त्यसमा उठेको प्रश्नले मिडियामा उठ्ने विभिन्न चाहिँ समूह क्षेत्रमा उठ्ने प्रश्न हामी डराउने भन्दा पनि यो समग्र हाम्रो अर्थतन्त्र ठिक हुन्छ कि हुँदैन? हाम्रो व्यवसायी ठिक हुन्छ कि हुँदैन? हाम्रो उद्यमशीलता ठिक हुन्छ कि हुँदैन? धेरै भन्दा धेरै जनतालाई यसले हित गर्छ नागरिकलाई? भन्ने नै हेर्ने हो जस्तो लाग्छ। त्यसैले यस्ता प्रश्नहरू उठ्नुलाई पनि मैले धेरै अन्यथा मान्थे तर जवाफ चाहिँ दिनुपर्छ तथ्याङ्कसहित कारणसहित भन्ने नै मलाई लाग्छ। त्यसैले माननीयज्यू, मलाई यो स्पष्टीकरण दिने पनि मौका पनि दिनुभयो सरकारको तर्फबाट विशेष धन्यवाद आभार व्यक्त गर्दछु। यस पटक यो वर्ष कुनै हेराफेरि कहीँ केही भएको छैन।

कहिलेकाहीँ प्राविधिक रूपले ध्यान नपुग्ने, तथ्य नपुग्ने हुनसक्छ। त्यो कुरामा हामी जहिले पनि ओपन रहनुपर्छ। फेरि कोही नेतृत्व गर्ने मान्छेले मैले गरेको १०० हो सब ठिक

हो। अब यसमा केही पनि Error छैन भन्ने दाबी चाहिँ म गर्न हुँदैन, म गर्न सक्दैन तर असल नियतले तथ्यहरू जति उपलब्ध थिए त्यसका आधारमा हामीले गरेका छौं। र त्यसो गर्दा चाहिँ हामी प्राइभेट सेक्टरका साथीहरू सबै प्रश्न उठाउने साथीहरू पनि यसरी बसेरै आमने सामने हामी सवाल जवाफ गरेका थियौं। आँखा जुधाएरै हामी चाहिँ सवाल जवाफ गरेका छौं। हामी यो तथ्यका आधारमा  गर्‍यौं , भनेका छौं। र यो कुरा म सम्मानित सदनमा पनि राख्न चाहन्छु र अरु जहाँसम्म लाग्छ केही समग्र चाहिँ यसको आकार के रे यसको आकार बढाउन सकिन्छ बिस/बाइस खर्ब त होइन। तर अहिलेको भन्दा अझै बढाउन सकिन्छ, बढ्नुपर्छ। त्यो हामीले झण्डै पच्चीस २५ Percent भन्दा माथिको लक्ष्य आगामी वर्षकोलाई राजस्व लक्ष्य राखेका छौं। वृद्धि सम्भव छ। अहिलेको हाम्रो आकारले बिस र तिस प्रतिशतको बिचमा राजस्व प्रशासनले सुझार गर्दा active गर्दा राजनीतिक नेतृत्व या प्रशासनिक नेतृत्वको अनुशासनमा बस्दा बिस देखि पच्चीस प्रतिशतको राजस्व growth गर्न सकिन्छ भन्ने मेरो पनि विश्वास हो। मैले यो कुरा राख्दै सम्माननीय अध्यक्ष महोदय, म यहाँ उठेका प्रश्नको बारेमा यत्ति नै स्पष्टीकरण गर्न चाहन्छु। धन्यवाद।

(१३:३९ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः-माननीय सदस्यहरू, अर्थ मन्त्रालय एवं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; कृषि तथा पशुपन्छी विकास मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र खानेपानी मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू अब म, सम्माननीय प्रधानमन्त्री एवं महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण; कानुन, न्याय तथा संसदीय मामिला; र रक्षा मन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; रक्षा मन्त्रालय; राष्ट्रपतिको कार्यालय; उपराष्ट्रपतिको कार्यालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१३:४० बजे) <u>माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा</u>:- सम्माननीय अध्यक्ष महोदय, २०८१।०८२ को विनियोजन विधेयकमा विभिन्न मन्त्रालयहरूको जवाफ दिने सन्दर्भमा म सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट उहाँको कार्यव्यस्तताको कारण एकमुस्ट रूपमा सम्माननीय अध्यक्षज्यूले उल्लेखित गर्नुभएका मन्त्रालयहरूको पालैपालो यहाँ जवाफ दिन जाँदैछु। सबैभन्दा पहिला म २०८१।०८२ को विनियोजन विधेयकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लागि गरिएको विनियोजनका सम्बन्धमा जवाफ दिन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, आगामी आर्थिक वर्ष २०८१।०८२ को विनियोजन विधेयकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लागि गरिएको विनियोजनका सम्बन्धमा माननीय सदस्यज्यूहरूबाट व्यक्त जिज्ञासा, विचार र सुझावका लागि हार्दिक धन्यवाद भन्न चाहन्छु। माननीय उर्मिला अर्यालले गोठाटारमा निर्माणाधीन वृद्धाआश्रम, बालसुधार गृहको व्यवस्थापन, मनोसामाजिक परामर्श लगायत बाल संरक्षण जग्गाको खोजीका विषयमा प्रश्न उठाउनु भएको छ। माननीय देवेन्द्र खनालले टुक्रे, खुद्रे कार्यक्रम मात्रै रहेको विषयमा चासो व्यक्त गर्नु भएको छ। माननीय तुल प्रसाद विश्वकर्माले गोठाटारको बृद्धाआश्रम लगायत सार्वजनिक क्षेत्रमा सरकारले दिएको सुविधा उपलब्ध हुन नसकेको, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सम्बोधन गर्ने कार्यक्रम लगायत "बेटी बचाउ, बेटी पढाउ" कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्नुपर्ने विषयलाई उठान गर्नु भएको छ। माननीय अन्जान शाक्यले गिठाटार ज्येष्ठ नागरिक आश्रम लगायत ज्येष्ठ नागरिकका विषयमा विभिन्न विषयमा चासो व्यक्त गर्नु भएको छ। माननीयज्यूहरूका यी र यस्ता धेरै चासोका विषय रहेका छन्। माननीय सदस्यहरूबाट यसरी प्रस्तुत भएका विषयवस्तुहरू र सरोकारहरू समूहीकृत गरी ती सरोकारका विषयवस्तुलाई मन्त्रालयको तर्फबाट स्पष्ट पार्ने अनुमति चाहन्छु।

नेपालको संविधानले प्रत्याभूत गरेका व्यवस्थाहरूको कार्यान्वयन गर्न, राज्यले अवलम्बन गरेका नीतिको कार्यान्वयन गर्न, नेपालले अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धता कार्यान्वयन र सो को प्रगति प्रतिवेदन गर्न, प्राथमिकता र आवश्यकताका आधारमा आर्थिक वर्ष २०८१।०८२ को बजेट प्रस्ताव गरिएको छ। मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको परिचालन र नियमन, सम्बन्धित सबै क्षेत्रमा समेट्ने गरी बजेट प्रस्ताव गरिएको बेहोरा सम्मानित सदनसमक्ष राख्न चाहन्छु। गोठाटारमा ज्येष्ठ नागरिक आश्रम बनाउन बजेट व्यवस्था गरिएको छ। विगतमा विभिन्न समस्या देखिए पनि आगामी आर्थिक वर्षमा उक्त कार्यक्रमले सात्थकता पाउने विश्वास गर्दछु। ज्येष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र सञ्चालन

गर्न हरेक वर्ष कार्यक्रम रहने गरेको र चालु आर्थिक वर्षमा थप अठ्चालिस स्थानमा यस्ता केन्द्र सञ्चालन गरिएको छ। मन्त्रालय अन्तर्गत कुनै कार्यालयहरू नभएको हुँदा प्रस्तावित बजेटमा राखेका कार्यक्रमहरूको कार्यान्वयन गर्न प्रदेश सरकार र स्थानीय सरकारलाई वित्तीय हस्तान्तरण मार्फत अनुदान रकम पठाउन प्रस्ताव गरिएको छ। कार्यक्रमको कार्यान्वयन र प्रभावकारिता र अनुगमन सहजता समेतका लागि तथा मन्त्रालयको उद्देश्य प्राप्तिका लागि केही बजेट निश्चित स्थानमा विनियोजन गरिएको छ। अधिकाङ्श कार्यक्रमहरू वित्तीय हस्तान्तरण अन्तर्गत सात सय त्रिपन्नवटै पालिकाहरू र सातवटै प्रदेशहरूमा पठाउने प्रबन्ध छ। वित्तीय हस्तान्तरण गरिएका कार्यक्रमहरूको कार्यान्वयनलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न स्थानीय तथा प्रदेश तहसँग समन्वयको प्रणाली विकास गर्नु पर्ने बेहोरा सम्मानित सदनसमक्ष राख्न चाहन्छु। राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूको हवाई उद्धार गर्ने कार्यक्रमको सन्देश र परिणाम सकारात्मक रहेको अध्ययन प्रतिवेदनबाट देखिएको हुँदा प्रदेश मन्त्रालयहरूसँग र स्थानीय तहसँग समन्वय गर्दै सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ। महिलाहरूको आर्थिक आत्मनिर्भरता वृद्धि हुने एवं सशक्तीकरणका लागि आगामी आर्थिक वर्षका लागि प्रधानमन्त्री छोरी आत्मनिर्भरता कार्यक्रम प्रस्ताव गरिएको छ। कार्यक्रममा अपेक्षाकृत बजेट विनियोजनको प्रस्ताव नभएता पनि सो पछिको आर्थिक वर्षहरूमा पर्याप्त बजेट विनियोजन गर्दै लगिनेछ। मन्त्रालयको सरोकार रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको हित संरक्षणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने तथा भइरहेका नीति र कानुनहरू परिमार्जन गर्ने कार्यक्रम रहेको छ। मानव बेचबिखन नियन्त्रणका लागि आवश्यक कार्यक्रम र Palermo protocol अनुकूल हुने गरी नीति तथा कानुन परिमार्जन गर्ने कार्यक्रम रहेको छ।

सम्माननीय अध्यक्ष महोदय, मन्त्रालयले सम्बोधन गर्नुपर्ने जनसङ्ख्या, विषयवस्तुको संवेदनशीलता र जटिलतासँगका दृष्टिगत गर्दा यस मन्त्रालयमा ठुलो परिमाण साधन उपलब्ध गराउन आवश्यक देखिन्छ। तथापि वर्तमानमा राज्यको धान्न सक्ने गरी क्षमताको आधारमा सीमित रूपमा विनियोजित आगामी आर्थिक वर्षको बजेटलाई मन्त्रालयको कार्यक्षेत्र भित्र परेका छवटै क्षेत्रहरूको सरोकार अधिकतम संबोधन हुने गरी एवं राज्यले अन्तर्राष्ट्रिय रूपमा निर्वाह गर्नुपर्ने दायित्व निर्वाह गर्न अत्युत्तम रूपमा स्रोत, साधन परिचालन गर्न मन्त्रालय सदैव क्रियाशील र प्रतिबद्ध छ। आफ्नो दायित्व निर्वाहको क्रममा मन्त्रालयलाई आवश्यक पर्ने थप साधन स्रोतको अभाव हुन नदिन सरकारले आवश्यक प्रबन्ध मिलाउने समेत विश्वास दिलाउन

चाहन्छु। अन्त्यमा मन्त्रालयको मन्त्रालयको प्रभावकारिताको लागि माननीयज्यूहरूबाट प्राप्त चासो र सुझावका लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। र आभार पनि व्यक्त गर्न चाहन्छु। धन्यवाद।

अब म विनियोजन विधेयक, २०८१ माथिको छलफलमा उठाइएका विषयमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका तर्फबाट र सम्माननीय प्रधान मन्त्रीज्यूका तर्फहरूबाट आफ्ना कुराहरू राख्न जाँदै छु। माननीयज्यूहरूको प्रश्नहरूका समुचित जवाफ दिन जाँदै छु। सम्माननीय अध्यक्ष महोदय, विनियोजन विधेयक, २०८१ अन्तर्गत कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बन्धी विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिई मन्त्रालयको वार्षिक बजेट तथा कार्यक्रमलाई थप परिष्कृत बनाउनको लागि माननीय सदस्यज्यूहरूले दिनुभएको महत्त्वपूर्ण सुझाव तथा सरोकारका लागि यहाँहरूलाई सम्माननीय अध्यक्ष महोदय मार्फत हार्दिक धन्यवाद भन्न चाहन्छु।

माननीय सदस्यहरूको सुझाव, चासो तथा सरोकारले विनियोजन विधेयक अन्तर्गतका मन्त्रालयका कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्दै यस सम्मानित सदनमा माननीय सदस्यज्यूहरूले विधेयकमाथि छलफलको क्रममा उठाउनु भएको कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग सम्बन्धित विषयमा केन्द्रित भएर आफ्ना भनाइहरू राख्न चाहन्छु। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय नयाँ कानुनको तर्जुमा तथा मौजुदा कानुनहरूमा समसामायिक सुधार गर्ने नेपाल सरकारको केन्द्रीय निकाय हो। यसका अलावा अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा कानुनी राय दिने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय कानुनी विवादमा प्रतिरक्षा गर्ने, नेपाल राजपत्रमा प्रकाशन गर्ने सूचनाहरूको सम्पादन गर्ने, न्याय प्रशासनसँग सम्बन्धित कार्यहरू गर्ने, गुणस्तरीय कानुनको निर्माण तथा कार्यान्वयनबाट कानुनको शासन स्थापना गर्ने, कानुनी सहायताको प्रभावकारिता अभिवृद्धि गर्ने, संविधान प्रदत्त मौलिक हक र मानव अधिकारको संरक्षण र संवर्धन गर्ने जस्ता महत्त्वपूर्ण कार्यहरू यस मन्त्रालयले गर्दै आएको छ। माननीय सदस्यज्यूहरूले नेपालको संविधान बमोजिम मौलिक हक कार्यान्वयन गर्न कानुन निर्माण हुनुपर्ने विषय उठान गर्नुभएको छ। नेपालको संविधानले निर्दिष्ट गरे बमोजिमका मौलिक हक कार्यान्वयन गर्न कानुन बनाउने कार्य प्रारम्भिक चरणमा सम्पन्न भएको छ। संवत् २०७५ सालमा मौलिक हक कार्यान्वयनको लागि सोह्रवटा ऐन जारी भएको स्मरण गर्न चाहन्छु। ती ऐन कार्यान्वयन गर्न, बनाउनु पर्ने अधिकाङ्श नियमावली समेत जारी भई कार्यान्वयनमा रहेका छन्। आवासको अधिकार सम्बन्धी ऐन, २०७५ अन्तर्गत बनाउनु पर्ने आवासको हकसम्बन्धी नियमावलीको मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयले अर्थमन्त्रालयको

सहमतिको लागि पठाइएको र अर्थ मन्त्रालयको सहमति प्राप्त हुनासाथ उक्त नियमावली जारी गर्ने प्रक्रिया यथाशीघ्र अगाडि बढाइने बेहोरा माननीय सदस्यज्यूहरूलाई अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, कानुन सुधार निरन्तर र नियमित प्रक्रिया हो। र यो महत्त्वपूर्ण कार्य पूरा गर्ने दायित्व जनताद्वारा छानिएर आएका हामी सबै जनप्रतिनिधिको साझा जिम्मेवारी पनि हो। कानुन निर्माणको कार्य आफैमा जटिल र लामो प्रक्रियागत विषय भएकोले यसमा वृहत् छलफलको आवश्यकता हुन्छ। सरोकारवालाहरूसँग पर्याप्त छलफल गरी समायानुकूल र नागरिक केन्द्रित कानुन निर्माण गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय सधैं तत्पर रहेको बेहोरा अनुरोध गर्न चाहन्छु। संविधान तथा सङ्घीयता कार्यान्वयन राज्यको उच्च प्राथमिकताको विषय हो। संविधान कार्यान्वयन सम्बन्धी कानुन निर्माणलाई यस मन्त्रालयले मुख्य प्राथमिकतामा राखी आफ्नो कार्य अगाडि बढाउँदै आएको छ। नेपालको संविधान जारी भएपछि हालसम्म एक सय पन्चान्नब्बेवटा विभिन्न ऐन जारी भएका तथा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनहरूलाई पटक पटक नेपालको संविधान सङ्घीयता अनुकूल हुने गरी परिमार्जन गरिएको कुरा अवगत गराउन चाहन्छु। यस अवधिमा केही नेपाल ऐनलाई संशोधन गर्ने ऐनहरूलाई दुई सय उनन्चालिसवटा भन्दा बढी ऐन संशोधन तथा परिमार्जन गरिएको बेहोरा समेत जानकारी गराउन चाहन्छु। सङ्घीय संसदको कानुन निर्माण प्रक्रियालाई थप प्रभावकारी र क्यालेण्डरमा आधारित बनाउन सबै मन्त्रालयसँगको छलफल तथा परामर्शको आधारमा मन्त्रालयको सङ्घीय संसदमा पेस गरिने विधेयकको प्राथमिकताको एकीकृत विवरण तयार गरेको छ। जस अन्तर्गत पहिलो प्राथमिकतामा परेका विधेयकहरूको सङ्ख्या ६३, दोस्रो प्राथमिकतामा परेका विधेयकको ३९ र तेस्रो प्राथमिकतामा परेका विधेयकहरूको सङ्ख्या १५ गरी कुल ११७ वटा विधेयकहरू रहेका छन्। उक्त प्राथमिकीकरणको आधारमा विधेयकहरू अगाडि बढाइरहेको जानकारी अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधान बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयमा कानुन निर्माणको अवस्थाका सम्बन्धमा माननीयज्यूहरूको चासो रहेको छ। संविधान जारी भएसँगै सङ्घ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार संविधानमा नै स्पष्ट गरेको र संविधानको धारा २३२ ले सङ्घीय इकाईहरू बिचको अन्तरसम्बन्ध, पारस्परिक सहकारिता, सहअस्तित्व, समन्वयमा र सहयोगमा आधारित हुनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा ४ ले समेत सङ्घले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानुन वा नीति बनाउँदा विचार गर्नुपर्ने विषयहरू प्रस्ट पारेको छ भने सोही ऐनको दफा ७ ले साझा अधिकारको विषय कार्यान्वयन

सम्बन्धमा व्यवस्था गरेको छ। उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था बमोजिम साझा अधिकारको विषयमा कानुन निर्माणको प्रक्रिया अगाडि बढीरहेको बेहोरा माननीय सदस्यज्यूहरूलाई अनुरोध गर्दै नेपालको संविधान तथा संविधान कार्यान्वयनसँग सम्बन्धित कतिपय विधेयकहरू सङ्घीय संसदमा पेस भई विधायकी प्रक्रियामा रहेको बेहोरा समेत अवगत गराउन चाहन्छु। माननीय सदस्यज्यूहरूले उठाउनु भएको सङ्क्रमणकालीन न्यायसम्बन्धी विषयका सम्बन्धमा शान्ति प्रक्रियाको कामलाई छिटो टुङ्गोमा पुऱ्याउन द्वन्द्व पीडित, बेपत्ता तथा घाइतेहरूको परिपूरण, राहत र क्षतिपूर्तिको लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।१२।३० गतेको निर्णय अनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग, २०७१ को दफा ३ को उपदफ ३ बमोजिम बेपत्ता पारिएको व्यक्तिको छानबिन र सत्यनिरुपण तथा मेलमिलाप आयोगको पदाधिकारी नियुक्तिको लागि सिफारिस गर्न पूर्व प्रधानन्यायाधीश श्री ओम प्रकाश मिश्रको अध्यक्षतामा सिफारिस समिति गठन भइसकेको र आगामी वर्ष २०८१।०८२ को बजेट वक्तव्यमा शान्ति कोष खडा गर्नको लागि एक अर्ब रकम विनियोजन गरिएको र सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट हुने शान्ति प्रक्रिया सम्बन्धी कार्यक्रमको लागि मन्त्रालयमा दुई करोड बजेट विनियोजन गरिएको बेहोरा अनुरोध गर्दछु। यसै गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदको कानुन, न्याय तथा मानव अधिकार समितिमा छलफलको क्रममा रहेको कुरा माननीय सदस्यज्यूहरूलाई अवगत नै छ। यस विधेयकलाई छिटो पारित गर्न सकिएमा शान्ति प्रक्रियाको कार्य अगाडि बढाउन सकिने हुँदा शान्ति प्रक्रियाको काम टुङ्गोमा पुऱ्याउने महत्त्वपूर्ण जिम्मेवारी समेत माननीय सदस्यज्यूहरूमा रहेको छ। मलाई आशा छ माननीय सदस्यहरू यस विषयमा थप क्रियाशील भई विधेयक पारित गर्न सहयोग गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।

सम्माननीय अध्यक्ष महोदय, माननीय श्री पदम बहादुर परियार, माननीय श्री आनन्द प्रसाद ढुंगानाले कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको शीर्षकको खर्च रकमलाई घटाउनको लागि खर्च कटौतीको प्रस्ताव पेस गर्नुभएको छ। माननीय सदस्यज्यूहरूले पेस गर्नुभएको प्रस्ताव मन्त्रालयको शीर्षकको नीतिगत असहमति भन्दा पनि प्रभावकारी कार्यान्वयन र सुधारको विषयसँग सम्बन्धित रहेको पाइएको छ। माननीय सदस्यज्यूहरूले दिनुभएको सुझाव र मन्त्रालयले अवलम्बन गरेको नीतिमा मूलभूत रूपमा असहमतिको अवस्था नदेखिएकोले माननीय सदस्यज्यूहरूले आफ्नो खर्च कटौतीको प्रस्तावलाई फिर्ता लिई विनियोजन विधेयक पारित गर्न सहयोग गरिदिनुहुन सम्माननीय अध्यक्ष मार्फत अनुरोध गर्न चाहन्छु। अन्त्यमा कानुन, न्याय

तथा संसदीय मामिला मन्त्रालयको विनियोजन शीर्षकहरू माथिको छलफलमा भाग लिनु हुने सम्पूर्ण माननीय सदस्यहरूलाई सम्माननीय अध्यक्ष महोदय मार्फत पुनः हार्दिक धन्यवाद भन्न चाहन्छु र आभार व्यक्त गर्न चाहन्छु।

अब म विनियोजन विधेयक, २०८१ माथि रक्षा मन्त्रालयका सम्बन्धमा माननीयज्यूहरूबाट उठेका विषयहरूका सन्दर्भमा जवाफ दिन जाँदै छु।

सम्माननीय अध्यक्ष महोदय, आज म यस गरिमामय सदनसमक्ष विनियोजन विधेयक, २०८१ माथिको छलफलको क्रममा माननीय सदस्यज्यूहरूले रक्षा मन्त्रालय र अन्तर्गतका निकाय सम्बन्धमा उठाउनु भएको जिज्ञासा उपर आफ्नो भनाइ प्रस्तुत गर्ने क्रममा उपस्थित भएको छु। सर्वप्रथम रक्षा मन्त्रालय र मातहत निकायको विनियोजन विधेयक सम्बन्धमा माननीय सदस्यज्यूहरूले राखुभएको जिज्ञासा तथा सुझावका लागि हार्दिक आभार व्यक्त गर्न चाहन्छु। नेपाल सरकार कार्यविभाजन नियमावलीले तोकेको जिम्मेवारी पूरा गर्ने सिलसिलामा उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी कार्य सम्पादन गर्न रक्षा मन्त्रालय सदैव क्रियाशील रहेको बेहोरा यस गरिमामय सदनसमक्ष अनुरोध गर्न चाहन्छु। सिमा सुरक्षामा नेपाली सेनाका सम्बन्धमा नेपालको संविधान, सैनिक ऐन, २०६३ र नेपाल सरकारका सुरक्षा सम्बन्धी कानुन तथा राष्ट्रिय सुरक्षा नीति, २०७५ अनुसार मूलतः मुलुकको राष्ट्रिय स्वतन्त्रता, सार्वभौम सत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाका लागि नेपाली सेना समर्पित रहँदै आएको छ। र अन्तर्राष्ट्रिय प्रचलन अनुसार सामान्य अवस्थामा भौतिक रूपमा हतियारसहित अन्तर्राष्ट्रिय सिमानामा फौजहरू तैनाथ गरी सिमानाको निगरानी राख्ने कार्य अर्धसैनिक फौजबाट गरिने प्रचलन अनुसार नेपालमा पनि उक्त कार्य सशस्त्र प्रहरी बल नेपालले गर्दै आएको माननीय सदस्यज्यूहरूलाई अवगत नै छ। नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलता कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय बमोजिम सम्माननीय राष्ट्रपतिज्यूबाट नेपाली सेना परिचालनको घोषणा हुने संवैधानिक व्यवस्था रहेको छ। यस प्रकारको घोषणा भएमा नेपाली सेना जुनसुकै समयमा तथा अवस्थामा सिमा रक्षाको लागि खटिने विषयमा हामी प्रस्ट नै छौं। काठमाडौं तराई मधेस द्रुतमार्ग सडक आयोजनाका विषयमा पनि यहाँ केही प्रश्न उठेको थिए। त्यस सम्बन्धमा नेपाली सेनालाई आवश्यकता अनुसार विकास निर्माणमा परिचालन गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ। तर कहाँ, कहिले र कस्तो प्रकारको निर्माणको जिम्मेवारी दिने भन्ने विषय नेपाल सरकारले निर्णय गर्ने हो। सोही नीति अनुरूप नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४ बैशाख २१ गतेको निर्णयअनुसार काठमाडौं

तराई मधेस द्रुतमार्ग सडक आयोजनाको निर्माण व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको थियो। काठमाडौं तराई मधेस द्रुतमार्ग सडकमार्ग आयोजनाको अनुमानित प्रारम्भिक लागत दुई खर्ब, तेह्र अर्ब, पन्चानब्बे करोड रहेकोमा डीपीआर पुनरावलोकन पश्चात् दुई अर्ब दुई करोड घट्न गई संशोधित लागत रु दुई खर्ब, एघार अर्ब, त्रियान्नब्बे करोड हुन आएको छ। हालसम्म कुल ६५ अर्ब, एक्काइस करोड खर्च भई कुल भौतिक प्रगति ३४.८२% रहेको छ। उक्त आयोजनाको कुल लम्बाई ७७.९७७ किलोमिटर उनानब्बेवटा पुल, १२.८८५ किलोमिटर, सुरुङ्ग छ थान, १०.०५५ किलोमिटर रहेको समेत माननीय सदस्यहरूलाई जानकारी गराउन चाहन्छु। समग्रमा नेपाल सरकारबाट प्राप्त कार्यदिश अनुसार नै आयोजनाको निर्दिष्ट समायावधि २०८३ चैत्र भित्र रही द्रुतमार्गको निर्माण कार्यको सम्पन्न गर्ने गरी नेपाली सेनाले कार्य योजना तयार गरी सोही बमोजिम कार्यान्वयन भइरहेको छ र उक्त आयोजना तोकिएको समयमा नै सम्पन्न हुने कुरा म माननीय सदस्यज्यूहरूलाई विश्वस्त गराउन चाहन्छु। व्यापार, व्यवसायमा नेपाली सेनाको सङ्लग्नताको विषयमा पनि केही विषय यहाँ चर्चा भएको छ। त्यस सम्बन्धमा नेपाली सेना कुनै पनि नाफामूलक व्यावसायिक गतिविधिमा सङ्लग्न नरहेको यथार्थ जानकारी गराउँदै सैनिकहरूले शान्ति सेना अन्तर्गतको मिसनमा खटिई जाँदा पाउने पारिश्रमिक र भत्ता रकमबाट निश्चित प्रतिशत छुट्याई सो रकमबाट कल्याणकारी कोषको स्थापना गरिएको हो। सैनिक कल्याणकारी कोषबाट नेपाल सरकारको स्वीकृतिमा बहालवाला तथा भूतपूर्व सैनिक र तिनका आश्रित तथा अनाथ परिवारको आर्थिक, सामाजिक कल्याण र शिक्षा तथा स्वास्थ्य उपचारको लागि सेवामूलक क्रियाकलापहरू सञ्चालन गरिएको बेहोरा स्पष्ट गराउन चाहन्छु। तसर्थ सैनिक कल्याणकारी कोषले आफ्नै कोषको उपयोग गरी सैनिकहरूको कल्याणका लागि सञ्चालित कार्यलाई सेनाले व्यापार, व्यवसाय गरेको रूपमा नबुझिदिन पनि हार्दिक अनुरोध गर्न चाहन्छु। नेपाली सेनाको आधुनिकीकरणका सम्बन्धमा नेपालको वर्तमान सुरक्षा स्थितिलाई थप सुदृढ र मजबुत बनाउने बारे नेपाल सरकार स्पष्ट छ। तदनुरूप नेपाल सरकार लगायत सबै सुरक्षा बलहरूको आधुनिकीकरण, सबलीकरण र पेशागत क्षमता अभिवृद्धि गर्दै जाने कुरालाई नेपाल सरकारले उच्च प्राथमिकतामा राखेको छ। नेपाली सेनालाई समयानुकूल दक्ष, आधुनिक, थप व्यावसायिक र प्रविधिमा आधारित फौजलाई गुणस्तर बनाउन र नेपाली सेनाको दक्षता र मनोवल अभिवृद्धि गर्न रक्षा मन्त्रालयले प्राथमिकता दिँदै आएको छ र यसका लागि प्रत्येक आर्थिक वर्षहरूमा प्राथमिकताका साथ बजेट विनियोजन हुने गरेतापनि पर्याप्त बजेट विनियोजन भई नसकेको अवस्था माननीयज्यूहरूलाई अवगत नै छ। यसरी रक्षा मन्त्रालयका तर्फबाट माननीयज्यूहरूले उठाउनु भएका विषयहरूलाई म यहीं राख्न चाहन्छु। र यस विषयमा प्रश्न उठाउनु हुने सम्पूर्ण माननीयज्यूहरूलाई हार्दिक धन्यवाद र आभार पनि व्यक्त गर्न चाहन्छु।

अब म भूमि व्यवस्था मन्त्रालयका तर्फबाट माननीयज्यूहरूले यो हाम्रो बजेट विनियोजन बजेटका सन्दर्भमा उठाउनु भएका विषयहरूमा म आफ्ना विषयहरू राख्न जाँदै छु। बजेट छलफलमा सातजना माननीयज्यूहरूले महत्त्वपूर्ण विषयहरू उठान गर्नुभएको छ। यसका लागि म उहाँहरू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। यस मन्त्रालयलाई प्राप्त बजेट सिलिङ मन्त्रालयको निर्यातित खर्च तथा तात्कालिन आवश्यकतालाई प्राथमिकीकरण गरी बजेट व्यवस्था गरिएको बेहोरा यस गरिमामय सदनमा जानकारी गराउन चाहन्छु। यहाँहरूबाट प्राप्त जिज्ञासाहरू मध्ये भूमि व्यवस्था, सहकारी तथा गरिबी मन्त्रालयको जिम्मेवारी भित्र रहेका विषयहरूमा समूहिकृत गरी जवाफदिने प्रयत्न गरिएको छ। यस मन्त्रालयलाई कुल रु छ अर्ब बयासी करोड बजेट विनियोजन गरिएको। सोही बजेटबाट मन्त्रालय मातहत  विभिन्न विभागहरू र ति विभाग अन्तर्गत कार्यरत छ हजार बढी कर्मचारीहरूको तलब, भत्ता, कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने न्यूनतम कार्यालय सञ्चालनका लागि बजेट छुट्याई बाँकी रहन गएको बजेटलाई प्राथमिकताको आधारमा विनियोजन गरिएको बेहोरा यस सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु। जग्गाको अभिलेख व्यवस्थापनका लागि न्यून बजेट विनियोजन भएको सन्दर्भमा प्राप्त बजेटलाई अधिकतम मितव्ययिताका साथ परिचालन गरी अधिकतम परिणाम निकाल्न प्रयास गरिनेछ। सहकारी र गरिबी निवारणको क्षेत्रमा कम बजेट विनियोजन भएको विषयमा माननीयज्यूहरूको ध्यानाकर्षण भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु। तथापि उपलब्ध बजेटलाई प्रभावकारी ढङ्गले परिचालन गरी उत्कृष्ट नतिजा निकाल्ने गरी मन्त्रालय तयार रहेको बेहोरा पनि अनुरोध गर्दछु। गरिबी निवारण सम्बन्धी यस मन्त्रालयका अतिरिक्त थप तेह्रवटा मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्ने भएकाले समग्रमा विनियोजित बजेट उल्लेख्य नै छ। सहकारी क्षेत्रमा व्याप्त समस्याहरूको दीर्घकालीन समस्याका लागि मन्त्रालय गम्भीर रहेको छ। सहकारी संस्थाहरूबाट गरिने कर चुक्ता र जग्गा रोक्का, फुकुवाका लागि “COPOMIS”मा आबद्ध अनिवार्य गरिएको छ। प्रदेश तथा स्थानीय सरकारहरूसँग सहकारी समस्या समाधानका लागि विषयगत समिति गठन गरिएको छ। सहकारी ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम सहकारी कर्जा असुली न्यायाधिकरण, कर्जा सूचना केन्द्र र सहकारी बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्ने प्रक्रिया अगाडि बढीसकेको छ। र यसका लागि आ.व. २०८१।०८२ को लागि बजेटको समेत व्यवस्था गरिसकिएको छ। सहकारी नीतिलाई समसामयिक तुल्याउन परिमार्जन आवश्यक देखिएको सन्दर्भमा सो नीतिको परिमार्जित मस्यौदा तयार गरिएको र सो उपर सरोकारवालाहरूसँग छलफल भइरहेको छ। सहकारी सम्बन्धी माननीयज्यूहरूले उठाउनु भएका विषयहरू समेतलाई सम्बन्धमा समेत सम्बोधन गर्ने गरी सहकारी ऐन, २०७४ संशोधनका लागि प्रारम्भीक मस्यौदा तयारी भएको छ। हालसम्म एक्काइसवटा सहकारीहरूलाई समस्याग्रस्त घोषणा

गरी ती सहकारीहरूको व्यवस्थापन समस्याग्रस्त सहकारी व्यवस्थापन समिति मार्फत भइरहेको छ। हालसम्म समस्याग्रस्त घोषणा भएका सबै सहकारी संस्थाका बचत कर्ताहरूसँग अनलाइन मार्फत माग दाबी माग गरिए बमोजिम उनान्साठ्ठी हजार पाँच सय सतासीवटा मागदाबी निवेदनहरू प्राप्त हुन आएको र उक्त निवेदनहरूको आधारमा रु पैंतिस अर्ब, एकाउन्न करोड, बहत्तर लाख पैंतिस हजारको दायित्व यकिन गरिएको छ भने तिनवटा समस्याग्रस्त सहकारीको सम्पत्ति व्यवस्थापन तथा बचत भुक्तानी कार्य सम्पन्न गरिएको छ। राष्ट्र बैङ्कसमेतको सङ्लग्नतामा सहकारी बैङ्कको ....., अनुगमन सम्पन्न भई वित्तीय स्वास्थ्य मजबुत पारी सुशासन प्रभावकारी सञ्चालनको लागि निर्देशन दिइएको छ। गरिबी निवारण सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायहरू मार्फत कार्यक्रम सञ्चालन हुने हुनाले यस मन्त्रालय अन्तर्गत राज्य सुविधा परिचयपत्र वितरण, गरिबी सम्बन्धी कार्यक्रमहरूको समन्वय र नीतिगत विषयका लागि बजेट व्यवस्था गरिएको छ र यसै आर्थिक वर्षमा परिचय पत्र वितरणको कार्य सम्पन्न हुनेछ। हालसम्म उनान्चास जिल्लाको परिचयपत्र वितरण सम्पन्न, पन्ध्र जिल्लाको अन्तिम चरणमा र तेह्र जिल्लाको तथ्याङ्क प्रशोधन कार्य जारी रहेको छ। विशेषतः राज्य सुविधा परिचयपत्र मार्फत आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदाय, सिमान्तकृत एवं लोपोन्मुख समुदायहलाई आगामी दिनहरूमा राज्यबाट प्रदान गरिने सेवा सुविधाहरूमा प्राथमिकता दिने सहज हुने विश्वास गरिएको छ। गरिबहसँग विश्वेश्वर कार्यक्रमका लागि पऱ्याप्त मात्रामा बजेट व्यवस्थापन गर्न नसकिए पनि तीनै तहको सरकारसँग सहकार्य गरी यस कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिने छ। नेपालको संविधानमा भएको व्यवस्था बमोजिम मालपोत तथा नापी कार्यालयबाट प्रदान गरिने सेवाहरू स्थानीय तहहरूमा हस्तान्तरण गरी त्यहींबाट उपलब्ध गराउने गरी मालपोत तथा नापी कार्यालयमा रहने अभिलेखहरू डिजिटाइज गर्ने कार्य भइरहेको छ। आवश्यक सबै पूर्वाधार तयार गरी स्थानीय निकायको सबलीकरण गरी नेपालको संविधानको व्यवस्था बमोजिम यथाशीघ्र छिटो स्थानीय तहमा जग्गा प्रशासनसम्बन्धी सेवा हस्तान्तरण हुने अपेक्षा गरिएको छ। घरजग्गा खरिद बिक्रीको कारोवारलाई प्रभावकारी ढङ्गले नियमन गर्न भूमिबजारको अवधारणालाई कार्यान्वयनमा ल्याउने तयारी भइरहेको बेहोरा अनुरोध गर्दछु। त्यसैगरी भौगोलिक सूचनामा आधारित जग्गा मूल्याङ्कन प्रणाली विकास गरी घरजग्गाको वजार मूल्यसँग मेल खाने गरी मूल्याङ्कन गर्ने प्रणाली विकास भइरहेको बेहोरा समेत जानकारी गराउन चाहन्छु। भूमिहीन दलित, भुमिहिन सुकुम्वासीको समस्या निर्मूल पार्न नेपाल सरकार प्रतिबद्ध रहेको बेहोरा अनुरोध गर्दछु। नेपालको संविधानले व्यवस्था गरेबमोजिम भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको समोचित व्यवस्थापनको लागि भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन बमोजिम आयोग गठन गरी कार्य सञ्चालनमा रहेकोमा अपेक्षित उपलब्धि हासिल हुन नसकेकोले

नयाँ ढङ्गबाट कार्य सम्पादन गर्नका लागि चुस्त एवं विज्ञहरू भएको आयोग गठन गर्ने प्रक्रिया थालनी गरिएको बेहोरा समेत यस गरिमामय सदनसमक्ष अनुरोध गर्दछु।

आर्थिक वर्ष २०८१।०८२ मा यस प्रयोजनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। ऐलानी जग्गामा रहेका अव्यवस्थित बसोबासीहरूको समेत कानुन बमोजिम व्यवस्थापन गरिनेछ। मुक्त कमैया घोषणा पश्चात् पहिचान गरिएका मुक्त कमैया परिवारहरूको तत्काल कानुनी व्यवस्थाअनुसार पुनर्स्थापना सम्पन्न भइसकेको छ। एकपटक पुनर्स्थापित भइसकेका मुक्त कमैयाहरू फेरि भूमिहीन नहोउन् भन्ने उद्देश्यले निजहरूले प्राप्त गरेको जग्गाको बेचबिखनमा रोग लगाइएको बेहोरा यस सम्मानित सभाको जानकारीको लागि अनुरोध गर्दछु। भूमि सम्बन्धी आयोगहरूबाट भूमिहीनहरूको समस्या सम्बोधन हुने भएकोले यो कार्य सम्पन्न हुनासाथ कुनै पनि नाउँमा भूमिहीनता नरहने कुरामा मन्त्रालय विश्वस्त रहेको छ। त्यसैगरी पुनर्स्थापना हुन बाँकी मुक्त हलिया, हरूवा चरुवा लगायत सबै प्रकृतिका सिमान्तकृत समुदायका परिवारहरूको भूमिहीनताको समस्या यसै आयोगबाट सम्बोधन गरिने छ। गुठी क्षेत्रमा विद्यमान समस्याहरू समाधानको लागि गुठी ऐनमा संशोधन गर्न कार्यदल गठन भई विधेयकको मस्यौदा तयारी भइरहेको र यसबाट गुठी जग्गाहरूको समस्या मात्र नभई गुठी व्यवस्था प्रथा, परम्परा र गुठी संस्कृतिको संरक्षण र संवर्धन गर्ने गरी आवश्यक व्यवस्था गरिने छ। स्वर्गद्वारी गुठी लगायतका अन्य विभिन्न गुठीहरूमा देखिएका समस्याहरूको संबोधन समेत अब बन्ने कानुनबाट गर्ने व्यवस्था गरिने छ। सम्पूर्ण जग्गाको पुन नापी गर्ने कार्यक्रम सञ्चालन गरिने सम्बन्धमा हरेक प्रदेशमा कम्तीमा एउटा जग्गा नापजाँचको कार्य गर्ने गरी कार्यालय स्थापना गरी अभियानका साथ पुनः नापजाँचको कार्य अगाडि बढाउन गरी छलफल चलिरहेको बेहोरा अनुरोध गर्दै स्रोत साधनको उपलब्धताका आधारमा पुनः नापीलाई विस्तार गरिने कुरा पनि अनुरोध गर्न चाहन्छु। र अन्त्यमा यो बजेट छलफलका क्रममा माननीयज्यूहरूले जुन सुझाव, जिज्ञासाहरू राख्नुभएको छ। यसलाई सकारात्मक ढङ्गबाट ग्रहण गरी यसमा प्रश्न गर्नु हुने, विषयहरू उठाउनु हुने सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु।

र म अब अन्त्यमा सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट यो २०८१।०८२ को विनियोजन विधेयक अन्तर्गत राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायसँग सम्बन्धित विनियोजन शीर्षक माथि सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" का तर्फबाट केही आफ्ना भनाइहरू यहाँ राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम विनियोजन विधेयक अन्तर्गत विभिन्न शीर्षकमाथिको छलफलमा सहभागी हुनु हुने सम्पूर्ण माननीय सदस्यज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु। धन्यवाद भन्न चाहन्छु। राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरूसँग सम्बन्धित विनियोजन शीर्षक माथि माननीय सदस्यज्यूहरूले उठाउनु भएका प्रश्नहरूको सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूका तर्फबाट यस सम्मानित सदनलाई स्पष्ट पार्न म यहाँ उपस्थित भएको छु। माननीयज्यूहरूले बजेट छलफलका क्रममा बजेट विनियोजनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मातहतका निकायसँग केन्द्रित भएर कुनै पनि खर्च कटौतीको प्रस्ताव नभएको। गुनासो एवं प्रश्नहरू समेत नउठेकोले यी निकायहरूसँग सम्बन्धित बजेट विनियोजन तथा कार्यक्रमहरू उपयुक्त नै रहेको मैले बुझेको छु। त्यसका लागि माननीयज्यूहरूलाई पुनः एकपटक धन्यवाद भन्न चाहन्छु। माननीयज्यूहरूको संविधानको मर्म र भावना अनुरूप समग्र र बजेट समानुपातिक र समन्यायिक ढङ्गबाट आउन नसकेको एवं समाजवादउन्मुख समृद्धि मूलक बजेट हुनुपर्ने जस्ता विषयहरू उठाउनु भएको छ। सरकारले प्रस्ताव गरेको बजेट तुलनात्मक रूपमा सन्तुलित, समन्यायिक र नतिजामूलक रहेको कुरामा म विशेष जोड दिन चाहन्छु। खासगरी बजेटले तिव्र तरविकास मार्फत आर्थिक, सामाजिक, भौगोलिक विषमतालाई अन्त्य गर्दै सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने लक्ष्य राखेको छ। सङ्घीयता र प्रजातन्त्रको रक्षा एवं संविधानले निदृष्ट गरेको मार्गचित्र बमोजिम सबै भौगोलिक क्षेत्र, आर्थिक रूपमा पिछडिएका वर्ग, दलित समुदायको समग्र रूपान्तरण तथा सम्मानजनक जीवनयापनका लागि दलित विकास प्राधिकरणको अवधारणा। देशमा रहेका श्रमिक तथा अप्रवासी श्रमिकहरूको लागि विशेष कार्यक्रम, हिमाल, सुदूरपश्चिम, कर्णाली लगायत पिछडिएका क्षेत्रहरूमा उत्पादन र उत्पादकत्व वृद्धिका लागि विशेष कार्यक्रम, महिला उद्यमशीलता प्रवर्धनका लगायतका कार्यक्रम मार्फत समानुपातिक, सन्तुलित र समन्यायिक विकास, सुशासन एवं समृद्धिको लक्ष्य हासिल गर्न बजेट तर्जुमा गरिएको विषय बजेटका प्राथमिकता तथा क्षेत्रगत विनियोजनबाट पनि प्रस्ट नै हुन्छ। माननीयज्यूहरूले बजेट निर्वाचन क्षेत्रमुखी र छरिएको भनी उठाउनु भएको सवालमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा व्यावहारिक र प्रतिफल प्राप्त होस् भन्ने उद्देश्यले सङ्घ, प्रदेश र स्थानीय तहमा आयोजनाहरूको दोहोरोपना हुन नदिने, ठुला आयोजना सङ्घबाट कार्यान्वयन गर्ने, मझौला प्रकृतिका आयोजनाहरू प्रदेशबाट र साना आयोजनाहरू स्थानीय तहबाट कार्यान्वयन गर्ने विषयमा दृढ रहेको विश्वास दिलाउँछु। वित्तीय हस्तान्तरण अन्तर्गत ससर्त अनुदान तर्फका कतिपय आयोजनाहरू सम्पन्न गर्ने कार्यका लागि केही आयोजना तथा कार्यक्रमहरूमा कम रकम देखिए पनि रु. तिन करोड भन्दा कम रकम विनियोजन भएका आयोजनाहरू सम्भव भए सम्म प्रदेश

तथा स्थानीय तहबाटै कार्यान्वयन गरिने बेहोरा पुनः जानकारी गराउन चाहन्छु। बजेट तर्जुमा गर्दा प्रचलित ऐन, कानुन, बजेट तर्जुमा दिग्दर्शन एवं स्वीकृत प्रणाली अनुरूप विषयगत मन्त्रालयहरूको समन्वयमा अर्थमन्त्रालयबाट हुने गर्दछ। जनताका माग सम्बोधन गर्न विकास आयोजना तथा कार्यक्रमलाई प्राथमिकताका आधारमा विनियोजन गरी कार्यान्वयन गर्ने विश्वास दिलाउन चाहन्छु। बजेट तर्जुमा प्रणालीमा विद्यमान कमी कमजोरीमा निरन्तर सुधारका लागि प्रतिबद्ध छु। र यसमा माननीयज्यूहरूको रचनात्मक सुझाव र सहयोगको अपेक्षा गरेको छु।

अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूले अन्य विषयगत मन्त्रालयसँग सम्बद्ध विनियोजन शीर्षकहरूका बारेमा समेत प्रश्न गर्नुभएको छ। ति विषयहरूमा सम्बन्धित मन्त्रालयहरूका मन्त्रीज्यूहरूले स्पष्ट पारिसक्नुभएको छ। समग्रमा भन्नु पर्दा बजेट पाँच उद्देश्य, पाँच प्राथमिकता, आर्थिक सुधारका पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्र निर्धारण गरी लक्षित उद्देश्य हासिल गर्न विभिन्न मन्त्रालयका कार्यक्रम तर्जुमा भई बजेट विनियोजन गरिएको कुरामा म पुनः जोड दिन चाहन्छु। विनियोजन विधेयकका सम्बन्धमा मैले प्रस्तुत गरेको संक्षिप्त जवाफबाट माननीयज्यूहरूले उठाउनु भएका सवालहरूको संबोधन भयो होला म भन्ने ठान्दछु।

सम्माननीय अध्यक्षज्यू, अहिले विकसित राजनीतिक घटनाक्रम र त्यसबाट उत्पन्न परिस्थितिका कारण धेरै भन्दा धेरै मन्त्रालयहरू सम्माननीय प्रधानमन्त्रीज्यूको जिम्मेवारीमा छन्। र सम्माननीय प्रधानमन्त्रीको जिम्मेवारी उहाँको कार्यव्यस्तताको कारण उहाँका तर्फबाट मैले यहाँ उल्लिखित मन्त्रालयहरूका जवाफहरू राखें। र यस जवाफका सन्दर्भमा माननीयज्यूहरूले उठाउनु भएका विषयहरू संबोधन भए भन्ने मैले विश्वास लिएको छु। यति नै भनेर म मेरा भनाइ यहीं अन्त्य गर्छु। धन्यवाद।

(१४:११ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले दिनु भएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु।

स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु।

(१४:११ बजे)पुनः पीठासीनः-सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१४:१२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; रक्षा मन्त्रालय; राष्ट्रपतिको कार्यालय; उपराष्ट्रपतिको कार्यालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालयसँग सम्बन्धित विनियोजन विधेयक, २०८१ माथिको विनियोजन शीर्षकमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण माग गर्न कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; रक्षा मन्त्रालय; राष्ट्रपतिको कार्यालय; उपराष्ट्रपतिको कार्यालय; प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगको सचिवालय सम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, "विनियोजन विधेयक, २०८१" अन्तर्गत मन्त्रालयगत विभिन्न शीर्षकहरूमाथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, "विनियोजन विधेयक, २०८१" अन्तर्गत मन्त्रालयगत विभिन्न शीर्षकहरूमाथि माननीय सदस्यहरूले राख्नुभएको खर्च कटौतीका प्रस्तावहरूलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, सर्वप्रथम, माननीय किरण बाबु श्रेष्ठद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८१ अन्तर्गत "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्" भनी राखु भएको खर्च कटौतीको प्रस्ताव प्रस्तुत फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।

(१४:१४ बजे)माननीय श्री दुर्गा गुरुङ (नेपाली काँग्रेस):- माननीय किरण बाबु श्रेष्ठको तर्फबाट म दुर्गा गुरुङ बोल्दै छु। माननीय किरण बाबु श्रेष्ठले उद्योग, वाणिज्य मन्त्रालयको बजेट विनियोजनमा खर्च कटौती प्रस्ताव राखिएकोमा उक्त प्रस्ताव फिर्ता नलिने बेहोरा सम्माननीय अध्यक्षज्यू मार्फत अनुरोध गर्दछु।

(१४:१४ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय किरण बाबु श्रेष्ठले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव उहाँको तर्फबाट माननीय दुर्गा गुरुङले फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय किरण बाबु श्रेष्ठले राख्नुभएको उक्त खर्च कटौतीको प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब म, माननीय कमला पन्तद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८१ अन्तर्गत "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्" भनी राख्नु भएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।

(१४:१५ बजे)<u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस):-</u> सम्माननीय अध्यक्षज्यू, मैले जुन शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस् भनेर प्रस्ताव राखेँ र मैले मौलिक हकका धेरै कुराहरूमा पनि मैले आफ्नो विचारहरू राखेको थिएँ। कुनै पनि कुरा संशोधित नभएको कारणले गर्दा तथा संशोधन नगरिएको कारणले गर्दा म यो प्रस्तावलाई फिर्ता नलिने अनुरोध गर्दछु।

(१४:१६ बजे)<u>सम्माननीय अध्यक्षः</u>- माननीय कमला पन्तले पेस गर्नुभएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीका प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय कमला पन्तले राख्नुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म, माननीय पदम बहादुर परियारलाई प्रस्तुत विनियोजन विधेयक, २०८१ अन्तर्गत "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्" भनी राख्नु भएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।

(१४:१७ बजे)<u>माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस):-</u> सम्माननीय अध्यक्ष महोदय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीले खर्च कटौतीको सन्दर्भमा दिनुभएको जवाफ तर्कसँगत र तथ्यगत नदेखिएको कारण म यो प्रस्ताव फिर्ता नलिने जानकारी गराउँदछु। धन्यवाद।

(१४:१७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय पदम बहादुर परियारले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय पदम बहादुर परियारले राखुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म, माननीय आनन्द प्रसाद ढुंगानाद्वारा प्रस्तुत विनियोजन विधेयक, २०८१ अन्तर्गत “कृषि तथा पशुपंक्षी विकास मन्त्रालय शीर्षकको खर्च रकमलाई घटाइ एक रुपैयाँ कायम गरियोस्” भनी राखु भएको खर्च कटौतीका प्रस्तावहरू फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।

(१४:१८ बजे)<u>माननीय श्री आनन्द प्रसाद ढुंगाना (नेपाली काँग्रेस):-</u> मैले कृषि मन्त्रालय अन्तर्गत खर्च कटौतीको प्रस्ताव राखेको थिएँ। त्यो प्रस्तावमा मन्त्रीज्यूले जसरी जवाफ दिनुपर्थ्यो, जुन किसिमको कृषिमा चाहिँनी समस्याहरू थियो। त्यो समस्यालाई मैले राख्या थिएँ। तर त्यसको बारेमा केही पनि तथ्य, सत्य जवाफ नआएको हुनाले म खर्च कटौतीको प्रस्तावलाई फिर्ता गर्दिन। धन्यवाद।

(१४:१८ बजे)<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य आनन्द प्रसाद ढुंगानाले पेस गर्नुभएको खर्च कटौतीको प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त खर्च कटौतीका प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

-“हुन्न”

“हुन्न” भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले माननीय आनन्द प्रसाद ढुंगानाले राखुभएको उक्त खर्च कटौतीका प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८१" को दफा २ देखि १२ सम्म र सोसँग सम्बन्धित अनुसूची १ र २ "विनियोजन विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ विधेयकको दफा २ देखि १२ सम्म र सोसँग सम्बन्धित अनुसूची १ र २ सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८१" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

"प्रस्तावनाः आर्थिक वर्ष २०८१/८२ को सेवा र कार्यको लागि सङ्घीय सञ्चितत कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन सम्वत् २०८१ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।"

माननीय सदस्यहरू, अब म, विधेयकको प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८१ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८१" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म, माननीय अर्थमन्त्री वर्षमान पुनलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८१ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्ने समय उपलब्ध गराउँछु।

(१४:२२ बजे)<u>माननीय अर्थ मन्त्री श्री वर्षमान पुनः-</u> सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त विनियोजन विधेयक, २०८१ लाई पारित गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:२२ बजे)<u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, अब म, यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८१ लाई पारित गरियोस्" भन्ने प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "विनियोजन विधेयक, २०८१" सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री वर्षमान पुनलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेस गर्ने समय उपलब्ध गराउँछु ।

(१४:२३ बजे)<u>माननीय अर्थमन्त्री श्री वर्षमान पुनः-</u> सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न केही महसुल, कर, शुल्क र दस्तुर लगाउन, लगाइराखेकोलाई चालु राख्न, हेरफेर गर्न तथा राजस्व प्रशासन सम्बन्धी प्रचलित केही नेपाल कानुनलाई संशोधन गर्नका लागि यो विधेयक पेस गर्नुपरेको हो। यो विधेयकले राजस्व, कर शुल्क, महसुल र दस्तुरको निर्धारण त्यस्तो राजस्व, कर, शुल्क, महसुल तथा दस्तुरको दर बढाउन, घटाउन वा आंशिक वा पूरै छुट दिने व्यवस्थाको अलावा अन्तः शुल्क, मूल्य अभिवृद्धि

कर, स्वास्थ्य जोखिम कर, शिक्षा सेवा शुल्क, पूर्वाधार विकास कर, सडक निर्माण दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर, चलचित्र विकास शुल्क, प्रदूषण नियन्त्रण शुल्क, टेलिफोन स्वामित्व शुल्क, दूरसञ्चार सेवा दस्तुर, क्यासिनो रोयल्टी, सामाजिक सुरक्षा कोष, विद्युतीय सेवा कर, विलासिता शुल्क, वैदेशिक पर्यटन शुल्क तथा वैदेशिक रोजगार सेवा शुल्क हरित कर सम्बन्धी व्यवस्था लगायतका कर, शुल्क, दस्तुर निर्धारण गर्ने व्यवस्था समेतलाई समेटेको छ। यसको अलावा मदिरा ऐन, २०३१, मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तःशुल्क ऐन, २०५८ र भन्सार ऐन, २०६४ मा समय अनुकूल संशोधन गर्न समेत प्रस्ताव गरिएको छ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:२५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव उपर छलफलमा भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, माननीय अर्थमन्त्री वर्षमान पुनले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री वर्षमान पुनलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:२७ बजे)<u>**माननीय अर्थमन्त्री वर्षमान पुन:-**</u> सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८१।०८२ को निमित्त नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न नेपाल सरकारले राष्ट्र ऋण उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक प्रस्तुत गर्नु परेको।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०८१” माथि विचार गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:२७ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डायससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्ताव उपर छलफलमा भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, माननीय अर्थमन्त्री वर्षमान पुनले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

-“हुन्छ”

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “राष्ट्र ऋण उठाउने विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री वर्षमान पुनलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “भन्सार महसुल विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:२९ बजे)<u>माननीय अर्थमन्त्री श्री वर्षमान पुनः-</u> सम्माननीय अध्यक्ष महोदय, नेपालबाट निकासी हुने र नेपालभित्र पैठारी हुने वस्तुमा भन्सार महसुल लगाउने र असुल गर्ने तथा भन्सार विन्दुबाट वस्तु निकासी वा पैठारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने महसुल सम्बन्धी प्रचलित कानुनलाई संशोधन र एकीकरण गरी भन्सार महसुलका दरहरू तोक्ने र महसुल सुविधा प्रदान गर्ने सम्बन्धमा छुट्टै ऐनको व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रस्तुत विधेयक पेस गर्नु परेको हो। प्रस्तुत विधेयकले निकासी पैठारी हुने हार्मोनाइज्ड प्रणाली बमोजिमको वस्तुको वर्गीकरण तथा सङ्केतीकरण गरिएका वस्तुमा लाग्ने भन्सार भहसुल दर तोक्ने, भन्सार सेवा दस्तुर र कृषि सुधार शुल्क लगायतका महसुल तोक्नुका साथै विदेशि मुलुकसँग गरिएको सन्धि, सम्झौता बमोजिम कुटनीतिक सुविधा वा महसुल छुट दिने लगायतका व्यवस्था गरेको छ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “भन्सार महसुल विधेयक, २०८१” माथि विचार गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:३० बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त “भन्सार महसुल विधेयक, २०८१ माथि विचार गरियोस्” भन्ने प्रस्ताव माथिको छलफल

प्रारम्भ हुन्छ। यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव उपर छलफलमा भाग लिन कुनैपनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, माननीय अर्थमन्त्री वर्षमान पुनले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "भन्सार महसुल विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, आर्थिक विधेयक, २०८१, राष्ट्र ऋण उठाउने विधेयक, २०८१ र भन्सार महसुल विधेयक, २०८१ माथि सुझाव पेस गर्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम राष्ट्रिय सभा तर्फको विधेयक शाखामा सुझाव पेस गर्न सक्नुहुने बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल असार २३ गते आइतबार बिहान ११ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल असार २३ गते आइतबार बिहान ११ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

स्थगितः १४:३३ बजे।